# सुत्तनिपात अट्ठकथाको

# खग्गविसाण सुत्र

## (प्रत्येकबुद्धहरूको वर्णन)

पूज्य ज्ञानपुर्णिक महास्थविरद्वारा
विश्वशान्ति विहारमा
देशना गर्नुभएकोलाई
नेपाली भाषामा (अनुदित)

Dhamma.Digital

सम्पादक तथा अनुवादक
**धर्मरत्न शाक्य "त्रिशूली"**
शंखमूल चोक, नयाँ बानेश्वर

Downloaded from http://dhamma.digital

# सुत्तनिपात अट्ठकथाको
# खग्गविसाण सूत्र
## (प्रत्येकबुद्धहरूको वर्णन)

पूज्य ज्ञानपूर्णिक महास्थविरद्वारा
विश्वशान्ति विहारमा
देशना गर्नुभएकोलाई
नेपाली भाषामा (अनुदित)

Dhamma.Digital

सम्पादक तथा अनुवादक
**धर्मरत्न शाक्य "त्रिशूली"**
शंखमूल चोक, नयाँ बानेश्वर

Downloaded from http://dhamma.digital

प्रकाशकः–
**धर्मराज लामा**
प्रयाग पोखरी, ललितपुर ।
फोन नं. ५५५०९६८

प्रकाशन गर्न अर्थ सहयोगीहरूः–
**नुर्बु लामा, खडगसिं लामा, मंगलसिं तामाङ, बसन्त तामाङ, रीता तामाङ, इश्वरी तामाङ, अरूण तामाङ, तेजबहादुर तामाङ, इन्द्रकुमारी तामाङ, चन्द्रबहादुर तामाङ, बलबहादुर हमाल, रामकुमार राई, बुवलक्ष्मी राणा ।**

प्रकाशन तिथिः–
**बुद्ध सम्बत्** २५४९
**नेपाल सम्बत्** ११२५
**विक्रम सम्बत्** २०६२
**इस्वी सम्बत्** २००५

पहिलो संस्करणः– १०००

मूल्यः– ४०।-

मुद्रणः–
बागमती छापाखाना
गाबहाल, ललितपुर, फोन नं. ५५३३८४७

Downloaded from http://dhamma.digital

# केही कुरा

यो "खग्गविसाण-सूत्र" खुद्दकनिकायको १५-ग्रन्थहरूमध्ये पाँचौं ग्रन्थ सुत्तनिपातको उरगवग्गादि पाँच वग्गहरूमा पहिलो उरगवग्गको तेश्रो "सुत्त" हो । यस सुत्तमा विशेष रूपले ४० जना प्रत्येकबुद्धहरूको नैष्क्रम्य गुणको राम्रो वर्णन भइराखेको छ । यस सूत्रमा नैष्क्रम्य गुणधर्म वृद्धि गरी के कसरी धर्मसंवेग उत्पन्न गराई भौतिक जगतको दुर्गुणहरूलाई ज्ञानचक्षु प्रज्ञाचक्षुद्वारा अवलोकन गरेर अत्यन्त शान्त शीतल अवस्थामा पुग्न सकिन्छ, पुग्न हुन्छ; कसरी प्रत्येक बोधित्व हस्तगत हुन्छ; त्यसको स्पष्ट वर्णन गरिराखेको हामी पाउँछौं । सुत्तनिपात अट्ठकथाको आधारमा बुझ्ने गरिकन व्याख्या पनि यसमा भइराखेको छ ।

विभिन्न प्रकारका सांसारिक भयावह त्राशदिपूर्ण स्थितिहरू र संवेगजनीय घटनाहरूको दिग्दर्शन यस सूत्रमा राम्ररी प्रदर्शन गरिएको हामी पाउँछौं । ती विषयहरूलाई सही दृष्टिद्वारा अध्ययन गर्नु, चिन्तन मनन गर्नु, भाविता गर्नु मानव मात्रको लागि लाभदायक छ, कल्याणकारक छ, मंगलमय छ ।

यस किसिमको उचित र योग्य चिन्तन मननले गर्दा मानिसको मन पापक अकुशल धर्ममा रमाउँदैन र शुद्ध, स्वच्छ, निर्मल विचारधारा बोकिहिंड्दा उसको मन बाह्य दूषित वातावरणद्वारा आकर्षित हुँदैन । जसले गर्दा सचेतता र सजगता अपनाउन उसलाई सजिलो हुनजान्छ । वास्तविक जीवनको सत्य तथ्य बुझ्न असलाई अप्ठेरो पर्दैन र जीवन मुक्तिको पथतिर ऊ दृढचित्तले अगाडि बढ्न



Downloaded from http://dhamma.digital

सक्छ र धर्मसंवेग उत्पन्न गराई सही मार्गमा लम्कन उसलाई गाऱ्हो पर्दैन। साथै यस सूत्रमा उल्लेखित प्रत्येकबुद्धहरूको भावनालाई बुझ्न ऊ सक्षम हुनजान्छ। अनि एकसिंगे गैंडा जस्तै भएर एक्लै रमाउनसक्ने कायविवेक र चित्तविवेक प्राप्त गरी प्रीति, सुख, एकाग्रतालाई साथमा राखी ऊ, परम शान्तिको अनुभूति लिएर अमन चयनमा तल्लीन हुनसक्दछ।

यसरी आजकालको जटिल अवस्था हत्या, हिंसा, आतंक, अन्याय, अत्याचार, भ्रष्टाचार, द्वेष, कोप, क्रोध, ईर्ष्या, मान, पद, प्रमाद, लोभ, मोह, तृष्णा, अविद्या आदिले जकडिएको ग्रसित, त्रसित, अस्तव्यस्त जीवन स्थितिबाट अलग्गिएर, टाढिएर तटस्थ रूपमा आफूलाई राखी संयमित, सन्तुलित, शमित, दमित जीवन जिउन सहज हुनजान्छ। यस सूत्रको अध्ययन मननको र अभ्यासको उपादेयता पनि यसैमा निहित छ।

यही 'सुत्तनिपात' पालिको 'खग्गविसाण-सुत्त' लाई सर्वप्रथम नेपालभाषामा व्याख्या सहित भाषान्तरण र सम्पादन गरी निकाल्नु भइसकेको उपासक धर्मरत्न शाक्य "त्रिशूली" ले अहिले आएर नेपालीभाषामा पनि रूपान्तरण गरी नेपाली बौद्ध बुद्धिजीवीहरूको हृदय पटलमा नैष्क्रम्य गुणधर्मले भरेको प्रत्येकबुद्धहरूको परिचय भरिदिन अगाडि सार्नु भएको छ। महत्त्वपूर्ण क्रिया नै भयो।

शारीरिक दृष्टिकोणले आफू अस्वस्थ भए बाबजूद पनि त्यसलाई पर्वाह नगरी जुनरूपले वहाँले सम्यक्सम्बुद्ध तथागतको शुद्ध, स्वच्छ, निर्मल धर्मलाई आधार बनाएर बुद्धोपदेशको उपचारले मनलाई स्वस्थ पारी दृढ संकल्पित भई आफ्नो शरीरलाई हिलोमाटोबाट



Downloaded from http://dhamma.digital

कमल फूल फुलाउने जस्तै फुलाउने काम गरिरहनु भएको छ, त्यो अति नै सराहनीय कुरो हो । वहाँको सत्प्रयास सफल हुँदै जाओस् र त्रिरत्नको आनुभाव प्रभावले वहाँको स्वास्थ्य पनि दिन दुईगुणा रात चौगुणा राम्रो हुँदै जाओस् भन्ने शुभाभिलाषालाई अगाडि सार्दै वहाँलाई यथायोग्य सहयोग प्रदान गर्नुहुने अन्य व्यक्तिहरूप्रति पनि हार्दिक आभार एवं शुभेच्छा प्रकट गर्दै आफ्नो केही कुरा यहिं टुंग्याउँदै छु ।

चिरं तिट्ठतु जिनसासनं !

भिक्षु ज्ञानपूर्णिक महास्थविर

विश्वशान्ति विहार
मीनभवन, नयाँ बानेश्वर
काठमाडौं, नेपाल ।
मितिः २०६२।४।२५



Downloaded from http://dhamma.digital

# दुई शब्द

भगवान् बुद्धको देशना अनुसार तीन प्रकारका बुद्धहरू मध्ये सम्यक्सम्बुद्ध भनी दीपंकरादि २८ तथागतहरू र श्रावक बुद्ध भनी सम्यक्सम्बुद्धको शासन छँदा उहाँको उपदेश सुनेर जानी बुझी आचरण गरी क्लेशबाट मुक्त हुनुभएका सारिपुत्र, महामौद्गल्यायन आदि क्षीणाश्रव अर्हत्‌हरू भनी बताइएको छ। परन्तु प्रत्येकबुद्धको विषयमा उहाँहरूका नामका अतिरिक्त यति मात्र सुन्न पाइन्छ कि– सम्यक्सम्बुद्ध उत्पन्न नहुने शून्यकल्पमा र बुद्धशासन अन्त भइसकेपछि पनि चतुरार्यसत्यलाई स्वयं आफैले साक्षात्कार गरी प्रत्येकबुद्धत्व लाभ गर्नुहुने भन्ने मात्र। अरू उहाँहरूको विषयमा कुनै कुरा सुन्न पाइएको थिएन।

फेरि लोकमा प्रत्येकबुद्धत्व लाभ गर्नुभएका सयौं हजारौं एकै समयमा भेला हुनुभई अनेक धारणी, सूत्रहरू पाठ गर्नुहुन्छ भन्ने कुरा धारणी र सूत्र पाठलाई महत्त्व दिइएको कुरा पनि यहाँ अनेक धारणी सूत्रमा वर्णन गरिएको छ। तैपनि प्रत्येकबुद्ध भनेका कस्ता हुन्, कस्तो आचरण गरी प्रत्येकबुद्ध हुन्छन्, प्रत्येकबुद्धहरू कहिले कहिले मात्र उत्पन्न हुन्छन्, उहाँहरूको पारमिता कस्तो हो, दिनचर्या कस्तो हो भन्ने कुरा सुन्न नपाइएको हुनाले त्यस विषयमा जिज्ञासा छँदैथियो। सौभाग्यबश पूज्य ज्ञानपूर्णिक महास्थविरबाट विश्वशान्ति विहारमा सुत्तनिपात देशनालाई प्रशिक्षण दिनुभएको अवसरमा आफूले पनि सुन्ने अवसर प्राप्त भयो। सोही बेला यस खग्गविसाण सूत्रको वर्णन सुनेर आफूलाई जिज्ञासा भइराखेको प्रत्येकबुद्धको विषयमा उपदेश सुन्दै नोट गर्दै लगें।



Downloaded from http://dhamma.digital

लोकमा बुद्धशासन नभएको बेलामा वा शासन अन्त भइसकेपछि पनि कुनै एउटा विषयलाई आरम्मण ग्रहण गरी वैराग्य उत्पन्न गरी विपस्सना भावना बृद्धि गरी ज्ञान लाभ गर्नुभएका, आफूले विस्तृतरूपले देशना नगर्ने भएर पनि दान शील भावनादि कुशल पुण्यक्रियामा उदाहरणीय भई, दुःखबाट मुक्त हुने मार्गमा प्रेरक बन्ने प्रत्येकबुद्धहरूले प्रत्येकबोधि पूरा गर्न दुइअसंख्य र एकलाख कल्पसम्म पारमिता धर्म पूरा गर्न पूर्वयोगावचर व्रत पूर्ण गरी तथागतको शासनमा प्रव्रजित भई आरण्यक बनी गतप्रत्यागत व्रत पूर्ण गरी श्रमणधर्म पूरा गर्नुभएकाले मात्र प्रत्येकबुद्ध हुनसक्ने वर्णन सुनेँ। अनि यो कुरा सबैले बुझ्नुपर्ने हो भन्ने मनले ठानी त्यस उपदेशलाई सम्पादन गरेँ।

हुनत त्रिपिटकमा अन्य प्रत्येकबुद्धहरूको नाम र वर्णन इसिगिलि सूत्र आदि अनेक ठाउँमा उल्लेख भएको छ, तैपनि यस खग्गविसाण सूत्रमा मात्र उल्लेखित ४५ जना प्रत्येकबुद्धहरूको वर्णनबाट यस सम्बन्धमा निकै बोध हुनेछ भन्ने सोची सो पुस्तक वि.सं. २०५८ सालमा आफैले नेपालभाषामा प्रकाशित गरेको थिएँ।

अहिले कल्याणमित्र श्री धर्मराज लामाज्यूले सो पुस्तक अध्ययन गरी यसलाई नेपालीमा पनि अनुवाद गरिदिनुभए नेपालभाषा नबुझ्नेलाई पनि यस कुराको बोध हुनेछ भनी आग्रह गर्नुभएको हुनाले पुनः यसलाई नेपालीमा लेखी प्रस्तुत गरेको छु।

यस पुस्तकलाई नेपालीमा रुपान्तर गर्दा भाषा सम्बन्धी सहयोग गर्ने श्री लक्ष्मीनाथ अधिकारीज्यू तथा आफ्नो अमूल्य मन्तब्य दिनुभई प्रोत्साहित गर्नुहुने पूज्य ज्ञानपूर्णिक महास्थविरज्यू प्रति आभार व्यक्त गर्दछु। साथै यस पुस्तक नेपालीमा रुपान्तरण गर्न प्रेरणा दिई



Downloaded from http://dhamma.digital

प्रकाशनको समेत व्यवस्था गर्नुभएकोमा श्री धर्मराज लामा तथा उहाँका सहयोगी मित्रहरूलाई पनि धन्यवाद नदिइरहन सक्दिनँ।

अन्तमा हामीले गौतम तथागतको शासन छँदैमा मार्ग फल प्राप्त गर्न सक्नु पर्ने हो। कुनै कारण प्राप्त गर्न सकिएन भने मैत्रेय तथागत उत्पन्न हुने समयमा मनुष्य जुनि लाभ गरी अवश्य मार्ग फल प्राप्त गर्न सकोस्। त्यस्तै लोकमा प्रत्येकबोधि चर्या पूर्ण गरी प्रत्येकबुद्ध हुने आकांक्षा गरिरहेका बोधिसत्त्वहरूले पनि तथागतको शासनमा प्रव्रजित भई पारमिताधर्म पूर्ण गर्न एकान्तवासको महत्त्व बुझी गतप्रत्यागत व्रत पूर्ण गरी भविष्यमा प्रत्येकबुद्धत्व लाभ गर्न सकुन् भन्ने कामना गर्दछु। अस्तु।

२०६१ साल .......... धर्मरत्न शाक्य "त्रिशूली"

शंखमूल चोक, नयाँ बानेश्वर।



Downloaded from http://dhamma.digital

# धर्मराज लामाको संक्षिप्त परिचय

धर्मराज लामाको जन्म ल.पु.व.नं १२ को चक्रवर्ण महाविहार भित्र वि.सं.२०००।१।१२ मा भएको हो। उनका बाज्ये काग्युर्पा लामाका नर्बु लामा र चिनियाँ लामा दुईछोरा मध्ये जेठो नर्बुलामाकी धर्मपत्नी कमला लामाको गर्भबाट धर्मराज लामा जेठो छोरो हुनुहुन्छ। काग्युर्पा लामाले धर्मराज लामालाई निकै माया गरेर आफूले जाने बुझेसम्मको शिक्षा दीक्षा दिई जजमानहरूकहाँ कर्मकाण्ड गर्न जाँदा पनि साथै लगी अभ्यास गराउनुहुन्थ्यो।

काग्युर्पा लामा स्वर्गे भएपछि ७ वर्षको उमेरमा विद्यालयमा भर्ना भई ४ कक्षासम्म अध्ययन गर्नुभयो। तमाखु पसले याकः गुभाज्यूले निकै माया गरी टच्यूसनमा जोड, घटाउ, गुणन र भागसम्म सिकाउनुभयो। ९ वर्षको उमेरमा लामा अक्षर पनि पढे। १० वर्ष पुग्दा आमा पनि स्वर्गे हुनुभयो र ११ वर्षकै उमेरदेखि मन नलागिकन नैं लामापाथी उठाउन जानुपऱ्यो। ११ वर्षको उमेरमा एउटा तिब्बतिएन लामा नेपालमा आउँदा बुबा नर्बु लामाले छोरालाई पढाउन भनी उनका साथ लगाई दिए। त्रिशूलीको बाटो हुँदै ठाउँ ठाउँको गाउँमा पस्दै भिक्षाटन गर्दै पाठ पूजा गर्दै प्राप्त भएको दानबाट बाटोखर्च गर्दै अवतारी लामा पेन्छेन् रिम्पोछे बस्नुभएको टासिल्हुम्पो नामको गेलुक्पा गुम्बामा पुगे। त्यहाँ बस्न नमिलेको हुनाले पहिले जस्तै भिक्षाटन गर्दै फर्केर त्रिशूली पुगी त्यहाँबाट मुक्तिनाथ तर्फ लागे। परन्तु वर्षाद लागेको हुनाले मनाङ्गबाटै फर्की पाटन आउनुपऱ्यो।



Downloaded from http://dhamma.digital

गुरू चारधाम घुम्न जाने भएकोले पाटनमा ठाउँ ठाउँमा भिक्षाटन गर्दै खर्च जम्मा गरी गुरूसंगै चारधाम यात्राको निम्ति प्रस्थान गरी चारधामका अतिरिक्त भारतको प्राय: तीर्थस्थान र प्रमुख शहरहरू घुम्दै पठानकोटको धर्मशाला दर्शन गरी तिब्बेतन रिपोली क्याम्पमा बस्न गए। परन्तु बुद्धधर्म पढन भनी गएको धर्मराज कुल्लुमनाली भन्ने ठाउँमा पुग्दा गुरू समेत सबैले भिक्षुको भेष बदली कुल्लीको काम गर्नुपर्‍यो। तैपनि धर्मराज सबभन्दा कान्छो भएको हुनाले उनलाई ठेकेदारले काम दिन चाहेन। केहीदिन बिनाज्याला काम गरेपछि उनको साहसिलो काम गराई देखेर काममा राखे। गतिलो कामको खोजि गर्दै काम बदल्दै केही पैसा कमाई पछि ब्यापारतिर अघिबढे। सोही क्रममा एकजना खाम्पा साहुसंग सम्पर्कमा आएपछि रेफेजी क्याम्पको मेनेजरले उनलाई दोभासेमा नियुक्त गरे।

पढ्न भनी आएको धर्मराजलाई कुल्ली, ब्यापारी, दोभासे भएर कमाउने काम मन नपरेपछि मेनेजरलाई अनुरोध गरी धर्मशालाबाट तिब्बेतन कर्मचारीहरूले नाम लेखेर लगे। ६ महिना पछि तिनीहरूले हाईस्कूलमा राख्नुको सट्टा देहरादून ब्रेकोटा भन्ने रिँगरूट तालिममा राखिदियो। धर्मको शिक्षा लिन भनी आएको ब्यक्ति आर्मीको तालिममा बस्न करै लाग्यो। त्यहाँ उनले सिंगनल अपरेटर, मेकानिक, मेडिकल, सर्जिकल, डेन्टल, पेराजाम र अन्य विभिन्न तालिम लिई बिरामीहरूको सेवा, डाक्टरको सेवा गर्दै तिब्बतको सीमाना हिमालतिर ४ वर्ष यात्रा गरी २ साताको बिदामा घर फर्के।

घर पुगेपछि बुबाको आग्रहमा घरको धन्दामा लागे। ३ वर्ष पछि बिहे भयो। बिहेपछि अनेकौं परिश्रम गर्न करै लाग्यो। चित्रको



Downloaded from http://dhamma.digital

काम, थाङ्काको काम, मूर्तिमा रङ्ग लगाउने काम गरे। ४२ वर्षको उमेर पुग्दा २ छोरा र १ छोरी भए। जति धन बढ्दै गयो साथै चिन्ता पनि बढ्दै गयो। मौका पारेर ४२ सालमा पुनः बौद्ध चारधाम घुम्न गए। त्यतिबेला निकै संवेग उत्पन्न भयो। ४ महिना पछि खड्गसिं लामासंग भेटेपछि बुद्धधर्मका दीघनिकाय, मज्झिमनिकाय, संयुक्त निकाय, अध्ययन गर्दै लगे। संघरक्षिता गुरुमाँ र मागन्धी गुरुमाँसंग परिचित भयो। मागन्धी गुरुमाँ ध्यानी भएको र आफू पनि बाल्यकाल देखिनै ध्यान गर्न अभिरुचि भएको हुनाले ध्यानतिर लम्के। आफूले पाएको ज्ञान सन्तानहरूले पनि पाउने भनी दुवै छोराहरूलाई आनन्दकुटी विहारमा लगी प्रव्रज्या संस्कार दिलाई छोरीलाई पनि मागन्धी गुरुमाँ कहाँ १० दिन राखे।

दुवै छोरालाई मैत्री भन्तेले श्रीलंका पठाउन पासपोर्ट समेत बनाइसके पनि त्यसबेला श्रीलंकामा उग्रवादीहरूको कारणले गर्दा सफल हुन सकेन। छोराहरूलाई बुद्धधर्म अध्ययन गराउन नपाए पनि आफू विपस्सनामा लागी जीवन सुधार गर्नतिर अग्रसर भएका धर्मराज लामा बौद्धग्रन्थ प्रकाश गर्न इच्छुक छन्। भिक्षुहरूको सेवा गर्न तत्पर छन्। उनले धर्मचक्र सूत्र, चतुरार्यसत्य पुस्तक प्रकाश गरेका छन्। अहिले पनि यो सुत्तनिपात अन्तर्गतको खग्गविसाण सूत्र अर्थात् प्रत्येकबुद्धहरूको जीवन कथा पूज्य बुद्धघोष महास्थविरकहाँ अध्ययन गर्न जाँदा यसबाट प्रभावित भई उहाँको अनुमति प्राप्त गरी प्रकाश गर्नुको निम्ति नेपालीभाषामा अनुवाद गराई साथीहरूको समेत सहभागितामा प्रकाश गर्नु प्रशंसनीय काम हो। यस्तै उनी सदैव सद्धर्म प्रचार प्रसार एवं पालन गर्नुमा दत्तचित्त होउन्। अस्तु।



Downloaded from http://dhamma.digital

# मन्तब्य

विज्ञजनमा विदितै छ कि भगवान् बुद्धले बुद्धत्व प्राप्त गरिसकेपछि महापरिनिर्वाण हुनु अधिका ४५ वर्षसम्म दिनुभएका उपदेशरत्न (बुद्धवचन) हरूको महान संग्रह **त्रिपिटक** हो। जुन *(१. सुत्त पिटक, २. विनय पिटक, ३. अभिधम्म पिटक गरी)* ३ भागमा विभक्त छ। ती मध्ये सुत्त पिटकका ५ निकाय मध्येको पाँचौं ग्रन्थ **खुद्दक निकायका** १५ भाग मध्येको पाँचौं भाग सुत्तनिपात अट्ठकथाका (१. उरगवर्ग, २. चूलवर्ग, ३. महावर्ग, ४. अट्ठकवर्ग र ५. पारायणवर्ग गरी) ५ वर्ग मध्ये प्रथम उरगवर्गभित्रका (१. उरगसूत्रवर्णन, २. धनियसूत्रवर्णन, ३. खड्गविषाणसूत्रवर्णन, ४. कसिभाद्वाजसूत्रवर्णन, ५. चुन्दसूत्रवर्णन, ६. पराभवसूत्रवर्णन, ७. अग्निक भारद्वाजसूत्रवर्णन, ८. मैत्रीसूत्रवर्णन, ९. हेमवतसूत्रवर्णन, १०. आलवकसूत्रवर्णन, ११. विजयसूत्र वर्णन, १२. मुनिसूत्रवर्णन गरी) १२ सूत्रवर्णनहरू मध्येको तेश्रो **खग्गविसाणसुत्त** भित्र जम्मा ४१ सूत्र तथा प्रत्येक सूत्रको एक एक अर्थकथा र स्पष्टिकरण समेत दिइएको छ। ती अर्थकथाहरूमा ४१ जना प्रत्येकबुद्धले आफूहरू प्रत्येकबुद्ध भएका घटनाहरू सुनाएर मानिसहरूमा संगतले काम, क्रोध, लोभ, मोह आदि विकारहरूका साथै दुःख उत्पन्न गर्ने हुनाले ससंगत त्याग गरी एउटा मात्र सिङ हुने गैंडा झैं एक्लै विचरण गर्दा दुःख कष्टबाट मुक्ति मिल्ने सुझाउ दिइएको छ।

मूल पालि भाषामा लेखिएका उक्त ग्रन्थहरूका अट्ठकथा र टीका आदिको (हिन्दी, सिंहली, मरम्म, थाई, कम्बोजी, रोमन आदि



Downloaded from http://dhamma.digital

विभिन्न लिपिमा) धेरै पहिले नै रूपान्तरण भएतापनि धेरैजसो ग्रन्थहरूको नेपाली भाषामा अनुवाद हुन अझै बाँकी रहेको अवस्थामा श्रद्धेय विद्वान श्री धर्मरत्न शाक्य "त्रिशूली" ज्यूले सोही कमिलाई हटाउने अति प्रशंसनीय अभियान थालेर नेपाली भाषाभाषी बौद्धधर्म ग्रन्थका जिज्ञासुहरूलाई ठूलो गुण लगाउनुभएको छ। यस पुनीत कार्यको लागि उहाँप्रति हार्दिक आभार व्यक्त गर्दछु। उहाँको यस अभियानले निरन्तरता पाइरहोस् र धेरै धेरै बौद्ध ग्रन्थहरू नेपाली भाषामा पढ्न पाइयोस् भन्ने कामना गर्दछु। भगवान् बुद्धका महमान् उपदेशरत्नहरू मध्येको एक रत्न खग्गविसाणसुत्तको यो नेपाली अनुवाद बौद्ध भिक्षुहरूका लागिमात्र नभई सबै जिज्ञासुहरूका लागि अति महत्त्वपूर्ण ग्रन्थ रहेको कुरा निवेदन गर्दै यसको अध्ययन, चिन्तन मनन र अनुकरणले सहृदयी पाठकवर्गको जीवनमा पक्कै पनि महान परिवर्तन ल्याउने कुरामा पनि म पूरापूर विश्वस्त भएको कुरा नम्र निवेदन गर्दछु।

॥ भवतु सब्ब मंगलम् ॥

Dhamma Digital

**लक्ष्मीनाथ अधिकारी**
उपाध्यक्षः– अन्तर्राष्ट्रिय बौद्ध समाज
लुम्बिनी



Downloaded from http://dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

# प्रत्येकबुद्ध

(१)

भगवान् बुद्धले लोकमा तीन प्रकारका बुद्धहरूको वर्णन गर्नुभएको छ । त्यो होः– सम्यक्सम्बुद्ध, प्रत्येकबुद्ध र श्रावकबुद्ध । दीपंकर तथागतदेखि लिएर अहिलेसम्म उत्पन्न हुनुभएका गौतम बुद्धसम्म जम्मा २४ बुद्धहरूलाई सम्यक्सम्बुद्ध भनिन्छ, त्यस्तै तथागत सम्यक्सम्बुद्धको शासन भएको बेलामा उहाँले प्रवर्तन गर्नुभएको धर्मलाई आचरण गरेर क्लेशलाई जरैसमेत नरहने गरी उखेली क्षीणाश्रव हुनुभएका सारिपुत्र मौद्गल्यायन प्रमुख सम्पूर्ण क्षीणाश्रव अर्हत्हरूलाई श्रावकबुद्ध भनिन्छ । त्यस्तै नै सम्यक्सम्बुद्ध उत्पन्न नहुने शून्यकल्प र बुद्धशासन अन्त भइसकेपछि पनि चतुरार्यसत्यलाई स्वयं आफैले साक्षात्कार गरी क्लेशबाट मुक्त भई क्षीणाश्रव हुनुभएकालाई प्रत्येकबुद्ध भनिन्छ ।

जस्तो सम्यक्सम्बुद्ध हुने पुद्गलले सम्यक्सम्बुद्धसंग नै बुद्ध हुनुलाई प्रार्थना गर्नुपर्ने आठवटा अभिनिहार पूर्ण गरी तीसवटा पारमिता पूर्ण गरी पञ्चमहापरित्याग र त्रिचर्या पूर्ण गरी बुद्धत्व लाभ गर्नुपर्ने हो, त्यस्तै नै बुद्ध उत्पन्न नहुने शून्यकल्पमा प्रत्येकबोधि ज्ञान प्राप्त गरी प्रत्येकबुद्ध हुने पुद्गलले पनि पारमिता पूर्ण गरी प्रार्थना गरी, पूर्वयोगावचर भएर आउनुपर्ने हुन्छ । त्यसकारण चाहे सम्यक्सम्बुद्ध होस् चाहे प्रत्येकबुद्ध होस्, चाहे श्रावकबुद्ध होस् यिनीहरूले प्रार्थना पनि गर्नुपर्छ, पारमिता पनि पूर्ण गर्नुपर्छ, यो नभइकन कुनै पनि सम्यक्सम्बुद्ध, प्रत्येकबुद्ध, श्रावकबुद्ध हुन सक्दैन ।



Downloaded from http://dhamma.digital

सम्यक्सेम्बुद्ध हुने बोधिसत्त्व प्रज्ञाधिक बोधिसत्त्व भएमात्र चार असंख्य र एकलाख कल्प पूरा गरी पारमिता पूर्ण गर्दछन्। श्रद्धाधिक र वीर्याधिक बोधिसत्त्व भए आठ असंख्य र एकलाख कल्प अनि सोन्ह असंख्य र एकलाख कल्पसम्म पारमिता पूर्ण गरेर मात्र सम्यक्सम्बुद्ध हुन सक्छन्। त्यस्तै नै प्रत्येकबुद्ध हुने बोधिसत्त्वले दुइ असंख्य र एकलाख कल्पसम्म पारमिता पूर्ण गरेर मात्र प्रत्येकबुद्ध हुन सकिन्छ। यसरी पारमिता पूर्ण नगरिकन प्रत्येकबुद्धत्व प्राप्त गर्न सकिंदैन। सम्यक्सम्बुद्धको अभिनिहार अङ्ग आठवटा भएजस्तै प्रत्येकबुद्ध हुनेको पनि अभिनिहार अङ्ग पाँचवटा छन्। ती हुन्:-

मनुस्सत्तं लिङ्गसम्पत्ति, विगतासव कारणा।
अधिकारो छन्दता एते, अभिनिहारकारणा॥
(बुद्धवंस २.५९)

१. *मनुस्सत्तं*= मनुष्य जीवनमा रहेर नै प्रार्थना गर्नुपर्छ, देव ब्रह्मा आदि भएर होइन।

२. *लिङ्गसम्पत्ति*= पुरुषजाति भएर नै प्रार्थना गर्नुपर्छ, स्त्री, नपुंसक वा उभयलिङ्गी भएर होइन।

३. *विगतासवदस्सनं*= आश्रव रहित भैसकेका सम्यक्सम्बुद्ध, प्रत्येकबुद्ध आदिहरूको दर्शन तथा उहाँहरूको सन्मुखमा प्रार्थना गर्नुपर्छ।

४. *अधिकारो*= सम्यक्सम्बुद्ध हुनेले जस्तै प्रत्येकबोधि प्राप्त गर्ने पुद्गलसंग पनि प्राण समेत त्याग गर्ने क्षमता हुनुपर्छ।

५. *छन्द*= अधिपति गुणले युक्त भएको छन्द हुनुपर्छ। यति पाँच प्रकारका अङ्ग पूरा गरी प्रार्थना गरे मात्र प्रार्थना पूर्ण हुने हुन्छ।



Downloaded from http://dhamma.digital

फेरी जस्तो सम्यक्सम्बुद्ध हुने पुद्गल अन्तिम जन्ममा क्षत्रीय वा ब्राह्मण कुलमा जन्म लिन्छन्, प्रत्येकबुद्ध हुने पुद्गल पनि क्षत्रीय, ब्राह्मण र गृहपति कुलमा मात्र जन्म लिन्छन्। प्रत्येकबुद्धहरू बुद्ध उत्पत्ति नहुने शून्यकल्पमा र बुद्धशासन नभएको समयमा मात्र जन्म ग्रहण गर्छन्। त्यस्तै संवर्त–कल्प= कल्प विनाश हुने कालमा जन्म ग्रहण गर्न आउँदैनन्। विवर्त–कल्प= कल्प बनेर आइरहेको कल्पमा मात्र जन्म ग्रहण गर्छन्।

***बोधिसत्त्वहरू यी अठार अभव्व स्थानमा जन्म ग्रहण गर्दैनन्***

१. *जन्मान्ध*= जन्मैदेखि कानो, अन्धो भएर जन्म गहण गर्दैनन्।
२. *जन्मबधिर*= जन्मैदेखि बहिरो भएर जन्म गहण गर्दैनन्।
३. *उन्मत्त*= बहुला हुँदैनन्।
४. *एलमूगो*= लाटो बहिरो भएर जन्म गहण गर्दैनन्।
५. *न पीठसप्पी*= न घस्रने भएर जन्म गहण गर्छन्।
६. *न मिलक्खु उप्पज्जति*= न बर्बर भएर जन्म गहण गर्छन्।
७. न दासीको गर्भबाट जन्म हुन्छ।
८. न नियतमिथ्यादृष्टि हुन्छ।
९. न लिङ्ग परिवर्तन हुन्छ।
१०. *पञ्चानन्तर्य कर्म* (पञ्चमहापाप) गर्दैनन्।
११. कुष्ठरोगी हुँदैनन्।
१२. पशु भएपनि बट्टाईं भन्दा सानो र हात्तीभन्दा ठूलो भएर जन्म हुँदैनन्।
१३. भोक प्यासले कष्टपूर्वक जीवनयापन गर्ने प्रेत भएर जन्मिदैनन्।
१४. *कालकञ्जिक* असुर भएर पनि जन्मिदैनन्।
१५. अवीची नरकमा जाँदैनन्।



Downloaded from http://dhamma.digital

१६. लोकान्तर नरकमा जाँदैनन्।

१७. देवलोकमा पनि वशवर्ती मार भएर जन्मिदैनन्।

१८. रूपावचर ब्रह्मलोकमा पनि १६ वटा ब्रह्मलोक मध्ये असञ्ञासत्त र सुद्धावास ब्रह्मलोकमा जन्मिदैनन्। अरूप ब्रह्मलोकमा पनि जन्मिदैनन्। जम्बुद्वीप नभएको चक्रवालमा पनि जन्म ग्रहण गर्दैनन्। यसरी १८ वटा स्थानमा बोधिसत्त्वहरू *"अभब्ब स्थान"* भएको हुनाले जन्म ग्रहण गर्दैनन्। कारण– यस्तो ठाउँमा जन्मियो भने लोक उपकार गर्न सकिदैन।

त्यस्तै बुद्ध हुने धर्म चार प्रकारका छन्। ती हुन्–

१. *उस्साह*= उत्साही, वीर्यवान् अङ्गले पूर्ण भएको हुन्छ। काम गर्छु भनेपछि कहिल्यै पछि नहट्ने हुन्छन्।

२. *उमङ्ग*= काम गर्दा उमङ्ग अर्थात् त्यसको गुण दोष राम्रोसंग हेरी विचार गरेर मात्र गर्ने हुन्छ।

३. *अवत्थान*= अधिष्ठान पूर्वक गर्ने हुन्छ, बीचमा छोड्ने हुँदैन।

४. *हितचरिया*= बोधिसत्त्वहरूले गरिने काम मूल्याङ्कन गरेर हितचर्या मात्र गर्ने हुन्छ। ती कार्यहरूमा मैत्री भइरहन्छ। यी चार गुणलाई नै बुद्धभूमि भनिन्छ।

फेरी बोधिसत्त्वहरूमा यी छवटा अज्झासय भइरहन्छ–

१. *नेक्खम–अज्झासय*= भित्रि मनैदेखि यस कार्य त मैले गर्नुपर्ने नै हो भनी गर्नेहुन्छ। तृष्णा वा आफूलाई फाइदा गर्नुको निम्ति गर्दैन। केवल *"छन्द"* कार्य पूरा गर्ने इच्छाले मात्र गर्छ। कतुकम्यता= केवल गर्नुपर्ने हुनाले गर्ने भावले मात्र गर्ने हुन्छ। यी अज्झासय मध्ये पहिलो नैष्क्रम्य भनिएको पञ्चकामगुण प्रति दोष देखेर निस्कने स्वभाव भएको हुन्छ।



Downloaded from http://dhamma.digital

२. *पविवेक–अज्भासय*= एकान्तमा बस्ने अभ्यास हुन्छ। हुलमुलमा बस्न मनपराउँदैन।

३. *अलोभ–अज्भासय*= लोभ लालचदेखि अलग्ग भएर बस्ने स्वभाव भइरहन्छ।

४. *अदोस–अज्भासय*= नरिसाउने स्वभाव भइरहन्छ। द्वेषबाट मुक्त हुने चाहना भइरहन्छ।

५. *अमोह–अज्भासय*= अमोह गुणले युक्त भइरहन्छ। उमङ्गले युक्त भइरहन्छ, अमोह गुणले युक्तभए हुन्छ भन्ने चाहना गरेर काम गर्ने हुन्छ।

६. *निस्सरण–अज्भासय*= छिटो छिटो भवचक्रबाट मुक्त हुन पाए हुन्छ भन्ने चाहना पनि भइरहने हुन्छ।

यी छ प्रकारका अज्भासयलाई अगाडि राखी काम गर्ने आन्तरिक छन्द *"अज्भासय"* बोधिसत्त्वहरूमा भइरहन्छ।

प्रत्येकबुद्धहरूले सम्यक्सम्बुद्धले जस्तै अरूलाई धर्म देशना गरेर बोध गर्दैनन्, आफूले मात्र ज्ञान लाभ गर्छन्। उनीहरूले लोकुत्तर धर्मलाई प्रज्ञप्तिमा ढालेर धर्मोपदेश गर्दैनन्, केवल श्रमण जीवन राम्रोसंग बिताउने उपदेश मात्र गर्न सक्छन्। यो उनीहरूको प्रार्थना *"छन्द"* अनुसार नै हुने हो। लाटोले सपनामा देखेकोलाई शब्दले व्यक्त गर्न नसके जस्तै आफूले लाभ गरेको बोधिज्ञानले अरूलाई पनि बोध गर्न सक्दैनन्।

प्रत्येकबुद्ध एक्लै बस्न अत्यन्त इच्छा गर्ने हुनाले उनीहरू गन्धमादान पर्वतमा मन्जुसक बृक्ष मुनि रत्नमाल भन्ने ठाउँमा नै उपोसथ गर्छन्। प्रत्येकबुद्धहरूलाई सम्पूर्ण ऋद्धि, समापत्ति, सम्भिदा–प्रभेद प्राप्त हुन्छ। गुण विशिष्ठता मात्र सम्यक्सम्बुद्धहरूको भन्दा कम र श्रावकहरूको भन्दा उच्चस्तरमा पुगेको हुन्छ।



Downloaded from http://dhamma.digital

प्रत्येकबुद्धहरूको यी कुराको उत्पत्तिको विषय "सुत्तपिटक खुद्दकनिकाय अन्तर्गत १५ औं भाग मध्ये सुत्तनिपातको खग्गविसाण सूत्र" अट्ठकथा अनुसार यस्तो छ –

एक समय भगवान् बुद्ध श्रावस्तीमा विहार गर्नुभएको थियो । त्यसबेला आयुष्मान् आनन्द ध्यानमा बसिरहेकोबेलामा मनमा यस्तो वितर्क उत्पन्न भयो– "सम्यक्सम्बुद्ध हुनको निम्ति सुमेध ऋषिले जस्तै प्रार्थना गरेको पनि देखिन्छ, अभिनिहार गरेको पनि देखिन्छ, पारमिता पूर्ण गरेको पनि देखिन्छ । त्यस्तै सारिपुत्र आदि अग्रश्रावक महाश्रावक तथा अन्य श्रावकहरूले पनि पारमिता पूर्ण गरेको देखिन्छ परन्तु प्रत्येकबुद्धहरूले यसरी प्रत्येकबुद्ध हुनलाई प्रार्थना गरेको र तदनुसार काम गरेको देखिंदैन । यो कुरा भगवान् बुद्धसंग सोध्नुपर्‍यो ।" यसरी मनमा विचार गरी, वितर्क उत्पन्न गरी, ध्यानबाट उठी भगवान्कहाँ गई अभिवादन गरी सोधे । त्यसबेला भगवान् बुद्धले यो कुरा यथाक्रमले बताउनु भयो ।

"आनन्द, जसले पूर्वयोगावचर भनिएको विपस्सना ध्यान भावना गर्छ, त्यसलाई पाँचवटा आनिसंस (फल) प्राप्त हुन्छन् । ती के के हुन् भने–

१. दिट्ठधम्म भनी यहाँको यहीं नै फल दिन्छ ।

२. तुरुन्त समय नबित्दै मार्गज्ञान प्राप्त गर्न नसके पनि मरणकालमा प्राप्त गर्नेछ ।

३. मरणकालमा प्राप्त गरी लिन सकिएन भने अप्रमादी भएर मृत्यु हुने कारणले गर्दा दोस्रो जन्ममा देवपुत्र भएर मार्गज्ञान फलज्ञान प्राप्त गर्नेछ ।

४. पहिले योगाभ्यास पूर्ण गरी आएको भए बुद्धहरूसंग सन्मुख हुने बेलामा खिप्पाभिञ्ञा प्राप्त गरी लिन सकिने हुन्छ ।



Downloaded from http://dhamma.digital

५. त्यसरी बुद्धसंग सन्मुख हुन पाइएन, बुद्ध प्रादुर्भाव भएको बेलामा जन्मन पाइएन भने अन्तमा प्रत्येकबुद्ध हुन सकिन्छ।

यसरी प्रत्येकबुद्ध हुने पूर्वयोगावचर पूर्ण गरी आएको हुनाले तिनीहरूले प्रत्येकबुद्धत्व प्राप्त गर्नेछन्। प्रत्येक बोधिसत्त्वभूमि पूरा गर्न दुइअसंख्य र एकलाख कल्पसम्ममा पारमिताधर्म पूरा गरी, तथागतको शासनमा प्रव्रजित भई, आरञ्ञक भई, गतप्रत्यागत व्रत पूरा गरी, श्रमणधर्म पूर्ण गर्नुपर्छ, नत्र प्रत्येकबोधित्व प्राप्त गर्न सकिँदैन।

गतप्रत्यागत व्रत भनेको "हरण पच्चाहरण" भनी चार प्रकारका श्रमण धर्म मध्ये गतप्रत्यागत व्रत पूरा गर्न सके मात्र मार्ग फल लाभ गर्न सकिने, यस्ताले नै प्रत्येकबुद्धत्व लाभ गर्न सकिने हुन्छ। यो कुरा सुत्तपिटकको खग्गविसाण गाथा व्यक्त गर्ने प्रत्येकबुद्ध कसरी गतप्रत्यागत व्रत पूर्ण गरी प्रत्येकबुद्ध भए भन्ने विषयमा उल्लेख भएको छ।

उनले काश्यप तथागतको समयमा प्रव्रजित भएर २०,००० वर्षसम्म गतप्रत्यागत व्रत पूर्ण गरी त्यहाँबाट परलोक भई मनुष्यलोकको वाराणसी देशमा वाराणासी राजाको अग्रमहिषीको गर्भमा प्रतिसन्धि ग्रहण गरे। समय भएपछि भाग्य तथा गुणले सम्पन्न छोराको जन्म भयो। राजा खुशी भई उसलाई ६६ वटा धाईआमा राखी लालन पालन गरी हुर्काए। १६ वर्षको बैश पूर्ण हुने बित्तिकै उनलाई राज्याभिषेक दिएर ब्रम्हदत्त भन्ने नै नाम दिएर राजा बनाए। परन्तु राज्यसुख प्राप्त भए पनि कसिण भावना गरेर पाँच अभिज्ञा र आठवटा समापत्ति प्राप्त गरी लिए।

एकदिन बिहानै भोजन पछि न्यायालयमा बसिरहेको बेलामा



Downloaded from http://dhamma.digital

राजाङ्गणमा निकै कोलाहल हुने गरी कराएको शब्द सुने । यस्तो शब्द आएको हुनाले न्यायालयबाट राजप्रासादमा उक्लिई समापत्तिमा बस्न भनी जाँदा समापत्तिमा बस्न सकिएन । अनि विचार गरे– "मेरोनिम्ति राज्य ठूलो कि श्रमणधर्म ठूलो" यसरी बिचार गर्दा श्रमणधर्म नै ठूलो राज्यसुख सानो, यसमा अनेक आदिनव छ, श्रमणधर्म उत्तम पुरुषहरूले मात्र प्राप्त गर्छन् भनी जानेर एकजना अमात्यलाई "धार्मिक नियम पूर्वक राज्य संचालन गर" भनी राज्यभार सुम्पी राजप्रासादमा एकान्त ठाउँमा स्नानगर्न, दतिउन गर्न र भोजन दिन भनी एक दुईजना मात्र सेवकहरू राखी समापत्ति–सुखमा बसीरहे ।

दुई हप्ताजति भएपछि महारानीले सोधिन्–"भो अमात्य ! महाराजलाई देख्दिन नि ! कता पाल्नुभयो ?" अमात्यले "भो महारानी ! महाराजले मलाई राज्यभार सुम्पी दिनुभएको हुनाले मैले नै राज्य गरिरहेको छु" भने । अनि महारानीले "राजाले तिमीलाई राज्यभार दिएको भए तिमीले मसंग पनि सम्पर्क राख" भनिन् । महारानीको कुरा सुनेर अमात्यले त्यसलाई स्वीकार गरेन । दुई तीन पटक भन्दा पनि नमाने पछि "यदि तिमीले मैले भनेको कुरा मान्दैनौ भने निकालिदिन्छु, प्राणसम्म पनि विनाश गरिदिन्छु" भनेपछि स्त्रीहरूले आफूले भनेको कुरा मानेन भने साँचै नै विनाश गर्लि भनी डराई एकदिन अन्तपुरमा महारानीसंग सम्पर्क राख्न गए । महारानीसंग डराई डराई सम्पर्क राख्दै झन् झन् सम्पर्क बलियो हुदै जाँदा क्रमशः आफ्नो घरको दम्पति जस्तै निर्भय पूर्वक नै सम्पर्क गर्ने भए ।

राजपुरुषहरूले यस कुरालाई जानेर एकदिन राजालाई



Downloaded from http://dhamma.digital

बिन्ती गरे । राजाले त्यसलाई वास्ता गरेनन् । दुई तीन पटक बिन्ती गरेपछि आफूले पनि हेर्दा साँचो ठहर भएपछि अमात्यहरू सबै जम्मा गरे । अमात्यहरूले "यो राज अपराधी हो, यसलाई हात खुट्टा काटेर शूलीमा राख्नुपर्छ" भने । परन्तु राजाले यसलाई बन्धनमा राखेर कष्ट दिँदा ममा हिंसा चित्त उत्पत्ति हुनेछ, प्राणदण्ड दिँदा प्राणातिपात हुनेछ, सम्पत्ति हरण गर्दा अदिन्नादान हुनेछ, भन्ने विचार गरेर "यसलाई राज्यबाट निष्कासन गर" भनी आदेश दिए । उनी आफ्नो धन सम्पत्ति र परिवार लिएर अर्कै राज्यमा बस्न गए ।

अर्को राज्यको राजाले किन आएको भनी सोध्दा तपाईंको सेवा गर्ने इच्छाले आएको भनी राजाको विश्वासपात्र भई रहे । विश्वासपात्र भइसकेपछि एकदिन राजालाई भने– "महाराज !, वाराणसी राज्य आज भोलि माहुरी नभएको चाका जस्तै असुरक्षित छ । त्यसलाई आफ्नो अधीनमा लिएर उपभोग गर्नु हवस्" भनी सल्लाह दिए । राजाले पत्याएन, दुई तीन पटक भनेपछि राजाले परीक्षाको निम्ति चोरहरू पठाई सुरुङ्ग खन्दै राजा शयन गर्ने अन्तपुरसम्म पनि चोर्न पठाए । राजाले देखेर किन आएको भनी सोध्दा चोर्न आएको भनेपछि तिनीहरूलाई धन दिएर "अब फेरी यस्तो नगर्नू" भनी छाडीदिए । चोरहरू फर्केर राजालाई यो कुरा बताउन गए । यसरी दुई तीन पटक चोर्न लगाउँदा पनि यस्तै क्रमले छाडिदिएपछि यो राजा साँचै नै सोझो रहेछ, शीलवान् रहेछ भनी चतुरङ्गिनी सेना जम्मा गरी राज्यको सीमाना भित्र एउटा नगरमा पुगी अमात्यहरूले दूतद्वारा राजालाई खबर दिन पठाए ।

ब्रह्मदत्त राजाले किन युद्ध गर्ने, नगर नै छाडिदिन्छु भने ।



Downloaded from http://dhamma.digital

तिनीहरूले नगर कब्जा गर्दै अर्को नगरमा पनि त्यस्तै नै दूत पठाई भन्न पठाए। त्यहाँ पनि अमात्यहरूले भन्न गए। ब्रह्मदत्त राजाले तिनीहरूलाई पनि "युद्ध गर्दिन वाराणसीमा आऊ" भने। अनि अमात्यहरूले ब्रह्मदत्त राजालाई भने "महाराज ! त्यससंग त युद्धै गर्नु पर्छ।" राजाले भने "मैले प्राणीहिंसा गर्ने हुन्छ" भने। अमात्यहरूले हामीलें राजालाई जिउँदै बन्दी बनाएर ल्याउँछौं भनी नाना प्रकारले उपाय गर्ने बिन्ती गरेपछि राजाले "साँचै नै तिमीहरूले मार्ने, लुट्ने, कुट्ने नगर्ने हो भने म पनि तिमीहरूकै साथ आउँछु" भनी बचन दिए। अमात्यहरूले "गर्दैनौ महाराज केवल तर्साएर भगाउँछौं" भनी चतुरङ्गिनी सैन्य जम्मा गरी बत्तीको प्रकासलाई घडाले छोपी, राती नै सैन्यहरू अघि बढाएर लगे।

विरोधी राजा त्यसदिन वाराणसीको नजिकको नगर लिई रमाउँदै प्रमादी भई "यत्तिका राज्य जितेर लिँदा पनि केही नगर्ने राजा" भनी निर्धक्क भई मस्तले निदाइरहे। सैन्यहरू पनि त्यस्तै गरी आराम साथ निदाइरहे। सोही बेला अमात्यहरूले राजालाई लिएर विरोधी राजाको शिविरमा प्रवेश गरी, छोपिराखेको घडा उघारी एकै चोटी प्रकाश फैलाई, सैन्यहरूलाई एकै चोटि भयंकर शब्द निकाल्न लगाई आक्रमण गर्दा सबै हतोत्साह भए। प्रतिद्वन्द्वी राजाका अमात्यहरूले यस वातावरण र सैन्यहरू देखी आफ्ना राजाकहाँ गई "उठ्नुहवस् महाराज माहुरी नभएको महको चाका खानुहवस्" भनी भन्न गए। ती राजा पनि त्यस महाशब्द सुनी निन्द्राबाट जागी "अर्काको कुरा सुन्दा अमित्रको-हातमा पऱ्यो" भनी चिन्ता लिई भोलिपल्ट यिनी ब्रह्मदत्त राजा धार्मिक हुन् क्षमा याचना गर्छु भन्ने मनमा राखी राजाकहाँ गएर क्षमा याचना गर्न



Downloaded from http://dhamma.digital

घुँडा टेकी आफ्नो अपराध स्वीकार गरी क्षमा मागे। ब्रह्मदत्त राजाले पनि "क्षमा भयो" भनी क्षमा गरे। यसरी वाराणसी राजाले बिना रक्तपात विरोधी राजालाई दमन गरी मित्रभाव राखी आपसमा सहायक बने।

यसपछि ब्रह्मदत्त राजाले दुवै सैन्यहरू एकै ठाउँमा राखेको देखी "यी जनताहरूले म एकजनाको चित्तलाई रक्षा गर्न एकथोपा रगत बगाउन नपर्ने व्यवस्था गरी काम सफल गरे साधु ! साधु ! सम्पूर्ण सत्त्वहरू सुखी होउन्, शत्रु नभएका होउन्, रोग नभएका होउन् भनी मैत्री भाव राखी त्यसलाई नै आधार तुल्याई संस्कारलाई सम्मस्सन गरी, ध्यान बृद्धि गरी अनित्य, दु:ख, अनात्म भावना बृद्धि गर्दै त्यहीं नै प्रत्येकबुद्धत्व प्राप्त गर्नुभयो।

प्रत्येकबुद्ध भइसकेपछि हात्तीमाथि बसेर नै मार्ग–फल सुखलाई अनुभवगरी चूप लागिरहेको हुनाले अमात्यहरूले "महाराज ! विजयी भएका सैन्यहरूलाई सत्कार गर्नु हवस्, पराजित सैन्यहरूलाई खान पीनको निम्ति आज्ञा दिनुहवस्" भनी प्रार्थना गरे। त्यसबेला राजाले "म अब राजा होइन, प्रत्येकबुद्ध भइसकें" भने। अमात्यहरूले महाराज, के यस्तो भेषमा पनि प्रत्येकबुद्ध हुन्छ र ! भनेपछि दाहिने हात उचाली टाउकोमा छोएर हेर्दा सोही बेला गृहस्थभाव अन्तर्ध्यान भई प्रत्येकबुद्धको भेष उत्पन्न भयो। टाउकोमा दुई अंगुल मात्र कपाल, जुँगा दारी नभई अष्टपरिष्कारले युक्त भए। अनि उहाँ चतुर्थध्यानमा प्रवेश गरी क्रमशः उत्रँदै आकाशमा कमलमाथी बस्नुभयो।

त्यसबेला अमात्यहरूले तपाईंले कसरी कुन कर्मस्थान भावना गरी प्रत्येकबुद्धत्व लाभ गर्नुभएको भनी सोधेपछि "मैले मैत्री



Downloaded from http://dhamma.digital

भावना कर्मस्थानलाई आधार गरेर भावना बृद्धि गरें" भनी यो गाथा व्यक्त गर्नुभएको हो ।

सब्बेसु भूतेसु निधाय दण्डं,
अविहेठयं अञ्ञतरंपि तेसं ।
न पुत्तानिच्छेय्य कुतो सहायं,
एको चरे खग्गविसाणकप्पो ॥१॥

अर्थ– सम्पूर्ण प्राणी प्रति दण्ड त्याग गर, अन्य कसैलाई पनि त्राश नदेउ, छोराकै इच्छा नगर, साथीहरूको त कुरै छैन । गैंडा जस्तै एक्लै विचरण गर ।

यसरी राजा प्रत्येकबुद्ध भई प्रव्रजित भेष भएपछि अमात्यहरूले भने– भन्ते ! अब तपाई प्रत्येकबुद्ध हुनुभएपछि के गर्नुहुन्छ ? प्रत्येकबुद्धले सोधे– प्रत्येकबुद्धहरू कहाँ बस्नुहुन्छ ? अमात्यहरूले भन्ते ! प्रत्येकबुद्धहरू गन्धमादान पर्वतमा बस्नुहुन्छ, भनेपछि आफू पनि त्यहीं जान्छु भनी प्रत्येकबुद्ध पनि गन्धमादान पर्वतमा अरू प्रत्येकबुद्धहरूसंगै बस्न जानुभयो । यही गाथा आयुष्मान् आनन्दलाई भगवान्ले आज्ञा गर्नुभएको सुत्तनिपातको खग्गविसाण सूत्रमा संग्रह भइरहेको छ ।

यसरी बुद्ध उत्पन्न नहुने कल्पमा र बुद्धशासन नभएको बखतमा एक एक निमित्त ग्रहण गरी ध्यान गरी, अनित्य दुःख अनात्म भावना बृद्धि गरी, आश्रव क्षय गरी, प्रत्येकबुद्धत्व लाभ गर्नु भएको उदाहरणहरू पालि त्रिपिटकमा खग्गविसाण सूत्र, इसिगिलि सूत्र आदि धेरै ठाउँमा वर्णन गरिएको छ । यसबाट थाहा हुन्छ कि लोकमा सम्यक्सम्बुद्ध उत्पत्ति हुने बेलामा असंख्य देव मनुष्यहरूले यथार्थ ज्ञान लाभ गरेर मुक्त हुने त भइहाल्यो । यदि पूर्व योगावचर



Downloaded from http://dhamma.digital

भएर गतप्रत्यागत व्रत पूरा गरिरहेका पुद्गलहरू भए बुद्ध उत्पन्न नहुने शून्यकल्पमा र बुद्धशासन नभएको बेलामा प्रत्येकबुद्ध भई लोकबाट तरी जाने पनि धेरै नै छन् भन्ने कुरा पनि पालि वाङ्मयमा उल्लेख छ। अस्तु।

Dhamma.Digital



Downloaded from http://dhamma.digital

# प्रत्येकबुद्धहरूले पालन गर्ने गतप्रत्यागत व्रतमा हरण पच्चाहरण व्रत

प्रत्येकबुद्धत्व लाभगर्ने बोधिसत्त्वले प्रत्येकबोधिसत्त्व – भूमि पूरा गर्न दुईअसंख्य र एकलाख कल्पसम्म पारमिता धर्म पूरा गर्नु पर्छ। त्यस्तै नै तथागतको शासनमा प्रव्रजित भएर गतप्रत्यागत व्रत पूरा गरी श्रमणधर्म पालन गर्नुपर्दछ। गतप्रत्यागत व्रत भनेको के हो भने *"हरण पच्चाहरण"* भनी लैजानु पनि पर्ने, ल्याउनु पनि पर्ने व्रत हो। यसरी *"हरण पच्चाहरण व्रत"* भनेको श्रमणधर्म चार प्रकारका छन्। ती के के हुन् भने–

१) कुनै भिक्षुले ध्यान भावनालाई लैजान्छ मात्रै, फर्काउँदैन। यसलाई *"हरति न पच्चाहरति"* भनिन्छ।

२) कुनै भिक्षुले ध्यान भावनालाई फर्काउँछ मात्रै, ल्याउँदैन। यसलाई *"पच्चाहरति न हरति"* भनिन्छ।

३) कुनै भिक्षुले ध्यान भावनालाई लिएर पनि जाँदैन, फर्कंदा पनि लिएर आउँदैन। यसलाई *"नेव हरति न पच्चाहरति"* भनिन्छ।

४) कुनै भिक्षुले ध्यान भावनालाई लैजान्छ पनि, फर्काउँछ पनि। यसलाई नै *"हरति पच्चाहरति"* अर्थात *"हरण पच्चाहरण व्रत"* भनिन्छ। यस व्रतलाई पूरा गर्ने नै प्रत्येकबुद्धत्व लाभ गर्ने हुन्छ।

१) *"हरति न पच्चाहरति"* मात्र लैजाने नफर्काउने कस्तो हुन्छ भने – त्यो भिक्षु बिहान सबेरै उठ्छ, चैत्य वा विहारमा गर्नुपर्ने भुईं बढार्ने आदि व्रत गरिसकेपछि बोधिवृक्षको वरपर



Downloaded from http://dhamma.digital

गर्नुपर्ने सफाई आदि काम गर्छ। बोधिबृक्षमा पानी राखिसकेपछि पिउने पानी घडामा भरी, पिउने पानी राख्नुपर्ने ठाउँमा राखी आफ्ना गुरुहरू, उपसम्पदा गरिदिने आचार्यहरूलाई गर्नुपर्ने व्रत पूरा गर्नुपर्छ।

यसरी आचार्य व्रत पूरा गरी ८२ प्रकारका साना साना र १४ प्रकारका ठूला ठूला व्रतहरू सबै पूरा गरी, त्यसपछि आफ्नो शारीरिक कृत्य गर्नुपर्ने काम गर्ने हुन्छ। त्यसपछि आफ्नो ठाउँमा गई ओछ्यान आदि उठाई ठाउँमा राखी, बाँकीरहेको समयमा ध्यान भावना गर्नुपर्छ। यो सिद्धिएपछि अन्तरावास पहिरी कायबन्धन बाँधी, उत्तरासंग ओढी, पात्र-चीवर काँधमा राखी चैत्य वा बोधिबृक्षमा वन्दना गरी, भिक्षाको निम्ति गाउँमा जान्छन्। गाउँमा पुग्नु अगावै चीवर पारूपन गरी, पात्र समाई, स्मृतिलाई नटुटाई पिण्डाचार गर्न जान्छ। यसलाई नै "हरति" भनेको हो।

यस्ता भिक्षुहरूलाई निमन्त्रणा पनि धेरै गर्ने हुन्छन्, धर्मशालामा पनि बोलाएर लान्छन्। त्यसबेला उपासकहरूले प्रश्न गर्न सक्छ। विहारमा पनि प्रश्नादि गर्न सक्छ, काममा पनि अल्मलाइदिने हुन्छ, जसबाट पहिले गरी आएको ध्यान भावना छुट्न सक्छ। काम धेरै हुनाले थाकेर पनि ध्यान भावना फेरि फर्काउन सकिँदैन। यसलाई नै ***"हरति न पच्चाहरति"*** भन्ने हो। परन्तु प्रत्येकबुद्धहरू यस्ता हुँदैनन्।

२) ***"पच्चाहरति न हरति"*** भनेको जाँदाखेरि लिएर जान नसके पनि फर्कँदा लिएर आउनेलाई भनिन्छ। त्यो कसो भने– एउटा भिक्षु रोगी भएको हुन्छ, उसले आफू वायु रोगी भएको कारण भोजन गर्नुभन्दा अगाडि गर्नुपर्ने व्रत कुनै पनि गर्न सक्दैन। कर्मस्थान



Downloaded from http://dhamma.digital

भावना पनि गर्न सक्दैन परन्तु वायु शमन गर्नको निम्ति औषधी वा यागु आदिको निम्ति गाउँमा भिक्षाचार गर्न जाँदा कर्मस्थान भावना विहीन भएर नै जान्छ। त्यहाँ आफूलाई चाहिने औषधी वा यागु आदि भोजन प्राप्त गरी भोजन गरी बिछ्याईराखेको आसनमा बसी, कर्मस्थान भावना गर्छ। अनि संस्कार बलियो भएका भए औषधी वा यागु भोजन सेवन गरेर रोग शान्त भएको कारणले कर्मस्थान भावनाद्वारा फर्केर विहारमा बस्ने बेलामा पनि आफ्नो कर्मस्थान भावना गरी नै रहने हुन्छ। यसलाई नै ***"न हरति पच्चाहरति"*** भनिन्छ वा ***"पच्चाहरति न हरति"*** भनिन्छ।

यसरी औषधी सेवन गर्दै यागु आदि सेवन गर्दै मार्ग–फल प्राप्त गर्ने अल्याख नै छन्। लंका द्वीपमा त्यसरी औषधी यागु आदि सेवन गर्दै कर्मस्थान भावना गर्दै अर्हत फल प्राप्त गरी लिनु भएको स्थान वा आसनहरू धेरै नै छन्। मार्ग–फल प्राप्त नगरेको आसन नै छैन भन्छन्।

३) ***"नेव हरति न पच्चाहरति"*** भनी जाँदाखेरी पनि लिएर नजाने, फर्कदाखेरि पनि लिएर नआउनेलाई भनिन्छ। यस्ता भिक्षुहरूलाई प्रमादी भनिन्छ। यस्ताले ***ग्रन्थधूर*** वा ***विपस्सनाधूर*** भनी दुइवटा मध्ये एउटा पनि बहन नगरेका, यस्तालाई ***"निखित्तधुरो"*** फालिएको वा बिसाएको भारी भनिन्छ। यस्ताले भएभरको व्रत बिगारी, पाँच प्रकारका ***चेतोखिल*** (चित्तको काँढाको झारबाट) काँढा बिझाई, बन्धनले बाँधिएको चित्तहुने भई विचरण गर्दै ***कम्मत्थान–मनसिकार*** रहित भई गाउँमा पिण्डाचार गई गृहस्थ प्रपञ्चबाट बेफुर्सदी भई खोक्रो भई फर्कने गर्छन्। यसलाई नै ***"नेव हरति न पच्चाहरति"*** भनिन्छ।



Downloaded from http://dhamma.digital

**पाँच प्रकारका चेतोखिल के के हुन् भने –**

१. भगवान् बुद्ध प्रति शंका उपशंका गर्ने ।

२. धर्म प्रति शंका उपशंका गर्ने ।

३. संघ प्रति शंका उपशंका गर्ने ।

४. शिक्षा प्रति शंका उपशंका गर्ने ।

५. संगै बसेका सब्रह्मचारी प्रति शंका उपशंका गर्ने ।

यी पाँच प्रकारका ***चेतोखिल*** (मानसिक काँढा) हुन्, यिनीहरू यिनै पाँच प्रकारका काँढा बिझाइरहेका भनिन्छन् ।

**पाँच प्रकारका बन्धन के के भने–**

१) छन्दराग उत्पन्न हुने क्लेशकाम, वस्तुकामलाई एक प्रकारको बन्धन भनिन्छ ।

२) आफ्नो शरीर प्रति छन्दराग भइरहने दोस्रो प्रकारको बन्धन भनिन्छ ।

३) बाहिरको शरीर प्रति छन्दराग भइरहने तेस्रो प्रकारको बन्धन भनिन्छ ।

४) मिठो मिठो खाई ग्रन्थधूर विपस्सनाधूरलाई वास्ता नगरी खानु पिउनु लाउनुमा मात्र सुख मानिरहने छन्दराग भइरहने चौथो प्रकारको बन्धन भनिन्छ ।

५) निर्वाणमुखी नभइकन आफूले आचरण गरिराखेको ब्रह्मचर्यलाई स्वर्ग आदिको निम्ति मात्र भनी छन्दराग भइरहने पाँचौं प्रकारको बन्धन भनिन्छ ।

यी पाँच प्रकारका काँढाले बिझाइरहेका र पाँच प्रकारका बन्धनले बाँधिएकाहरूले कर्मस्थान भावना नगरिकन खाने पिउने



Downloaded from http://dhamma.digital

लगाउने मात्र सेवन गरिरह्यो भने यिनीहरूलाई *तुच्छको*= खालि हात फर्कने, लान पनि नलाने, फर्काउन पनि नफर्काउने भनिन्छ।

यी तीनवटा मध्ये तेस्रो *"नेव हरति न पच्चाहरति"* मा नपरेका भिक्षुहरूले भएभरको व्रत पूरा गरी, भिक्षाटनको अवस्थामा पनि कर्मस्थान लिएर जाने जुन कर्मस्थान हो ती कर्मस्थानहरू समथ कर्मस्थान भनिकन ४० वटा र विपस्सना कर्मस्थान वा स्मृतिप्रस्थान हुन्।

यी पनि *सब्बत्थक* र *पारिहारिय* भनी दुई प्रकारका छन्। सब्बत्थक कर्मस्थान भनी मैत्री भावना र मरणानुस्मृति भावनालाई भनिन्छ। यसलाई समथ र विपस्सना जुनसुकै तरिकाले भावना गरेपनि यसलाई सर्वार्थसिद्ध हुने भावना भनिन्छ। किनभने मैत्रीको कारणले सम्पूर्ण प्राणीहरूको सहयोग प्राप्त हुन्छ। त्यस्तै नै मरणानुस्मृतिको कारणले भावना दृढ हुन्छ, जीवन प्रति आशक्त नभई भावनामा उन्नति प्रगति गर्न सकिन्छ।

पारिहारिय कर्मस्थान भनेको सधैभरि धारण गर्नुपर्ने– अनुस्मृति १० वटा, कसिण १० वटा, अशुभ १० वटा, र ववत्थान भनी चारवटा धातुलाई छुटयाउँदै लैजानेलाई भनिन्छ। किनभने सधैभरि भाविता गर्नुपर्ने रक्षा गरिराख्नुपर्ने हुनाले हो। यी चार धातु भनी पथवी, आपो, तेजो, वायु, अनि यी चार धातुबाट अलग भइरहेको आकाशधातु र यी धातुलाई जानी अनुभव गरी राख्ने विज्ञानधातु समेत ६ वटा धातु बाहेक हामीमा अरु केही छैन, यी बाहेक अर्को सत्त्व, आत्मा, पुद्‌गल भन्ने कुनै छैन, केवल शुद्ध संस्कारपुञ्ज मात्र हो भनी जानी लिने छुटयाउने नै चतुधातु ववत्थान हो। यसलाई नै पारिहारिक कम्मत्थान भनिन्छ। यसरी पथवी,



Downloaded from http://dhamma.digital

आपो, तेजो, वायुको उत्पत्ति र विलीन भइरहनेलाई र सोही धातु उत्पत्ति भएर आउने, चित्त चैतसिकहरू उत्पत्ति र विलीन भएर शारीरिक गतिविधि भएको भनी ती सबैमा अनित्य, दुःख, अनात्म हो भनी यस्तो कर्मस्थान भावनालाई मनन गर्दै गइरहने, भिक्षाटन र भिक्षाटनबाट फर्कने अवस्थामा पनि संगसंगै नै गइरहने हुनाले यी भावना पूरा गर्नेलाई वा यो भावनालाई *"हरति पच्चाहरति"* भनेको हो । यसरी गतप्रत्यागत व्रत पूरा गर्न सक्नेले नै प्रत्येकबुद्धत्व लाभ गर्न सकिन्छ, मार्ग–फल लाभ गर्न सकिने हुन्छ ।

## चतुधातु ववत्थान र हरण पच्चाहरण

ध्यान भावना गर्ने साधक साधिका योगीहरूले पारिहारिय कर्मस्थान भावना गर्दा विशेषगरी चतुधातु ववत्थान भनी चार धातुलाई छुटयाई लाने बेलामा पहिले सब्बत्थक भावना भनी मैत्री भावना वा मरणानुस्मृति भावना गरिसकेपछि अनि चरित्र अनुकूलको पारिहारिय कर्मस्थान भावना गर्नु पर्दछ । विशेष गरी चतुधातु ववत्थान कर्मस्थान भावना गर्दा शरीरमा भएका ६ प्रकारका धातुलाई पनि धातुस्वभाव अनुसार भाविता गर्नुपर्दछ ।

पथवी धातु भनी यस शरीरमा भएका– केसा, लोमा, नखा, दन्ता, तचो, मंसं, न्हारू, अट्ठि, अट्ठिमिज्जं, वक्कं, हदयं, यकनं, पिहकं, पप्फासं, अन्तं, अन्तगुणं, उदरियं, करिसं, र मत्थलुङ्गं सम्मका २० प्रकारका भागलाई विचार गरेर लैजाँदा सान्हो, कसिलो, खरो, स्वभावलाई पथवीधातु भनिन्छ ।

पित्तं, सेम्हं, पुब्बो, लोहित, सेदो, मेदो, अस्सु, वसा, खेलो, सिंघानिका, लसिका र मुत्तं सम्मको १२ प्रकारका भागलाई विचार



Downloaded from http://dhamma.digital

गरेर लैजाँदा त्यसलाई आबन्धन स्वभाव भनी ढिक्का पार्ने, डल्लो पार्ने स्वभावलाई आपोधातु भनिन्छ।

*उष्ण*= तातो भइरहने, *जीर्ण*= पाक भई जीर्ण हुने, *पाचन*= खाए पिएको वस्तु पच्ने, *दहन*= ज्वर आँउने आदि चार प्रकारका स्वभावलाई तेजोधातु भनिन्छ।

*उद्धङ्गम*= डकार आउने, *अधोगम*= तल मलद्वारबाट आउने, *कुच्छिसय*= पेटमा चलिरहने, *कोट्ठास*= कुनै एकठाउँमा रहने, *अङ्गमङ्गानुसारी*= शरीर भरी नै संचार भइरहने, र *अस्सासपस्सास*= सास लिने भनी ६ प्रकारका वायोधातु छन्। यसको माथि उठाउने, तल झार्ने, यता उता चलाउने, टन्न पार्ने, फितलो पार्ने आदि स्वभाव हुन्। यी वायोधातुलाई विचार गर्दा हुने त्यसको स्वभावलाई वायोधातु भनिन्छ। यी चारैवटा महाभूत तत्त्वहरू अलग भइरहने एउटा धातु पनि छ, त्यसलाई *आकाशधातु* भनिन्छ। यो आकाशधातु भएको हुनाले नै धातुहरू अलग अलग छुटयाउन सकिने हो।

फेरि यी धातुहरूलाई जानी अनुभव गरिरहने *विज्ञानधातु* भनिकन पनि एउटा छ। यी ६ वटा धातु बाहेक हामीमा अर्को केही छैन। केवल संस्कारपुञ्ज मात्र हो। आकाशधातु भनिएकोलाई कर्मस्थान भनी अनुभव गरी लिन सकिने धातु होइन। यो पथवी, आपो, तेजो, वायु जस्तै अनुभव हुने धातु होइन। यसबाट यस शरीरमा ६ प्रकारका धातु भए पनि कर्मस्थानको रूपमा भावना गर्दा चतुधातु भनिकन चारवटामा मात्र भावना गरिन्छ। फेरी आदि, मध्य, अन्त भनिकन तीनैकाललाई पनि जानेर ध्यानले युक्त भइरहनु पर्छ। यस्तो भएन, बुझेन भने त्यस्तालाई *अन्ध-पृथगजन* भनिन्छ। अन्ध पृथग्जनहरूले अगाडि बढिरहेकालाई पनि पछि हटिरहेकालाई



Downloaded from http://dhamma.digital

पनि आत्मा भनी धारणा गरिरहन्छ। आत्मालाई अघि नसारे पनि म भन्ने र मेरो भन्ने धारणा भइरहन्छ।

परन्तु साँचै नै दत्तचित्त भई चतुधातु ववत्थान भावना गरिरहेकाहरूको चित्त उत्पत्ति हुने बित्तिकै नै त्यस चित्तसंगसंगै नै चित्तबाट उत्पन्न हुने, भएर आउने वायोधातु उत्पत्ति भएर आउने, त्यसले गर्दा अर्को तीन प्रकारका धातुबाट बनिरहेका हाडको पुञ्जमा वायुधातु फैलिई काय भनिएको यस हाडको पुञ्ज सर्ने भइरहन्छ। यसरी शरीरको संचालन गरेर लैजाँदा शरीरलाई हलुका पारिदिने गुण चारधातु मध्ये तेजोधातु र वायोधातु पछि पछि गइरहेको हुन्छ। त्यसले नै दायाँ बायाँ पाइला चाल्ने भइरहन्छ। त्यस अवस्थामा पथवीधातु र आपोधातु शिथिल भइरहने हुन्छ। दायाँ बायाँ सर्ने र फर्कने अवस्थामा तेजोधातु पछि पछि गई वायुधातु धेरै शक्तिशाली भइरहन्छ। तल झर्ने अवस्थामा पथवीधातु पछि पछि जान्छ, आपोधातु शक्तिशाली भइरहन्छ। त्यसबेला वायोधातु र तेजोधातु शिथिल भइरहन्छ। भ्वाक्लाक्क जाने अवस्थामा आपोधातु पछि पछि गई पथवीधातु शक्तिशाली हुन्छ। पैतलाले टेक्ने बेलामा, थिच्ने बेलामा पनि सान्हो भइरहने स्वभाव बढी हुने हुनाले पथवीधातु शक्तिशाली हुन्छ।

जुन् जुन् चित्त उत्पत्ति हुने हो त्यस त्यस बेला ती ती धातुहरू उत्पत्ति र विलीन भएर जाने हुनाले को अघि बढ्यो, को पछि हट्यो भन्ने नभई सोही धातुलाई उत्पत्ति गर्ने चित्तको चेतसिक उत्पन्न र विनास भइरहने हुनाले, जतिपनि शारीरिक गतिविधिहरू हुन्छन् ती सबैमा अनित्य, दुःख र अनात्म हो भनी तिनीहरूले गरेको कर्मस्थान भावनालाई मनन गरिरहने हुन्छ। त्यसकारण त्यस्ता



Downloaded from http://dhamma.digital

योगीहरू *"हरण पच्चाहरण व्रत"* गरिरहनेहरू भिक्षाटन जाने अवस्थामा पनि फर्कने अवस्थामा पनि स्मृति पछि पछि नै गइरहने हुनाले *"हरति पच्चाहरति"* भनेको हो ।

यसरी भावनालाई नछाडिकन ध्यान गरिरहनेहरूले गइरहेको अवस्थामा क्लेश उत्पन्न भएर आए पनि जाँदाजाँदै नै दबाउने अभ्यास गर्छ । बसिरहेको अवस्थामा क्लेश उत्पन्न भएर आए पनि बस्दाबस्दै नै दबाउने अभ्यास गर्छ । पल्टिइरहेको अवस्थामा क्लेश उत्पन्न भएर आए पनि पल्टिरहेकै बेलामा नै दबाउने थिच्ने अभ्यास गर्ने हुन्छ ।

यस्तै नै भिक्षाटन जाने बेलामा पनि ठाउँ ठाउँमा भएका ढुंगा, रूख आदि चिनो राखेर यहाँसम्म क्लेश उत्पन्न भएको थिएन, यहाँ पुगेपछि मात्र क्लेश उत्पन्न भयो भनी जानेर जाने गर्छ । अनि जानेर आफूलाई आफैले होस दिएर, सचेत गराई, विपस्सना वृद्धि गरी आर्यभूमिमा पुग्न जाने प्रयास गर्ने हुन्छ । त्यस्तै नै आफूलाई आफैले सचेत तुल्याई, त्यहीं रुकेर, बसेर, पछि आर्यभूमिमा आफूलाई फेरि क्लेशलाई पन्छाई कर्मस्थानलाई मनमा दरिलो बनाइसकेपछि मात्र उठेर जाने, अघि बढ्ने हुन्छ । कर्मस्थान नभएको चित्तले पाइला नचाल्ने हुन्छ ।

श्रीलंकामा आलिन्दक भन्ने ठाउँमा रहने महापुस्सदेव स्थविरले १९ वर्षसम्म गतप्रत्यागत व्रत पूरा गर्नु भएको थियो । उहाँले यसरी व्रत पूरा गर्नुभएको बेलामा मानिसहरू बाटोको बीचमा खेती गरिरहेका, धान रोपिरहेकाहरूले स्थविर गइरहेको देख्दा फेरि फर्कने, फेरि अघि बढ्ने, कहिले अडिइरहने हुनाले उहाँले बाटो बिरायो होला भनी सम्झन्थे । यसरी कर्मस्थान युक्त भएको चित्तले



Downloaded from http://dhamma.digital

श्रमणधर्म गर्दै २० वर्ष हुँदा अर्हत् हुनुभयो। यस प्रकार अर्हत् भएको अवस्थामा त्यस अन्तिम स्थानमा रहेका देवताहरूले आफ्नो औंला बालेर स्वागत गरेका थिए। चातुर्महाराजिक देवताहरूदेखि लिएर शक्र देवराज, ब्रह्माहरू र सहम्पति ब्रह्मा पनि उपस्थानको निम्ति आएका थिए।

फेरि कालबल्ली निवासी महानाम स्थविर पनि सोही ठाउँमा बसेर भगवान् बुद्धले दुष्करचर्या गर्नुभए जस्तै म पनि दुष्करचर्या गर्छु भनी सात वर्षसम्म उठ्ने, चंक्रमण गर्ने मात्र गर्नुभयो। फेरि १६ वर्षसम्म गतप्रत्यागत व्रत गर्नुभयो। यसरी कर्मस्थान युक्त चित्त गरी बाटोमा गई गाउँमा पुगिने बेलामा मानिस पनि नचिनिने गाई पनि नचिनिने तरिकाले टाढै बसेर चीवर पारूपन गरी, गाउँमा पस्न (बोल्नु पर्ला भनी) मुखमा पानी राखी गाउँमा बस्नेले कुनै कुरा सोध्ने बेलामा स्मृतिपूर्वक पानी निलेर उत्तर दिन्थे। सोध्ने कुनै नभए गाउँबाट बाहिर पानी थुकेर फर्कन्थे।

यस्तै नै कलम्बतित्थ भन्ने विहारमा वर्षावास बस्ने ५० जना भिक्षुहरूले अर्हत् नभएसम्म कुरा नगर्ने प्रतिज्ञा गर्नुभयो। उहाँहरू पनि भिक्षाचार जानुहुँदा कुरा नगर्न मुखमा पानी राखी जान्थे, कसैले केही कुरा सोध्योभने स्मृतिपूर्वक पानी निलेर उत्तर दिन्थे। कुनै कुरा सोध्ने नभए गाउँबाट बाहिर पानी थुकेर फर्कन्थे। यसरी उहाँहरू परस्पर कुरा नगरेको हुनाले दायकहरूले उहाँहरू आपसमा नमिलेर परस्पर कुरा नगरेको हो कि भनी शंका गरी विहारमा गएर मिलाउँछौं भनी हेर्न जाँदा सबै मिलीजुली रहेको कुरा जानेर फर्के। भिक्षुहरू तीन महिनासम्म विपस्सना भावना गरी वर्षावासको अन्तमा सबै नै क्लेशबाट मुक्त भई महापवारणाको



Downloaded from http://dhamma.digital

समयमा अर्हत्व प्राप्त गरी विशुद्ध पवारणा गर्नसक्ने हुनुभयो।

गतप्रत्यागत व्रत पूरा गर्न पिण्डपातिक धुतङ्ग धारण गर्थे। भिक्षाचार जाँदा कम्मत्थान युक्त चित्तले पाइला चाली गाउँको नजिक पुगेपछि मुखमा पानी राखी बाटोलाई राम्रोसंग जानी जहाँ रक्सीबाजहरू, झगडालुहरू, चण्ड भएका हात्ती घोडा आदि हुँदैन, त्यस्तो बाटोबाट जाने गर्थे, पिण्डाचार गर्दा पनि छिटो छिटो जाँदैनथे। होचो अल्गो बाटोमा पनि पानी भरिएको भाँडोझैं निश्चल भई जान्थे। भिक्षा लिनुपर्ने ठाउँबाट भिक्षा प्राप्त गरी एक ठाउँमा बसी कर्मस्थानलाई सम्झेर आहारमा प्रतिकूल संज्ञा गरी भोजन गर्थे। भोजन गर्दा पनि *"नेव दवाय न मण्डनाय"* भनी प्रत्यवेक्षण गरी भोजन गरी पात्र धुनुपर्ने *"उदककिच्च"* आदि सिध्याउँथे। यसरी भोजनभन्दा अगाडि गर्नुपर्ने कर्म र भोजन पछि गर्नुपर्ने *पुरिमाय* र *पच्छिमाय* कर्मस्थानलाई भाविता गर्दै विहारबाट निस्केदेखि विहारमा नपुगुन्जेलसम्म पालन गर्ने व्रतलाई नै *"हरण पच्चाहरण"* भनेका हुन्। प्रत्येकबुद्धहरूले यी गतप्रत्यागत व्रतलाई राम्रैसंग पूरा गर्थे।

यस गतप्रत्यागत व्रत कम्मट्ठान भावनाद्वारा प्राप्त हुने आनिसंस कसो भने– प्रथम बैशमा नै अरहत्त फल प्राप्त गर्न सकिन्छ। केही गरी उपनिस्सय सम्पत्ति प्राप्त गर्न नसके दुतिय बैशमा अरहत्त फल प्राप्त गर्न सकिन्छ। त्यसबेला पनि सकिएन भने मृत्यु समयसम्ममा अरहत्त फल प्राप्त गर्न सकिन्छ। मृत्यु अवस्थामा पनि कुनै कारणले प्राप्त भएन भने देवलोकमा जन्म भई त्यहाँ अरहत्त फल प्राप्त गर्न सकिन्छ। देवपुत्र भएर पनि मार्गफल लाभ गर्न सकिएन भने मनुष्यलोकमा जन्मेर प्रत्येकबुद्ध भएर मार्गफल लाभ गर्न सकिन्छ। प्रत्येकबुद्ध पनि भएन भने सम्यक्सम्बुद्धको



Downloaded from http://dhamma.digital

सन्मुखमा प्रव्रजित भई खिप्पाभिञ्ञा लाभ गर्न सकिन्छ । उदाहरणको निम्ति बाहिय स्थविरको कुरा हेर्न सकिन्छ । बाहिय स्थविरले *"दिट्ठे दिट्ठमत्तं सुते सुतमत्तं"* भन्ने उपदेश सुनेर बाटोमा नै मार्ग फल लाभ गरी गृहस्थ भेषमा नै परिनिर्वाण हुनुभएको छ । फेरि सारिपुत्र स्थविरले जस्तै प्रज्ञाले सम्पूर्ण हुन सकिन्छ ।

..................

(२)

# अनित्थिगन्ध प्रत्येकबुद्ध

भगवान् बुद्धले ४५ वर्षसम्म देशना गर्नुभएको ८४,००० चौरासीहजार धर्मस्कन्धलाई आर्य स्थविरवाद पालि वाङ्मय अनुसार त्रिपिटक भनिन्छ । यसमा सूत्र पिटक, विनय पिटक, अभिधर्म पिटक भनी तीन भागमा विभक्त गरिएको हुनाले नै त्रिपिटक भनिएको हो । यस त्रिपिटक मध्ये सूत्र पिटकमा पाँच निकाय छन्– दीघनिकाय, मज्झिमनिकाय, संयुक्तनिकाय, अङ्गुत्तरनिकाय, र खुद्दकनिकाय । खुद्दकनिकायमा १५ वटा ग्रन्थ समावेश छन् । ती हुन्– खुद्दकपाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देस, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंस र चरियापिटक । यी मध्ये सुत्तनिपातलाई पाँच वर्गमा विभाजन गरिएको छ । ती मध्ये पहिलो उरगवर्गको छैठौं सूत्र हो खग्गविसाण सूत्र । यस खग्गविसाण सूत्रमा भगवान् बुद्धले विशेष गरी एकान्तवासको गुण वर्णन गरी प्रत्येकबुद्ध हुन कति असंख्यकल्पसम्म पारमिता पूर्ण गर्नुपर्छ, कतिवटा अभिनिहार अङ्गले युक्त भएर प्रार्थना गर्नुपर्छ,



Downloaded from http://dhamma.digital

कस्तो अवस्थामा उहाँहरू जन्मिई प्रत्येकबुद्धत्व प्राप्त गर्नुहुन्छ, प्रत्येकबुद्ध हुनुभई कहाँ बस्नुहुन्छ भन्ने कुरा व्याख्या गर्नुभएकोलाई संग्रह गरिएको छ। यही कुरा सुत्तनिपात अट्ठकथामा राम्रोसंग व्याख्या गरिएकोलाई आधार मानेर यहाँ त्यसरी प्रत्येकबुद्ध हुन पूर्वयोगावचर पूर्ण गरी, आरञ्ञक भई, तथागतको शासनमा प्रव्रजित भई, गतप्रत्यागत व्रत पूर्ण गरी, श्रमणधर्म पूरा गर्नुभएका प्रत्येकबुद्धहरू मध्ये काश्यप तथागतको समयमा २०,००० वर्षसम्म गतप्रत्यागत व्रतलाई पालन गर्नुभएका एक प्रत्येकबुद्धको वर्णन प्रस्तुत गर्न खोजेको छु।

उहाँ काश्यप तथागतको समयमा २०,००० वर्षसम्म उहाँको शासनमा प्रव्रजित भई गतप्रत्यागत व्रत पालन गरी, कसिण भावना अभ्यास गरी त्यहाँ आयु पूर्ण भएपछि ब्रह्मलोकमा उत्पन्न हुनुभयो। त्यहाँबाट फेरि मनुष्यलोकमा उत्पन्न हुँदा वाराणसी राजाको अग्रमहिषीको कोखमा जन्म ग्रहण गर्नुभयो। त्यतिबेला उहाँ ब्रह्मलोकबाट च्युत भएर आएको हुनाले उहाँलाई महिलाहरूले स्पर्श गरेको नै मन पर्दैनथ्यो। धाईहरूले दूध खुवाउन पनि पुरुषको भेषमा रही खुवाउनु पर्थ्यो। महिलाहरूको गन्ध र शब्द मात्र सुने पनि रुनथाल्ने र किशोरावस्था हुँदासम्म पनि महिलाहरूलाई हेर्न मन नपराउने हुनाले उसलाई अनित्थिगन्ध (अन्–इत्थि–गन्ध (स्त्रीहरूको गन्ध मन नपराउने) भनी नामाकरण गरिएको थियो।

तसर्थ राजाले उसलाई स्त्रीहरूसंग भुलाउनको निम्ति पर्दाले छेकेर नाच देखाउने, गीत गाउन लगाउने, बाजा बजाउन लगाउने गर्थे। त्यसबेला पनि यो केको शब्द भनी सोध्दा मन्त्रीहरूले यो शब्द भाग्यमानीहरूले मात्र सुन्न पाउने, हेर्न पाइने, स्त्रीहरूको शब्द हो



Downloaded from http://dhamma.digital

भनी बयान गर्दा मन खिन्न पार्थे, एकपटक त यसरी बयान गर्दा मन्त्रीलाई नै लट्ठीले पिटेर निकाली दिएको थियो । त्यस मन्त्रीलाई पछि राजाले करुणा राखी फेरि मन्त्री पदमा नियुक्त गरेका थिए ।

आमाबाबुले राजकुमारलाई विवाह गरिदिनको निम्ति बारम्बार भन्ने गर्थे, त्यसकारण आमाबाबुको मन राख्नुको निम्ति सुवर्णकारहरूलाई अत्यन्त सुन्दरी स्त्रीको एउटा प्रतिमा बनाउन लगाई, यति राम्री स्त्री त अवश्य होओइन भन्ने विचार गरी "यस्ती राम्री स्त्री भए मात्र विवाह गर्छु" भनेका थिए ।

आमाबाबुले पनि यो छोरो पुण्यवान हो, तसर्थ अवश्य यत्तिकी राम्री स्त्री होलान् भनी मन्त्रीहरूलाई खोज्न पठाए । त्यसबेला तिनीहरूले सोह्रवटा महाजनपदमा खोज्न जाँदा पनि त्यत्तिकी राम्री स्त्री भेट्टाउन सकेनन् । अनि मद्र देश एउटा मात्र बाँकी भएको पनि किन छोड्ने भनी त्यहाँ खोज्न गए । त्यसबेला सागल नगरमा मद्द राजाकी १६ वर्षकी एउटी कन्या थिइन् । ती मन्त्रीहरूले त्यो सुवर्ण प्रतिमालाई एउटा स्नान गर्ने घाटमा राखी छोड्दा राजकुमारीका सखीहरूले "हामीलाई स्नान गर्न पानी लिन पठाएर आफै घाटमा आइन्" भनी कराउँदै हेर्न जाँदा प्रतिमा देख्नेबित्तिकै "यो प्रतिमा भन्दा त हाम्री राजकुमारी नै राम्री छिन्" भनेको शब्द सुनी मन्त्रीहरूले मद्द राजाकहाँ कुमारी माग्न गए । मद्द राजाले पनि योग्य राजकुल हुनाले सहर्ष स्वीकार गरे ।

मद्द राजाले स्वीकार गरेपछि मन्त्रीहरूले वाराणसी राजालाई खबर पठाए । वाराणसी राजाले आफूहरू त्यहाँ जाँदा तिनीहरूलाई धेरै नै दुःख दिनुपर्ने हुनाले तिमीहरूले नै लिएर आउनू भनी आज्ञा गरी पठाए । मन्त्रीहरूले राजकुमारलाई पनि त्यस प्रतिमा भन्दा पनि



Downloaded from http://dhamma.digital

राम्री कन्या भेट्टाइयो भनी खबर पठाए । यस खबरलाई सुन्नेबित्तिकै राजकुमारको मनमा राग उत्पन्न भयो । जसले गर्दा उसमा भएको प्रथमध्यान लोप भएर गयो । तसर्थ तारंतार खबर पठाई छिटो लिएर आउनु भन्ने खबर पठाउँदै गरे ।

उता मन्त्रीहरूले राजकुमारी ल्याई राजदरवार पुगिने बेलामा "मङ्गल कार्य गरिसकेपछि मात्र राजदरवार प्रवेश गराउने" भनी वाराणसी राजाको राजोद्यानमा राख्ने आज्ञा भएको हुनाले राजोद्यानमा नै विश्राम गराइएका थिए । अत्यन्त सुकुमारी, ठाउँ ठाउँमा बोकाई, यानमा बसी, बास बसेर आउनु पर्ने भएकोले राजकुमारीलाई बातरोग भई सोही दिन राती मृत्यु भयो । यसबाट नगरबासी र राजकुलका परिवारहरू सबै शोकले कोलाहल शब्द गरी कराउन थाले । राजकुमारलाई पनि निकै शोक भयो ।

राजकुमारले त्यसबेला "यो शोक कुन कारणले भएको भनी शोकको कारण खोजेर हेर्दा यो शोक जन्मिनु नपर्नेलाई हुँदैन, जातिको कारणले नै शोक भएको हो" भनी बुझी जन्मको कारण खोजी गर्दा "भव" भनिएको कर्मभव र उत्पत्तिभवको कारणले जन्मनुपरेको हो भनी उचित तरिकाले अनुलोम र प्रतिलोम अनुसार प्रतित्यसमुत्पादलाई हेरी संस्कार धर्मलाई परामर्शन गरी त्यहीं बसेर प्रत्येकबोधि ज्ञान लाभ गरी लिनुभयो । त्यस मार्गफलको सुखमा शान्त इन्द्रिय भइरहेको बखतमा मन्त्रीहरूले "राजकुमार ! तपाईले शोक गर्नु पर्दैन, उनी भन्दा पनि राम्री कन्या खोजेर ल्याउँछौं" भनी सान्त्वना दिंदा "मैले अब शोक गर्नु परेन, म प्रत्येकबुद्ध भइसकें भनी अरू प्रत्येकबुद्धहरूले जस्तै टाउकोमा हातले स्पर्श गर्दा गृहस्थ भाव हराई प्रव्रजित भाव उत्पन्न भयो ।



Downloaded from http://dhamma.digital

त्यसबेला मन्त्रीहरूले तपाईले कुन भावनालाई बृद्धि गरेर प्रत्येकबुद्धत्व लाभ गर्नुभएको" भनी सोध्दा प्रत्येकबुद्धले यो गाथा आज्ञा गर्नुभयो –

"संसग्गजातस्स भवन्ति स्नेहा,
स्नेहन्वयं दुक्खमिदं पहोति ।
आदीनवं स्नेहजं पेक्खमानो,
एको चरे खग्गविसाणकप्पो ॥२॥

अर्थ– संसर्गमा रहनेलाई स्नेह उत्पन्न हुन्छ, फेरि स्नेहले गर्दा दु:ख उत्पन्न भएर आउँछ। स्नेहको दुष्परिणामलाई देखेर गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ संसर्ग भनेको पाँच प्रकारका बताइएका छन्। ती हुन्– *१) दस्सन–संसग्ग, २) सवन–संसग्ग, ३) काय–संसग्ग, ४) समुल्लपन–संसग्ग, र ५) संभोग–संसग्ग।* अर्थात हेरेर, सुनेर, स्पर्श गरेर, कुराकानी गरेर, र संभोग गरेर संसर्ग उत्पन्न हुने।

*दस्सन–संसग्ग–* परस्पर आँखा जुधेर संसर्ग हुने चक्षु–विज्ञान वीथी अनुसार उत्पन्न हुने रागलाई दस्सन संसग्ग भनिन्छ। यो कसो भने– श्रीलंका द्वीपमा कालदीघवापी ग्राममा पिण्डाचार गर्ने कल्याणविहारवासी तरुण दीघभाणक भिक्षुलाई देखी एउटा कुटुम्बिक कुमारी ती भिक्षु प्रति चित्त टाँसिएको हुनाले जस्तोसुकै प्रयत्न गरेर पनि प्राप्त गर्न नसक्दा मृत्यु भएर गइन्। ती मृत्यु भएकीले लगाएको एकटुक्रा वस्त्र हेरी यस्तो वस्त्र लगाएकीसंग सहवास गर्न पाइएन भनी ती भिक्षु पनि हृदयाघात भई मृत्यु भए। तसर्थ आँखाले हेरेर उत्पन्न हुने रागले यतिसम्म पनि हुन सक्छ भनी जान्न सकिन्छ।

*सवन–संसग्ग–* अरूले भनेको बताएको शब्द सुनेर संसर्ग



Downloaded from http://dhamma.digital

उत्पन्न हुनेलाई सवन–संसग्ग भनिन्छ। यो कसो भने– स्त्रीले पुरुष वा पुरुषले स्त्रीको वर्णन वा परस्पर हाँसेको, कराएको शब्द सुनेर जुन श्रोत–विज्ञान–वीथी उत्पन्न हुने हो, त्यसलाई श्रवण–संसर्ग भनिन्छ। यसरी उत्पन्न हुने श्रवण–संसर्ग–वीथीद्वारा उत्पन्न हुने रागले ध्यानलाभीहरूलाई समेत विचलित गर्न सकिन्छ। उदाहरणको निम्ति– गिरिग्रामवासी कम्मारकी पाँचैवटी छोरीहरू पोखरीमा संगै स्नान गर्न गएको बखतमा ठूलो ठूलो स्वरले गीत गाएको शब्द सुनी आकाशमा रहेको तरुण भिक्षुलाई कामराग–विशेषले गर्दा ध्यानचित्त छुटी पतन हुने पञ्चगललेणवासी तिस्सको कुरा स्मरणीय छ। तसर्थ सुनिनेबाट उत्पन्न हुने रागले पनि मानिसहरूलाई धेरै नै विचलित गर्न सकिन्छ भनी जान्न सकिन्छ। स्नेहले साधारण मात्र होइन बलव–राग नै उत्पन्न हुने हुन्छ।

*काय-संसग्ग*– शरीरमा परस्पर स्पर्श भएर उत्पत्ति हुनेलाई काय–संसर्ग भनिन्छ। काय–संसर्ग भनेको पनि निकै डरलाग्दो छ। यसमा पनि बताइएको छ कि– धम्मगायन भनी गीत गाएजस्तै श्लोक पढ्ने तरुण भिक्षु श्रीलंकाको महाविहारमा बसेर धर्मोपदेश दिइरहेका थिए। त्यसबेला धेरै नै मानिसहरू धर्म श्रवण गर्नको निम्ति आइरहेका मध्ये राजा पनि केटीहरू सबै लिई आएका थिए। त्यसबेला राजाकी छोरीलाई तरुण भिक्षुको शब्द सुनेर निकै राग उत्पन्न भयो। ती भिक्षुलाई पनि राग उत्पन्न भइरहेको थियो। राजाले यो कुरा थाहापाई दुवैको चाल चलन हेरी जानी नरिसाइकन ती भिक्षु र आफ्नी छोरीलाई पर्दाभित्र राखिदिए। त्यत्तिबेला तिनीहरू दुवै आलिंगन गर्दा गर्दै पछि पर्दा निकालेर हेर्दा दुवै आलिंगन गरेर नै मृत्यु भयो। तसर्थ स्पर्शद्वारा उत्पन्न हुने रागले यतिसम्म पनि हुन सक्छ भनी जान्न सकिन्छ।



Downloaded from http://dhamma.digital

*समुल्लपन-संसग्ग*– परस्पर कुरा गरी उत्पन्न हुने संसर्गलाई "समुल्लपन–संसर्ग" भनिन्छ।

*संभोग-संसग्ग*– परस्पर सम्पर्क राखी संभोग गर्ने संसर्गलाई "संभोग–संसर्ग" भनिन्छ। यसको उदाहरण कसो भने– दुट्ठगामणि राजाले मरिच्चिवट्टि नामक विहारमा वार्षिक उत्सवको समयमा भिक्षुसंघ र भिक्षुणीसंघ दुवैलाई महादान गरी खुवाई पिलाई रहेको बेला एउटा नवक भिक्षुको पात्र मात्र छ, पात्र राख्ने भाँडो नभएको हुनाले दान गर्दा यागु पोल्ने भएको हुनाले सबभन्दा कान्छी श्रामणेरीले दन्तको चुडी दिई दुइचार कुराकानी भएको थियो। त्यसपछि ती दुवै वयस्क भएपछि दुवै भिक्षु भिक्षुणी भई ६० वर्षसम्म अलग्गै गंगा नदीको वारिपारि बसे पनि फेरि एकपटक भेट हुँदा कुरा गर्दै पहिलेको कुराकानीको कारण पनि भएको हुनाले दुवैमा राग उत्पन्न भएर काय–संसर्ग भई पाराजिकासम्म हुनगयो।

तसर्थ जसमा संसर्ग भनिएको सानो राग हुन्छ, उसमा बलवान स्नेह उत्पन्न भएर निकै नै शोक, दुःख, दौर्मनस्य आदि दरिलो राग उत्पत्ति हुन्छ। तसर्थ उनी प्रत्येकबुद्धले आफूले बनाउन दिएको सुवर्णमय कुमारीको प्रतिमा हेरी त्यसको प्रकृतिलाई प्रतिकूल विचार नगरी प्रतित्यसमुत्पाद अनुसार विचार गरी स्नेहको कारणले उत्पन्न हुने आदीनवलाई देखी आफू प्रत्येकबुद्ध भएको कुरा प्रकाश गर्नुभएको थियो। साथ साथै मन्त्रीहरूलाई पनि यही कुरा प्रेरणा दिई स्नेहबाट मुक्त हुने उपदेश दिएर आकाशमार्गबाट प्रत्येकबुद्धहरू बस्ने गन्धमादान पर्वतमा जानुभयो।

संसग्ग गाथा वर्णन समाप्तभयो।

................



Downloaded from http://dhamma.digital

***"मित्ते सुहज्जे"*** भन्ने यो गाथा देशना गर्ने एक प्रत्येकबुद्ध हुन् । जसलाई फेरि भगवान् बुद्धले आनन्दले सोधेको प्रश्नको उत्तरमा आज्ञा गर्नुभएको खग्गविसाण सूत्रको तेस्रो गाथाको रूपमा जान्न सकिन्छ । अर्थकथा अनुसार ती प्रत्येकबुद्ध वाराणसी देशका राजा भई ध्यान गरिरहेको बखतमा प्रथमध्यान लाभ गरी ध्यान लाभ भएपछि राजा भएर बस्नु र श्रमणधर्म पालन गर्नु यी दुईमा कुन श्रेष्ठ छ भनी विचार गर्दा श्रमणधर्म पालन गर्नु नै श्रेष्ठोत्तम भन्ने जानी चारजना मन्त्रीहरूलाई धार्मिक नियमपूर्वक राज्य गर भनी राज्यको अभिभार सबै सुम्पी आफू ध्यान गरिरहे ।

त्यसबेला मन्त्रीहरूले राज्यको अभिभार आफ्नो हातमा आएपछि राजाको वचनलाई बिर्सी अधर्मपूर्वक राज्य गरे । तसर्थ ती मन्त्रीहरूले गरेका खराब कामको कारण राजालाई नै अपवाद आए । घटना कसो भने–

एकदिन राजाको सम्पर्कमा रहेको एउटा व्यक्तिलाई घूस खाएर जित्नुपर्नेलाई हराई, हार्नुपर्नेलाई जिताई दिएको कारण उनले राजालाई भोजन गराउने संगै गएर आफूलाई भएको घटना बिन्ती गरे । त्यसकारण राजा आफै न्यायालयमा हेर्न गए । त्यसबेला धेरै जनताहरू भेला भई मन्त्रीहरूले अन्याय अत्याचार गरिरहेको कुरा महान कोलाहल शब्द हुने गरी कराई बिन्ती गरे । यस कुरालाई सुनी, देखी राजा फेरि राजप्रासादमा फर्के । फर्केर पनि चित्त शान्त नभएको हुनाले राजा भएर बस्नु भन्दा श्रमणधर्मलाई पालन गरेर बस्छु भनी ध्यान बृद्धि गरी, समापत्ति ध्यानमा रही राज्य र सहृदयीहरू प्रति भएको स्नेहलाई छोडी ध्यान गर्दा पहिले गतप्रत्यागत व्रत पूर्ण गरिरहेको हुनाले प्रत्येकसम्बोधि प्राप्त गरेर लिनुभयो ।



Downloaded from http://dhamma.digital

प्रत्येकबुद्ध भइसकेपछि गन्धमादान पर्वतमा प्रत्येकबुद्धहरूले "कुन कर्मस्थान भावना गरी प्रत्येकबुद्धत्व प्राप्त भएको" भनी सोध्नुहुँदा उहाँले यो गाथा उदान व्यक्त गर्नु भएको हो।

"मित्ते सुहज्जे अनुकम्पमानो,
हापेति अत्थं पटिबद्धचित्तो ।
एतं भयं सन्थवे पेक्खमानो,
एको चरे खग्गविसाणकप्पो ॥३॥

अर्थ– मित्रगण तथा सुहृदयीहरू प्रति अनुकम्पा राख्दै आशक्त–चित्त भएकाले आफ्नो अर्थबाट विमुख भइरहने हुन्छ। मिलेर रहनुमा यस भयलाई देखी गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ यस गाथाको आसय अनुसार *"मित्ते सुहज्जे"* भनी मनलाई आनन्द हुने गरी कुराकानी गरिदिनेलाई सुहृदय भनिन्छ। यसरी निश्चित रूपले हितचिन्तन गर्नेहरूलाई सहृदयमित्र भनिन्छ। यसरी मित्र मात्र हुने र सहृदय मात्र हुने तथा दुवै हुन सक्ने गरी तीन प्रकारका छन्। यिनीहरू पनि घरमा बस्ने र त्यागी भएर बस्ने अनागारिकहरू पनि छन्।

ती मध्ये घरमा बस्ने मित्र पनि तीन प्रकारका छन्–

१) उपकार गर्ने।

२) सुख दुःखमा समान हुने।

३) अनुकम्पा राख्ने।

अनागारिक भएर त्यागी जीवन बिताइरहने, विशेष गरी अर्थहित हुने कुरा बताइदिने एउटा समेत अनागारिकहरूको चार अङ्ग हुन्छन्। यही कुरालाई सिगालपुत्रको कुरालाई पनि उदाहरण दिइएको छ।



Downloaded from http://dhamma.digital

## चार कारणले मित्र सुहृदय हुन सकिन्छ –

१) *पमत्तं रक्खति*= प्रमाद (बेहोस) भएको बेलामा रक्षा गर्छ।

२) *पमत्तस्स सातपेय्यं रक्खति*= शारीरिक मात्र होइन धन सम्पत्ति पनि रक्षा गर्छ।

३) *भीतस्स सरणं होति*= डराएको बखतमा शरण, आधार, भरोसा दिन्छ।

४) *उप्पन्नेसु किच्चकरणीयेसु दबिगुणं भोगं उप्पादेति*= कुनै कारणले आखीर काम हुँदा आफ्नो साथीसंग भएको भोगसम्पत्ति भन्दा दोब्बरसम्म सहयोग दिएर मद्दत गर्छ। यस्तालाई सुहृदय मित्र भनी भन्दछन्।

## सुख दुःखमा समान भएको मित्र कस्तो हुन्छ भने –

१) सारै गोप्य कुरा पनि विश्वास पूर्वक बताउँछ।

२) साथीको गोपनीय कुरालाई गोप्य राख्छ।

३) आपत बिपत हुने बेलामा त्याग गर्दैन।

४) परिआयो भने साथीको निम्ति आफ्नो प्राण समेत त्याग गर्छ। यस्तालाई सुख दुःखमा समान भएको मित्र भन्दछ।

## अनुकम्पा राख्ने मित्र कस्तो हुन्छ भने–

१) कुनै कारणले अभावको स्थितिमा परिरहेको भए सुख मान्न सक्दैन।

२) साथीलाई असल हुँदा रमाउने हुन्छ।

३) साथीको दुर्गुण कुरा सुन्न पर्दा रोकिदिन्छ।

४) प्रशंसा गर्दा आफूले पनि प्रशंसा गरी गुण वर्णन गर्छ। यस्तालाई *अनुकम्पक सुहृदय मित्र* भन्दछ।



Downloaded from http://dhamma.digital

**अर्थहितलाई बताउने मित्र कस्तो हुन्छ भने–**

१) खराब पापकर्मबाट मुक्त गरी रोकिदिन्छ।

२) असल काम कुरामा धकेल्दै प्रेरणा दिइरहन्छ।

३) पहिले नसुनेको, नगरेको असल कुरा असल काममा उत्साहित गरिरहन्छ।

४) स्वर्गमा जाने कुरासम्म पनि बताइ रहन्छ।

यसरी अगारिय भनी गृहस्थ मित्र साथीहरू तीन प्रकारका भएजस्तै अर्थहित हुने कुरा बताउने समेत चार प्रकारका सुहृदय मित्र छन्। परन्तु यसरी सुहृदय मित्रहरूलाई अनुकम्पा राख्दा पनि ***"अत्थं हापेति"*** भनी तीन प्रकारले अर्थ विनाश हुने हुन्छ। त्यो के भने–

१) ***दिट्ठधम्मिक अत्थ***= यही जन्ममा प्राप्त हुने अर्थ विनाश हुने।

२) ***सम्परायिक अत्थ***= पछिल्लो जन्ममा (मृत्यु भइसकेपछि) प्राप्त हुने अर्थ विनाश हुने।

३) ***लोकुत्तर अत्थ***= मार्ग फल प्राप्त गर्ने विनाश हुने।

यो हानि हुने पनि तीन प्रकारका छन् – अत्तार्थ, परार्थ र उभयार्थ भनी आफूलाई हानि हुने, अरूलाई हानि हुने र दुवैथरिलाई पनि हानि हुनेलाई भनेको हो। ***"पटिबद्ध चित्तं"*** भनी म नभए यिनीहरू बाँच्न सक्दैनन् भनी आफूलाई उच्च गरी अरूलाई तल राखी आशक्त हुने र यिनी नभए म बाँच्न सकिँदैन भनी आफूलाई तल राखी अरूलाई उच्च स्थानमा राखी आशक्त हुने। यी दुई प्रकारले आशक्त हुनेलाई ***"पटिबद्ध चित्त"*** भनेको हो। यस अर्थ हानि हुने पनि दुई प्रकाले हुने हुन्छ–

१) लाभ भइसकेको विनाश हुने एउटा र २) लाभ हुने तर



Downloaded from http://dhamma.digital

लाभ नभइकन विनाश हुने एउटा। यिनै अर्थ विनाश हुने भय अर्थात समापत्ति (ध्यान) विनाश हुने भयलाई नै यहाँ यस गाथामा *"भयं पेक्खमानो"* भनेको हो।

*"सन्थवे"* भनी सम्पर्क राख्ने तीन प्रकारका छन्। ती हुन्– तृष्णाले सम्पर्क राख्ने एउटा, दृष्टिले सम्पर्क राख्ने एउटा र मित्रहरूबाट सम्पर्क राख्ने एउटा समेत तीनवटा छन्। त्यसमा *"तण्हासन्थव"* भनी तृष्णाले सम्पर्कराख्नेमा १०८ प्रकारका तृष्णा छन्।

## धर्मचक्र सूत्र अनुसार तृष्णा तीन प्रकारका छन्–

१) *काम–तण्हा=* रूप आदि ६ प्रकारका आरम्मणमा त्यो संगै भवमा जन्मने आरम्मणमा टाँसिनेलाई काम–तण्हा भनिन्छ।

२) *भव–तण्हा=* शास्वत दृष्टि वा रूप, अरूप, भवमा जन्मिने आरम्मणमा टाँसिनेलाई भव–तण्हा भनिन्छ।

३) *विभव–तण्हा=* उच्छेद दृष्टि भनी मरिसकेपछि केही छैन भन्ने धारणा टाँसिई रहनेलाई विभव–तण्हा भनिन्छ। यसरी तीन प्रकारका तृष्णा उत्पन्न हुने हुन्छ।

यी तीनवटा तृष्णालाई रूप, शब्द, गन्ध, रस, स्पर्श र धर्म भनी यी ६ प्रकारका आरम्मणमा उत्पन्न हुने अनुसार गणना गर्दा १८ वटा भए। यी १८ वटालाई भूत–कालको तृष्णा, भविष्य–कालको तृष्णा, तथा वर्तमान–कालका तृष्णा अनुसार गुणन गर्दा ५४ प्रकारका तृष्णा भयो। यसलाई नै दुईवटा सन्ततिले गुणन गर्दा १०८ प्रकारका तृष्णा भए। त्यस्तै नै ब्रह्मजाल सूत्र अनुसार ६२ प्रकारका मिथ्यादृष्टिलाई नै *"दिठ्ठ–सन्थव"* भनिन्छ। त्यस्तै नै *"मित्त–सन्थव"* भनी साथीभाईहरू संग सम्पर्क राख्नेलाई भनिन्छ। यी तीन



Downloaded from http://dhamma.digital

प्रकारका सन्थव सम्पर्क भएकोलाई यस गाथामा *"मित्त-सन्थव"* लाई लिइराखेको भनी जान्नुपर्छ। मित्रहरूसंग सम्पर्क राख्नाले समापत्ति (ध्यान) हराएर गएको हुनाले त्यसलाई आधार गरेर मित्रहरूबाट उत्पन्न हुने भयलाई देखेर विपस्सना बृद्धि गरी प्रत्येकबुद्धत्व लाभ गरी लिनुभएको हो। यही कुरा मन्त्रीहरू सुहृदयहरूले सोधेको प्रश्नको उत्तरमा यो "मित्ते सुहज्जे" भन्ने गाथा आज्ञा भई गैंडाको एउटा मात्र सिङ भएको उपमा दिएर एक्लै विचरण गर्ने उपदेश दिनुभएको हो।

मित्त सुहज्ज गाथा वर्णन समाप्त भयो।

..................

## असज्जमान प्रत्येकबुद्ध

*"वंसो विसालो व यथा विसत्तो"* भन्ने यो गाथा उदान प्रकट गर्नुहुने एउटा प्रत्येकबुद्ध हुन्। प्रत्येकबुद्धहरूले आफूलाई प्रत्येकबोधि लाभ भएपछि त्यस बेला प्रकट गर्नुहुने उदान स्वरूप यो गाथा हो। यही गाथालाई प्रत्येकबुद्धहरू बसेर उपोसथ गर्ने गन्धमादान पर्वतमा मञ्जुसक भन्ने रूख मुनि रत्नमाल भन्ने दभुलिमा प्रत्येकबुद्धहरूले भरखर प्रत्येकबुद्धत्व लाभ भएको प्रत्येकबुद्धसंग सबभन्दा जेष्ठ संघस्थविरले "तपाईले के आरम्मण गरेर प्रत्येकबोधि लाभ गरेको" भनी सोध्ने बेलामा फेरि एकपटक बताउनु भएको हो। फेरि यही गाथालाई भगवान् गौतम बुद्धले आनन्दलाई खग्गविसाण सूत्र अनुसार प्रत्येकबुद्धहरूको कुरा देशना गर्नुभएको बखतमा तेस्रो पटक प्रकट गर्नुभएकोलाई आयुष्मान् आनन्दले प्रथम संगायन हुंदा महाकाश्यप



Downloaded from http://dhamma.digital

महास्थविरले सोधेको प्रश्नको उत्तरमा चौथो पटक प्रकट गर्नु भएको हो ।

यो कुरा कसो भने– पहिले काश्यप तथागतको समयमा प्रत्येकबुद्धत्व प्राप्त गर्नुको निम्ति बोधिसत्त्व चर्या गरिरहेका तीनजना प्रत्येक बोधिसत्त्वहरू काश्यप तथागतको शासनमा प्रव्रजित भएर २०,००० वर्षसम्म गतप्रत्यागत व्रत पूरा गरी देवलोकमा जन्मिन गएका थिए । तिनीहरू त्यहाँबाट च्युत भई सबभन्दा जेठो वाराणसीको राजकुलमा जन्मिन गए । अरू दुईजना प्रत्यन्त देशको राजकुलमा जन्मिन गएका थिए ।

वाराणसीमा जन्मेको बाहेक अर्को दुवैले कर्मस्थानलाई भाविता गरेर राज्य त्याग गरी, प्रव्रजित भई, क्रमानुसार प्रत्येकबुद्धत्व लाभ गरी नन्दमूल पर्वतमा पुग्न गए । त्यहाँ पुगेर तिनीहरूले हामीले कुन काम गरेर यस लोकुत्तर सुख प्राप्त भएको भनी विचार गरी, प्रत्यवेक्षण गरी हेर्दा आफूले काश्यप तथागतको पालामा गतप्रत्यागत व्रत पूरागरिआएको कुरालाई देख्नुभयो ।

आफूहरू दुवै प्रत्येकबुद्ध भए जस्तै तेस्रो साथी वाराणसी राज्यमा जन्मेको एउटा त्यहीं राज्य गरिरहेको देखी, पहिले उहाँले आफूहरूलाई ओवाद दिएर, अनुकम्पा राख्नुभएको, पाप गर्दा निन्दा गर्नुभएको आदि उपकारलाई सम्झी हामीले उहाँलाई संवेग उत्पन्न हुने आरम्मण देखाई मुक्त गर्नुपर्‍यो भन्ने मनमा लिई अवकासको प्रतीक्षामा रहनुभयो ।

यसरी मौकाको प्रतीक्षामा रहँदा रहँदा एकदिन वाराणसी राजा सम्पूर्ण राजकीय वस्त्रालङ्कारले अलंकृत भई राजोद्यानतिर गइरहेको देखेर आकाशमार्गबाट आउनुभई राजोद्यानको द्वारमा बाँसको झारी



Downloaded from http://dhamma.digital

भएको एक ठाउँमा बसिरहनुभयो । यसरी राजकीय परिषद्ले परिबृत भई आइरहेको हुनाले परिषद्हरू नागरिकहरू पनि त्यस राजपरिषद्लाई हेर्दै जति हेरेपनि नपुग्ने गरी हेरिरहे । यसरी सबैले आफूहरूलाई हेरिरहेको हुनाले राजाले पनि सबैलाई हेर्दा हेर्दै यस्तो मनमा विचार गऱ्यो– "मलाई हेर्ने वास्ता नगरिकन बसेका पनि कोही छन् कि भनी हेरेर लैजाँदा उनी प्रत्येकबुद्धहरूलाई देखे । देख्ने बित्तिकै पहिलेको हेतु जुरेको हुनाले स्नेह उत्पन्न भएर त्यहाँसम्म गएर हात्तीबाट ओर्लेर शान्त भइकन अगाडि गएर सोधे ।

"भन्ते ! तपाईहरू को हुनुहुन्छ ? प्रत्येकबुद्धहरूले भन्नुभयो– "महाराज ! हामी *असज्जमान* हौं ।

यहाँ *असज्जमान* भनी कुनैमा नटाँसिनेलाई भनेको हो । कुनैमा नटाँसिने भनेको कसो भन्ने देखाउनुको निम्ति नै उहाँहरूले बाँसको झाङ्लाई देखाई भन्नुभयो– "महाराज ! जस्तो यो बाँसको झाङ् जरादेखि लिएर बोट सहित हाँगाबिँगा सबै एक अर्कामा धागो अल्झिएझैं अल्झिई रहेकोछ, यसलाई तलवार लिएको मानिसले फेदमा मात्र काटेर त्यस बाँसलाई तानेर लिन सक्दैन । त्यस्तै तपाई पनि भित्र पनि बाहिर पनि जटा ढिक्का परेको जस्तै आशक्तिबाट बाँधिइरहनुभएको छ । त्यसकारण तपाईलाई असज्जमान भनिँदैन ।

महाराज ! जस्तो त्यस बाँसको झाङ्को माझमा परे पनि त्यस *"वंस कलीरो"* बाँसको टुसो (भरखर निस्केको तामा) कुनै हाँगाबिँगामा नअल्झिई माथि आएको छ, त्यसलाई फेदमा काट्यो भने सजिलैसंग निकाल्न सकिन्छ । त्यस्तै हामी पनि कहीं पनि नअल्झीकन जहाँ पनि जहिले पनि जान सक्छौं । यति भनी उहाँहरू चतुर्थध्यानमा प्रवेश गरी आकाशमार्गबाट राजाले देख्दा देख्दै नै नन्दमूल पर्वतमा फर्कनुभयो ।



Downloaded from http://dhamma.digital

त्यसबेला राजाले चिन्तना गऱ्यो– "म पनि कहिले यसरी कुनैमा नअल्भीकन नटाँसिइकन *असज्जमान* हुने" यस्तो चिन्तना गरेर त्यहीं बसेर विपस्सना भावनालाई बृद्धि गर्दै प्रत्येकबुद्धत्व साक्षात्कार गर्नुभयो । अनि यही प्रत्येकबुद्धले त्यहाँ भएका राजपरिषद् र नागरिक परिषद्लाई यस गाथाद्वारा उदान प्रकट गरी त्यहाँबाट आकाशमार्गबाट जानुभई प्रत्येकबुद्धहरू रहनुभएको ठाउँमा जानुभई त्यहाँ संघस्थविरले सोध्नु भएको प्रश्नको उत्तरमा पनि यही गाथा द्वारा उदान प्रकट गर्नुभएको थियो ।

"वंसो विसालोव यथा विसत्तो,
पुत्तेसु दारेसु च या अपेक्खा ।
वंसक्कलीरोव असज्जमानो,
एको चरे खग्गविसाणकप्पो ॥४॥

अर्थ– अल्भीरहेका बाँसको भाङ् जस्तै त्यो आशक्ति हो, जुन् छोरा, पत्नी, आदिमा भइरहने हो । बाँसको टुसो भैं कहींपनि नछुने गरी नअल्भीकन गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ *"वंसो विसालो"* भनी कुल–वंशलाई वंश भनिने भएपनि यसमा वंश भनी बाँसलाई लिइराखेको भनी जान्नुपर्छ । *विसाल* भनी व्यापक रूपले फैलिएकोलाई भनेको हो । यसरी बाँसको भार विशाल रूपले अल्भिएर एक डल्लो एक ढिक्का भइरहेकालाई नै "विसालो" भनेको हो । त्यस्तै नै *"पुत्तेसु दारेसु"* भनी छोरा छोरी पत्नीहरूसंग घनिष्ठ सम्बन्ध भएर जुन तृष्णा वा स्नेह उत्पन्न भएर आशक्ति भई टाँसिइ रहने स्वभाव हो त्यसलाई नै भनेको हो ।

त्यस्तै नै बाँसको भाङ् भित्र उम्रेको बाँसको टुसो जसरी कहिँ पनि नअल्भिई अलग्ग भइरहेको हो, त्यस्तै बाँसको भाङ्



Downloaded from http://dhamma.digital

समान भएको छोरा छोरी पत्नीहरूसंग घनिष्ठ सम्बन्ध भई जुन तृष्णा वा स्नेह उत्पन्न भइरहेको आदीनवलाई देखी त्यसलाई उपेक्षा गरेर मार्गज्ञानद्वारा बाँसको टुसोलाई काटे जस्तै रूपादि, लोभादि अथवा कामभव आदि, दिट्ठि आदि वा तृष्णा, मान, दृष्टिमा नटाँसिइकन नअल्झिइकन, त्यसको दुष्परिणामलाई देखी गैँडाको एउटा मात्र सिङ हुने जस्तै एक्लै विचरण गरिरहेको छु भनी बताउनु भएको हो ।

प्रत्येकबुद्धहरू बस्ने *गन्धमादान* पर्वत पुग्न सातपत्र पर्वत नाघेर जानु पर्छ । यी सात पत्र पर्वतको नाम हुन्–

१) *चूलकाल* पर्वत, २) *महाकाल* पर्वत, ३) *नागपलिवेठन* पर्वत, ४) *चन्दगब्भ* पर्वत, ५) *सुरियगब्भ* पर्वत, ६) *सुवण्णपस्स* पर्वत, र ७) *हिमालय* पर्वत । यी सातपत्र पर्वत नाघेर मात्र गन्धमादान पर्वत पुगिन्छ । त्यहाँ *नन्दमूलक* नामको एउटा (कन्दरा) छ, त्यहीँ नै प्रत्येकबुद्धहरू बस्नुहुन्छ । त्यहाँ तीन प्रकारका गुफा छन् स्वर्ण गुफा, मणि गुफा, र रजत गुफा । त्यहीँ मञ्जुसक भनिएको रूख छ । त्यस रूखको उचाई एक योजन र चक्का पनि एक योजन छ । सोही मञ्जुसक रूखमुनि रतनमाल भनिएंको एउटा दभुलि छ, त्यहाँ प्रत्येकबुद्धहरूले आफूले सफा गर्न नपर्ने गरी हावाले नै भुईं बढार्थे, हावाले नै भुईंमा सम्म गरी बालुवा छरिदिन्थे, देवताहरूले अनोतप्त सरोबरको पानी छर्न ल्याउँथे, देवताहरूले नै हिमालयको बासयुक्त फूलको गन्ध हावाले उडाइराख्ने, फूल झारिदिने हुनाले नै त्यस पर्वतलाई गन्धमादान पर्वत भनिएको थियो । त्यहाँ ठाउँ ठाउँमा देवताहरूले नै ओछ्यान पनि बिछ्याइराख्ने गर्थे ।



Downloaded from http://dhamma.digital

सोही ठाउँमा प्रत्येकबुद्धहरू प्रत्येकबुद्ध हुने दिन र उपोसथ दिनमा सबै प्रत्येकबुद्धहरू पनि प्रत्येकबुद्धत्व लाभ गरी, त्यहाँबाट आकाशमार्गबाट त्यस बिछ्याइराखेको आसनमा बस्न आउनुहुन्थ्यो। अरू अरू प्रत्येकबुद्धहरू बसेर जम्मा भएपछि त्यहाँ केही समयसम्म समापत्ति ध्यानमा बसी केही समय पछि उठेर सबभन्दा जेठो संघस्थविरले भरखर आउनुभएको प्रत्येकबुद्धसंग "तपाईले के आरम्मण गरेर ध्यान गरी प्रत्येकबोधि प्राप्त गर्नुभएको" भनी सोध्नुहुँदा उनी प्रत्येकबुद्धले आफूले गरी आएको कमस्थान बताउने हो।

वंसकलीर गाथा वर्णन समाप्त भयो।

.................

(५)

*"मिगो अरञ्ञम्हि"* भन्ने यो गाथा उदान प्रकट गर्नुहुने एक प्रत्येकबुद्ध हुन्। त्यसलाई फेरि आयुष्मान् आनन्दले सोधेको प्रश्नको उत्तरमा भगवान् बुद्धले आज्ञा गर्नुभएको खग्गविसाण सूत्रको पाँचौं गाथाको रूपमा हामीले जान्न सकिन्छ। अट्ठकथा अनुसार उनी प्रत्येकबुद्ध हुनेले काश्यप तथागतको समयमा २०,००० वर्ष सम्म गतप्रत्यागत व्रत पालन गरी कसिण भावना अभ्यास गर्नुभएको थियो। त्यहाँबाट ब्रह्मलोकमा उत्पन्न भई त्यहाँबाट फेरि मनुष्यलोकमा वाराणसी देशमा वाराणसी श्रेष्ठीको कुलमा जन्म ग्रहण गरी आध्य, धनी महा धनवान् भई महान् भोग भोगिरहे।

यहाँ जान्नु पर्ने कुरा के हो भने– पहिले योगावचर भएर आएको भएर पनि अर्को जन्ममा त्यसलाई विषय भोगले ढाकिदिन सकिने रहेछ। तसर्थ उनी श्रेष्ठीपुत्र पनि परस्त्री गमन गर्ने



Downloaded from http://dhamma.digital

काममिथ्याचारी भए । तसर्थ उनी श्रेष्ठीपुत्र त्यस जुनिबाट च्युत भई नरकमा गई त्यहाँ धेरै दुःख भोग गरिसकेपछि पहिलेको शुभ विपाकको कारणले फेरि श्रेष्ठीकुलमा नै स्त्री भएर प्रतिसन्धि ग्रहण गरे ।

नरकबाट उक्लेका सत्त्वहरू निकै तात्तिने हुन्छन् । श्रेष्ठिनीलाई त्यो बच्चा गर्भमा रहँदा पेटमा निकै डाह भई, पेट दुख्ने गरी गर्भ धारण गरेकी थिइन् । समय पुगेपछि छोरी जन्माइन् । ती बच्चा जन्मेको दिनदेखि नै आमाबाबु अनि अरू बन्धु परिवारहरू कसैको मन नपर्ने भइन् । तरुणी भएपछि जुन कुलमा विवाह गरिएकोथियो त्यहाँ पनि पति र सासूहरूको मन नपर्ने नै भइन् ।

एकदिन नक्षत्र–उत्सब घोषणा हुँदा श्रेष्ठीपुत्रले आफ्नी स्त्रीसंग क्रीडा नगर्ने सोची एउटी नगरशोभिनी (वेश्या) ल्याई नक्षत्र–क्रीडा गर्ने योजना बनायो । यो कुरा दासीहरूको तर्फबाट जानी श्रेष्ठीपुत्रकहाँ गई अनेक प्रकारले अनुनय विनय गरी प्रार्थना गरिन् । "आर्यपुत्र ! स्त्रीजाति भनेकी दश दशवटा राजाकी बहिनी भएपनि चक्रवर्ती राजाकी छोरी भएपनि आफ्नो स्वामीकी दासी समान. हुन् । तसर्थ पतिले नबोल्दा, शूलले घोचेभैँ दुःख अनुभव हुन्छ । तसर्थ मलाई दया गर्नुहवस्, होइन साँचै नै मन नपरेको हो भने (सम्बन्ध बिच्छेद गरी) फालिदिनुहवस्, । आमाबाबुकहाँ जान्छु ।"

यस्तो भनेपछि श्रेष्ठीपुत्रले "शोक नगर, बितेको कुरा गइहाल्यो, अब नक्षत्र–उत्सबमा जानलाई चाहिँदो सामानहरू ठीक गर" भने । स्त्रीले पतिको यस्तो कुरा सुनेर भोलिपल्ट बिहान सबेरै उठी उत्साह पूर्वक रमाउँदै म पनि नक्षत्र–उत्सबमा लोग्नेसंग क्रीडा गर्न जान्छु भनी धेरै नै खाद्य, पेय पदार्थ तुल्याई चाहिँदो योजना बनाई जुटाई रहिन् । परन्तु भोलिपल्ट श्रेष्ठीपुत्रले उनलाई कुनै खबरै नदिइकन



Downloaded from http://dhamma.digital

नक्षत्र–उत्सबमा गए। स्वास्नी चाहिँ अहिले खबर आउला कि अलिछिन पछि खबर आउला कि भनी पर्खंदा पर्खंदै, बाटो हेर्दा हेर्दै दिक्क भएपछि बुझ्न मानिस पठायो। त्यो बुझ्न जानेले श्रेष्ठीपुत्र गइसक्यो भन्ने खबर जानी स्वास्नीचाहिँलाई बताए।

स्वास्नीचाहिँ पनि सबै खाने पिउने कुरा गाडामा राखी एक्लै भएपनि जान्छु भनी ठिक गरिन्। सोही बेला नन्दमूल पर्वतमा बस्नुभएका प्रत्येकबुद्धहरू सातदिन सम्म समापत्ति ध्यानमा बसी समापत्तिबाट उठी अनोतप्त सरोबरमा गई, नागलताको दतिउनले दाँत माझी, स्नान गरी "आज कहाँ भिक्षाटन गर्न जाउँ" भनी बिचार गरी हेर्दा ती श्रेष्ठी स्त्री लाई देखी "यसलाई हामीले संग्रह गरी दिंदा यसको क्लेश नष्ट भएर जान्छ" भनी जानी पर्वतको नजिक साठी योजन भएको मनोशिला भन्ने ढुङ्गाको शिरानीमा बसी चीवर पहिरी, पात्र चीवर लिई अभिज्ञापादक ध्यानले समापन्न भई आकाशमार्गबाट गई सोही केटी आउने बाटोमा झरी वाराणसी तिर जानुभयो।

दासीले प्रत्येकबुद्धहरू बाटोमा आउनुभएको देखी श्रेष्ठीपुत्रीलाई भनिन्। श्रेष्ठीपुत्री गाडाबाट ओर्ली प्रत्येकबुद्धहरूलाई आदरपूर्वक वन्दना गरी पात्र लिई सम्पूर्ण रसले युक्त खाद्य भोज्य पदार्थ भरी कमलको पातले छोपी, पिँधमा पनि कमलको पात राखी, कमलको फूलको मुठा हातले समाती प्रत्येकबुद्धहरूकहाँ गई उहाँहरूलाई पात्र अर्पण गरी वन्दना गरी, फूलको मुठा हातले समाती प्रार्थना गरिन्– "भन्ते ! म जहाँ जहाँ जन्मिन्छु त्यहाँ त्यहाँ यो फूल जस्तै धेरै मानिसहरूको प्रिय हुन पाउँ" भनी प्रार्थना गरी सकेपछि फेरि दोस्रो पल्ट प्रार्थना गरिन् "भन्ते ! गर्भमा रहनु सारै नै



Downloaded from http://dhamma.digital

दुःख छ, तसर्थ म जहाँ उत्पन्न भएपनि कमलमा नै उत्पन्न हुनपाऊँ। फेरि तेस्रो प्रार्थना गरिन् "भन्ते ! स्त्री हुनु पनि निकै घृणायुक्त छ, तसर्थ म स्त्री नभइकन पुरुष भई जन्मन पाऊँ, किनभने चक्रवर्तीकी छोरी भएपनि अर्काको बशमा रहनुपर्ने हुन्छ। फेरि चौथो पटक प्रार्थना गरिन् "यस संसार दुःखलाई पार गरेर पछि तपाईहरूले प्राप्त गर्नुभएको अमृत प्राप्त गर्न सकूँ।"

यति चारवटा प्रार्थना गरेर त्यो कमलको फूलको मुठाद्वारा पूजा गरी प्रत्येकबुद्धहरूलाई पञ्चाङ्ग प्रणाम गरी "यो फूलजस्तै गन्ध र वर्ण पनि मलाई प्राप्त होओस्" भनी प्रार्थना गरिन्। त्यसपछि प्रत्येकबुद्धहरूले पात्र र फूलको मुठा ग्रहण गरी आकाशमा बसी आशीर्वाद दिनुभयो –

इच्छितं पत्थितं तुम्हं, खिप्पमेव समिज्झतु।
सब्बे पूरेन्तु सङ्कप्पा, चन्दो पण्णरसो यथा॥

यस गाथाद्वारा श्रेष्ठीपुत्रीलाई अनुमोदन गरी श्रेष्ठीपुत्रीले हामी गएको देखून्" भनी अधिष्ठान गरी नन्दमूल पर्वतमा फर्कनुभयो। यसलाई देखी श्रेष्ठीपुत्रीमा अत्यन्त प्रीति उत्पन्न भयो, आफूले पहिले गरी आएको अकुशल कर्महरू पनि क्षीण भएर गए, अमिलोले धोएको तामाजस्तै शुद्ध भएर गयो। सोही बेला आफन्तहरूले र पतिको तर्फबाट पनि सबै आएर रमाउँदै के गर्नु पऱ्यो कसो गर्नु पऱ्यो भनी प्रीतिपूर्ण बचन बोल्दै उपहारहरू दिन आए। श्रेष्ठीपुत्रले पनि मानिसहरू पठाई उनलाई लिन पठायो। आफू पनि उद्यानमा आइरहेको छु छिटो छिटो आउनू भनी पठायो। त्यहाँदेखि लोग्नेको परिवारले फूलको माला, मोतीको माला झैं श्रीखण्ड चन्दन हृदयमा राखे जस्तै हेर बिचार गरी ल्याए।



Downloaded from http://dhamma.digital

यसरी त्यस जीवनमा बाँचुन्जेल सुख सम्पत्ति भोग गरी सुख अनुभव गरी मृत्यु पछि देवलोकमा कमलको फूलमा पुरुष भई जन्म हुन गयो । उनी देवपुत्र जाँदा पनि कमल भित्र बसेर नै जाने, बस्दा, उठ्दा, सुत्दा पनि कमल भित्र नै सुत्थे, तसर्थ उनको नाम नै महापदुम देवपुत्र रहन गयो । यस पुण्यको आनुभावले ६ वटा देवलोकमा माथि माथि जन्म ग्रहण गर्दैरहे ।

त्यसबेला वाराणसी राजाका २०००० स्त्रीहरू थिए । राजाले एउटीको गर्भबाट पनि छोरो लाभ गर्न सकेको थिएन । त्यसकारण मन्त्रीहरूले राजालाई बिन्ती गरे "देव ! कुलवंश रक्षा गर्नको निम्ति छोरो इच्छा गर्नुहवस्, आफ्नो तर्फबाट छोरो नभए "क्षत्रज" भनी धर्मपुत्र लिएर भएपनि कुलवंश स्थिर गर्नुपर्छ" यो कुरा सुनेर अग्र महारानी एउटी बाहेक अरू सबै रानीहरूलाई नर्तकी तुल्याई सातदिन सम्म "धर्म नृत्य गर" भनी आफ्ना इच्छानुसार बाहिर विचरण गर्ने अनुमति दिए । तैपनि पुत्र लाभ भएन ।

फेरी अमात्यहरूले बिन्ती गरे "महाराज ! जुन सत्यवादी र शीलवती हुन्छिन् उनलाई पुत्र लाभ हुनसक्छ, तपाईंकी अग्रमहिषी पुण्य र प्रज्ञामा सबै रानीहरूमा अग्र हुनुहुन्छ तसर्थ अग्र महारानीको गर्भबाट पुत्र लाभ हुनसक्छ" । राजाले यो कुरा अग्र महारानीलाई बताए, महारानीले "महाराज ! जुन स्त्री सत्यवादी र शीलवती हुन्छ उसले पुत्र लाभ गर्न सकिन्छ । हिरी ओतप्प नभएकालाई कसरी पुत्र लाभ हुन्छ ?" भनी प्रासादबाट ओर्ली पञ्चशील समादान गरी, बारम्बार पुत्रको कामना गरेर प्रार्थना गरिन् । शीलवती राजपुत्रीले पञ्चशीलमा प्रतिष्ठित भइकन पुत्रको कामना गरेर प्रार्थना गर्ने बित्तिकै देवराज इन्द्रको आसन तात्तिएर आयो ।



Downloaded from http://dhamma.digital

त्यसपछि देवराज इन्द्रले आसन तप्तिएर आएको कारण बिचार गरी हेर्दा यस कुरालाई जानी "शीलवती राजपुत्रीलाई पुत्र वरदान दिन्छु" भनी आकाशमार्गबाट गई देवीको अगाडि उभिएर "तिमीले के वर माग्छयौ" भनी सोध्नुभयो। महारानीले पुत्र माग्छु भनेपछि "तिमीले चिन्ता नगर, पुत्र दिन्छु भनी आश्वासन दिएर देवलोकमा गई आयु क्षीण भैसकेका कुनै छन् कि भनी बिचार गरी हेर्दा महापदुम देवपुत्र त्यहाँबाट माथिल्लो देवलोकमा उत्पन्न हुने इच्छा गरिरहेको छ भन्ने जानी उसको विमानमा गएर मनुष्यलोकमा उत्पन्न हुन जाऊ भनी याचना गरे। महापदुम देवपुत्रले महाराज ! यस्तो नभन्नुहोस्, मनुष्यलोक भनेको घृणायुक्त छ भने। इन्द्रले "तात ! तिमी मनुष्यलोकमा पुण्य गरेर नै यहाँ उत्पन्न हुन आएका हौ, तसर्थ त्यहाँ बसेर पारमिता पूर्ण गर्न जाऊ" भने। त्यत्तिबेला पनि मारिष गर्भमा रहनु भनेको सारै नै दुःख छ, म जान सक्दिनँ, म त्यहाँ बस्न सक्दिनँ भनेपछि इन्द्रले "तिमीले गर्भमा रहनु पर्दैन, तिमीले त्यस्तो पुण्य कर्म गरी आएका छौ कि, तिमी त्यहाँ कमलको फूल भित्र नै प्रतिसन्धि ग्रहण गरेर उत्पन्न हुनेछौ जाऊ" भनी बारम्बार भने।

त्यसपछि महापदुम देवपुत्र देवलोकबाट च्युत भई वाराणसी राजाको मङ्गल पुष्करिणीमा कमलको फूल भित्र उत्पन्न हुनगए। सोही दिन राति अग्र महिषीलाई ब्रह्म मुहुर्तमा "२०,००० स्त्रीहरूले परिबृत गराई उद्यानमा जाँदा मङ्गल पुष्करिणीमा कमलभित्र एउटा पुत्र लाभ भयो" भन्ने स्वप्न देखिन्। महारानी सबेरै उठी शीललाई रक्षा गर्दै तुरुन्त त्यहाँ हेर्न जाँदा त्यहाँ एउटा ठूलो कमलको फूल देखिन्। त्यो कमल न छेउमा न गहिरो ठाउँमा थियो। कमल



Downloaded from http://dhamma.digital

देख्नेबित्तिकै पुत्रस्नेह उत्पन्न भयो। अनि उसले स्वयं पोखरीमा उत्री त्यो फूल टिप्न गइन्। फूल टिप्ने बित्तिकै पात सबै फक्रेर त्यसभित्र ढालिराखेको सुवर्ण प्रतिमा जस्तो बालक देखेर "मलाई पुत्ररत्न लाभ भयो" भनी शब्द प्रकट गरिन्। समस्त जनताहरूले पनि हजारौं साधुवाद दिए। राजालाई पनि खबर पठाए। राजाले यो खबर सुनेर कहाँ प्राप्त भयो भनी सोधी प्राप्त भएको ठाउँ जानिसकेपछि "उद्यान र पुष्करिणी अनि कमल पनि हाम्रै क्षेत्रमा पर्दछ तसर्थ हाम्रो क्षेत्रमा जन्मेको यसलाई "क्षेत्रज" भनी नामकरण गरी नगरमा भित्र्याई २०,००० स्त्रीहरू धाइआमा राखीदिए। ज-जसले कुमारको इच्छ्यालाई जानेर जे जे भन्छ सोही खुवाउनु पिलाउनु भनी तिनीहरूलाई हजार हजार रुपैंञा दिए। कुमार क्रमशः हुर्किई किशोर अवस्थामा पुगे।

त्यतिबेला सम्पूर्ण वाराणसीमा हलचल भयो, सबैले कुमारलाई हजारौं उपहारहरू पठाए। धेरै धाईआमाहरूले सधैंभरि यो खाऊ त्यो खाऊ भन्दै भोजन गराउँदा वाक्क भई दिक्क मानी एकदिन ढोकामा गई गुच्चा खेलिरहे।

त्यस बखत प्रत्येकबुद्ध वाराणसीको ऋषिपत्तनमा जान भनी सबेरै उठी शयनासन व्रत (शरीरमा गर्नुपर्ने सबैकाम) टुङ्ग्याई, ध्यान गरी, ध्यानबाट उठी, आज कहाँ भिक्षाटन गरौं" भनी बिचार गरी हेर्दा राजकुमारको पुण्य सम्पत्तिलाई देखी "यसले पहिले कुन कर्म गरी आएको छ" भनी बिचार गरी हेर्दा "म जस्तै प्रत्येकबुद्धलाई पिण्डपात्र दान गरी चारवटा प्रार्थना गरी आएकोमा तीनवटा पूर्ण भइसक्यो, अब एउटा बाँकी छ, तसर्थ त्यसको निम्ति आरम्मण देखाइदिन्छु" भनी भिक्षाचार जाने क्रममा कुमारको नजिक जानुभयो।



Downloaded from http://dhamma.digital

कुमारले उनी आउनु भएको देखेर "श्रमण यहाँ नआऊ यिनीहरूले तिमीलाई पनि यो खाऊ त्यो खाऊ भन्ला" भने। प्रत्येकबुद्ध पनि एकै बचनमा त्यहाँबाट फर्की आफू बस्ने ठाउँमा जानुभयो।

कुमारले अरूलाई भने– "यो श्रमण मैले यहाँ नआऊ भनेको हुनाले मदेखि रिसाई फर्के।" अनि तिनीहरूले "प्रव्रजित भनेका रिसाउँदैनन्, जहाँ प्रसन्न मनले जे दियो त्यहाँ सोही ग्रहण गर्छन्। त्यसो भनेपनि "श्रमण मदेखि रिसाएकै हो, क्षमा माग्न जान्छु" भनी आमाबाबुलाई खबर पठाई हात्तीमा चढी महान राजानुभावले ऋषिपत्तनमा गए। त्यहाँ मृगहरूको बथान देखेर सोधे– यिनीहरूलाई के भन्छन् ? "स्वामी ! यिनीहरूलाई मृग भन्छन्। कुमारले फेरि सोधे– "यिनीहरूलाई पनि यहाँ यो खाऊ त्यो खाऊ यो चाट भन्छन् ? हेर बिचार गर्छन् ? तिनीहरूले छैन स्वामी, यहाँ यिनीहरू जहाँ जहाँ घाँस छ, पानी छ, त्यहाँ त्यहाँ सुखपूर्वक चर्न जान्छन्, यिनीहरूलाई कसैले खाऊ पिऊ भनी बिचार गर्ने छैनन्" भनेपछि कुमारले "जसरी यिनीहरू रक्षा गर्न नपर्ने गरी जहाँ मनलाग्यो त्यहाँ जान्छन्, म पनि यस्तै नै कहिले बस्न पाउँला" भनीं यही आरम्मण ग्रहण गरे।

उता प्रत्येकबुद्ध पनि कुमार आउनेछन् भन्ने जानी शयनासन र चंक्रमण स्थल सफा गरी सिँगारी, एक दुई पटक चंक्रमण गरी, पैतलाको चिन्ह देख्ने गरी, दिवा विहार गर्ने ठाउँ र पर्णशाला सफा गरी सिँगारी, भित्र पसेको पैतलाको चिन्ह मात्र देखिने बाहिर निस्केको पैतलाको चिन्ह नदेखिने पारी अर्कै ठाउँमा जानुभयो। कुमार त्यहाँ गई सफा गरिराखेको ठाउँ देखी "यहीँ प्रत्येकबुद्ध बस्नुभएको होला। बिहान पनि रिसाउनु भयो, अहिले पनि हात्ती घोडा सबै आफ्नो



Downloaded from http://dhamma.digital

आश्रममा देखेभने रिसाउलान्, तिमीहरू सबै यहीं बसिराख" भनी हात्तीबाट ओर्ल्ही आफू एक्लै हेर्न गए। त्यहाँ बस्ने ठाउँ, भित्र पस्ने ठाउँमा छेउदेखि राम्रोसंग सफा गरिराखेको ठाउँमा पैतलाको चिन्ह देखी "यो श्रमण यहाँ चंक्रमण गरी, वाणिज्यकर्म चिन्तना गर्ने होइन होला, वरू आफूलाई हित हुने श्रमण धर्मकै चिन्तन गरिरहेको हुनुपर्छ" भनी मनमा चिताई प्रसन्न मन गरी चंक्रमण गर्ने ठाउँमा गएर, यंता उताको वितर्कलाई पन्छाई शिला फाँटमा बसेर उत्पन्न भएको एकाग्र चित्तले पर्णशालामा पसी, समथ र विपस्सना ध्यान बृद्धि गरी प्रत्येकबोधि ज्ञान प्राप्त गर्नुभयो। पछि पुरोहितहरूले कर्मस्थान सोध्दा आकाशमा बसेर यो गाथा अभिव्यक्त गर्नु भएको हो।

मिगो अरञ्ञम्हि यथा अबद्धो,
येनिच्छकं गच्छति गोचराय।
विञ्ञू नरो सेरितं पेक्खमानो,
एको चरे खग्गविसाणकप्पो ॥५॥

अर्थ– जसरी जंगलमा मृग स्वच्छन्दले जता मनलाग्यो उता चर्न जान्छन्, त्यस्तै विज्ञ मानिसहरू स्वच्छन्दताको कामना गर्दै गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ *"मिगो"* भनी दुई प्रकारका मृगहरूलाई भनिन्छ। हुनत जंगलमा बस्ने चारपाउ टेक्ने सबै मृगहरूलाई मृग भन्छन्, परन्तु यहाँ दुई प्रकारका *एणीमृग* र *पसादमृग* भनी दुई प्रकारको भएपनि पसादमृगलाई लिइराखेको हो।

*"अरञ्ञम्हि"* भनी ग्राम र ग्रामसंग सम्बन्धित आदिलाई छाडी बाँकी रहेकोलाई अरञ्ञ भनिन्छ। यहाँ उद्यान भए उद्यान नै



Downloaded from http://dhamma.digital

भन्ने भएपनि उद्यानलाई नै यहाँ अरञ्ञ भनी लिइराखेको भयो, जस्तै मृगदावन मृगहरू बस्ने उद्यान हो। मृगदावनमा मृगहरूलाई कुनै भय नहुने गरी अभय दिइराखेको हुनाले त्यहाँ रहेका मृगहरूलाई कुनै पनि भय लिन नपर्नेगरी स्वतन्त्रता दिइराखेको हो।

*"अबद्धो"* भनी कुनै प्रकारका बन्धनले नबाँधिएका हुनाले *"विसत्थचरियं"* भनी आफ्नो मनलागेको ठाउँमा जान सकिने भनेको हो।

*"येनिच्छकं गच्छति गोचराया"* भनी कहाँ कुन दिशातिर जान मन लाग्यो त्यहाँ त्यस दिशामा चर्न जाने भनेको हो। अरञ्ञमा बस्ने मृगहरू त्यहाँ चर्न जाँदा शंका डर भय कुनै लिनु नपर्ने गरी स्वतन्त्रतापूर्वक रहन्छन्, बस्छन्, उठ्छन्, सुत्छन्। किनभने तिनीहरूलाई त्यहाँ गाउँमा र गाउँको सम्पर्क भएको ठाउँमा जस्तै ब्याधा आदिको भय पनि हुँदैन। यस्तै नै भिक्षुहरूले पनि जुन बेला पञ्चकामलाई छाडी प्रथमध्यान आदि प्राप्त गरी विहार गर्छन् त्यसबेला भिक्षुहरूले मारले देख्न नसकिने गरी मारलाई बध गरिरहेको हुन्छ।

*"विञ्ञू नरो"* भनी विज्ञ पण्डितहरूले *"निक्खमानो"* प्रज्ञाचक्षुबाट हेरेर *"सेरितं"* स्वच्छन्द रूपले अर्थात धर्मको प्रभावले लोकुत्तर धर्मलाई नै यहाँ सेरित भनिएको हो। किनभने लोकुत्तर धर्मद्वारा नै क्लेशकामबाट मुक्त भई धर्म सम्पन्न भइरहने हुन्छ, सोही धर्म सम्पन्न भइरहेका पुद्गलहरूलाई *"पुद्गल सेरित"* भन्दछ। यही कुरालाई प्रज्ञा ज्ञानले देखी जस्तो मृग अरञ्ञमा कुनै पनि बन्धनले रहित भई स्वच्छन्द रूपले चरिरहने, आफ्नो मनलागेको ठाउँमा जाने गर्छन्, त्यस्तै नै म पनि कहिले स्वच्छन्द रूपले जान पाइन्छ भन्ने मनमा सोची "म तिमीहरू र परिवारहरूसंग बसेर



Downloaded from http://dhamma.digital

बन्धनले बाँधिएर बसीरहें भने आफ्नो मन लागेको ठाउँमा जान सक्दिन भनी, यही आनिसंसलाई देखी यथाक्रमले समथ र विपस्सना परिपूर्ण गरी प्रत्येकबोधि ज्ञान प्राप्त गरें" भनी बताई तिमीहरू पनि स्वच्छन्द हुन, क्लेशबाट अलग हुन, प्रज्ञाचक्षुले हेरी गैंडाको एउटा मात्र सिङ भए जस्तै एक्लै विचरण गर" भन्ने कुरा बताउनु भएको हो।

मिगो अरञ्ञ गाथा वर्णन समाप्त भयो।

................

(६)

*"आमन्तना होति"* भन्ने यस गाथालाई उदान प्रकट गर्ने एउटा प्रत्येकबुद्ध हुन्। त्यसलाई फेरी आयुष्मान् आनन्दले सोधेको प्रश्नको उत्तरमा भगवान् बुद्धले आज्ञा गर्नुभएको खग्गविसाण सूत्रको छैठौं गाथाको रूपमा जान्न सकिन्छ। अट्ठकथा अनुसार गाथाको उत्पत्तिको कारण कसो भने– पहिले वाराणसी देशमा एकवज्जिक नामको ब्रह्मदत्त राजा भएर गएका थिए। उनी राजा सारै नै नरम स्वभावको सोझो कमलो मन भएको थियो। त्यसकारण अमात्यहरूले उसलाई मानो खेलौना जस्तै मनपरी प्रयोग गर्थे। हेला पनि गर्थे, कहिले काहीं राजालाई फकाई आफ्ना मनपरेका ठाउँमा पनि लिएर जान्थे। राजा पनि तिनीहरूले भनेको मानेर जे भन्यो सोही गर्थे। कहिले काहीं राजा दिनमा एक्लै बसेर आराम लिइराखेको ठाउँमा पनि अमात्यहरू गएर चित्तमा शान्ति नदिने, त्यहीं दुःख दिन जान्थे– "महाराज ! त्यसरी आराम लिएर बस्ने हो र" भन्न जाने, आफूले भनेको ठाउँमा लैजाने गर्थे। तिनीहरूले त्यसो गरेता पनि राजा नरिसाएर तिनीहरूले भने बमोजिम गर्थे।



Downloaded from http://dhamma.digital

त्यस्तै कहीं एक ठाउँमा बसिरहे पनि बस्न दिँदैनथे, हात्तीमाथि बसिरहे पनि घोडा चढिरहे पनि रथमा बसिरहे पनि पालकीमा बसिरहे पनि उद्यानमा बसिरहेपनि आनन्दले बस्न पाउँदैथे, ती अमात्यहरूले अनेक प्रकारले दुःख कष्ट दिने गर्थे।

यस्तो भएको हुनाले राजालाई पछि निकै नै दुःख भएर आयो। यी अमात्यहरूले मलाई अलिकति पनि आराम गर्न दिएनन्, अनाहकमा अनेक कुरा गरी चित्तमा शान्ति दिएन भनी राजाले राजपाठ सबै त्यागी प्रव्रजित भए। यसरी राज्य त्याग गर्दा अमात्यहरूलाई झन सजिलो भयो, आफूले भनेजस्तो, मनपरी गरी ती धूर्त चतुर अमात्यहरू आफूहरू ऐश्वर्यवान भई राजकोषलाई मनपरी प्रयोग गरे।

यति गरेर नपुगी प्रव्रजित भइरहेको राजालाई सम्म पनि चित्तमा शान्ति दिएनन्। त्यहीं गएर पनि "महाराज! फलानो गाउँ मलाई दिनुपर्‍यो, फलानो जनपद मलाई दिनुपर्‍यो" इत्यादि भनी हायल कायल गर्न जान्थे। यस्तो हुँदा हुँदा फेरि फेरि पनि भन्न जाँदा "फलानो गाउँ फलानो निगम फलानो जनपद फलानोलाई दिइसकें भने पनि त्यस कुरालाई वास्ता नगरी त्यो गाउँ, त्यो निगम, त्यो जनपद त मलाई दिएको हो भनी त्यस ठाउँमा झगडा गर्न जान्थे। अनि आफूले लिएकाले फेरि राजाकहाँ कराउन जान्थे, परस्पर दोष दिई कचकच गर्न आउँथे।

त्यस कारण एकदिन राजाले मनमा सोच्यो– "मैले यिनीहरूलाई जतिसुकै स्वच्छन्द रूपले व्यवहार गरे पनि यी मूर्खहरूलाई कहिल्यै अघाउन सकिएन, यिनीहरूको लोभी चित्तलाई पूरा गर्न सकिएन, यिनीहरूसंग बसेर, यिनीहरूसंग सम्पर्क राखेर



Downloaded from http://dhamma.digital

भएन भनी तिनीहरूलाई वास्ता नगरी ध्यान भावनामा लागे। यसरी लोभको आदीनवलाई देखी विपस्सना ध्यान भावना बृद्धि गर्दै जाँदा पहिले पहिले गतप्रत्यागत व्रत पूरा गरी आएको र अहिले पनि आशक्तिलाई छाडी अभ्यास गरेको हुनाले पहिलेको कुशल संस्कार भएको कारणले गर्दा प्रत्येकबोधि ज्ञान प्राप्त गर्नुभयो। त्यसरी प्रत्येकबोधि लाभ गरिसकेपछि विमुक्तिसुखलाई अनुभव गरिरहेको बखतमा परिषद्हरूले तपाईले प्रत्येकबुद्ध हुनलाई के आरम्मण गरी विपस्सना बृद्धि गर्नुभएको हो भनी सोध्दा त्यो भाव व्यक्त गर्न यो गाथा आज्ञा गर्नुभएको हो।

"आमन्तना होति सहाय मज्झे,
वासे ठाने गमने चारिकाय।
अनभिज्झितं सेरितं पेक्खमाानो,
एको चरे खग्गविसाणकप्पो ॥६॥

अर्थ– कहीं बस्दा ,उठ्दा, जाँदा, वा चारिका गर्दा मित्रहरूसंग अनेक प्रकारका कुरा निस्कन्छन्। तसर्थ अनपेक्षभाव र स्वच्छन्दताको कामना गर्दै गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ *"सहायमज्झे"* भनी साथी भाईहरू, सुहृद्रय मित्रहरू, भनी तिनीहरूप्रति सधैंभरि दिउँसो बस्ने ठाउँमा, जनपद चारिका गर्ने बेलामा, उपस्थानशालामा, उद्यानमा जाँदा, पनि *"आमन्तना"* भनी कुराकानी गर्ने, यताउताको असल खराब कुराहरू सुन्न पर्ने हुनाले कहीं पनि आरामसाथ बस्न पाउने भएन। तसर्थ उठिरहे पनि, बसीरहे पनि, गइरहे पनि, पल्टिई रहे पनि आरामसाथ बस्न नपाउने यस संसारको अवस्था हो। यो कुरा सुनिदेऊ यो मलाई देऊ भन्ने आदि आमन्त्रण भइ नै रहने, त्यसकारण मैले त्यसको आदीनवलाई



Downloaded from http://dhamma.digital

जानेर, जुन आर्य जनहरूले मन पराउने अनेक आनिसंस भएको, एकान्त सुखको निम्ति, लोक जनहरूले लाभ गरिरहने लोभमा नटाँसिई, न फँसी, "*अनभिज्भित*" भनेको कुनैमा पनि लोभ लालच नराखी, कुनै वस्तु पनि मलाई चाहिन्छ भन्ने भाव नराखी प्रव्रजित भएँ। लोभलाई टाढा गर्दै लगें। जुन लोभलाई अज्ञानी मानिसहरूले आफ्नो बशमा राख्न नसकिने हुन्छ, त्यसलाई मैले बशमा राखी, लोभको बीचमा नफँसी, स्वच्छन्द भनेको धार्मिक स्वच्छन्दता र पुद्गल स्वच्छन्दता दुवैलाई देखी विपस्सनालाई भाविता गरी, प्रज्ञाचक्षुले राम्रोसंग हेरी विपस्सना बृद्धि गरी यथा क्रमले प्रत्येकबुद्धत्व साक्षात्कार गरेको हुँ भनी बताउनु भएको हो।

तसर्थ हामीपनि उठिरहे पनि, बसीरहे पनि, चंक्रमण गरिरहे पनि पल्टिई रहे पनि, साथीहरूको समूहमा बसिरहँदा पनि यता उताको कुरा सुनी रहनुपर्ने, गर्नुपर्ने, यस्तोमा लोभ लालच नराखी स्वच्छन्द भई गैंडाको एउटा मात्र सिङ हुने जस्तै एक्लै विचरण गर।

यस गाथाको अभिप्राय अनुसार मानिसहरूको समूहबाट एक्लै हुनु भन्दा पनि राग आदि क्लेशले नछुने गरी त्यसबाट अलग्ग भई रहनेलाई एक्लै विचरण गर भनेको अट्ठकथाचार्यहरूको भनाईलाई सम्झन योग्य छ।

................

(७)

"*खिड्डा रति होति*" भन्ने यो गाथा उदान प्रकट गर्ने एउटा प्रत्येकबुद्ध हुन्। त्यसलाई फेरि आयुष्मान् आनन्दले सोधेको प्रश्नको उत्तरमा भगवान् बुद्धले आज्ञा गर्नुभएको खग्गविसाण सूत्रको सातौं गाथाको रूपमा हामीले जान्न सकिन्छ। अट्ठकथा अनुसार यस



Downloaded from http://dhamma.digital

गाथाको उत्पत्तिको कारण कसो भने– पहिले वाराणसी देशमा एकपुत्तक ब्रह्मदत्त नामका एक राजा थिए। ऊ राजाको एक्लो छोरो हुनाले त्यो छोरो प्राण समान प्यारो हुनाले खाँदा पिउँदा र जहाँसुकै गए पनि बसे पनि सुते पनि त्यो छोरो अगाडि नभएसम्म केही नगर्ने भएका थिए।

एकदिन उद्यानमा जाँदा छोरालाई राजदरवारमा छाडी घुम्न गएका थिए। राजकुमार पनि राजा उद्यानमा घुम्न गएको बेलामा नै एउटा रोग लागी परलोक भयो। अमात्यहरूले पनि यो कुरा राजालाई बताउँदा पुत्रशोकले गर्दा मुटु फुटेर परलोक हुन सक्छ भनी नबताइकन नै दाह संस्कार गरिदिएका थिए। राजा पनि उद्यानमा गएर रक्सी सेवन गरी मस्त भइरहेको हुनाले छोरो सम्भेनन्। भोलिपल्ट स्नान गर्दा भोजन गर्दा पनि रक्सीको सुरले गर्दा छोरो सम्भेनन्। खान पीन पछि बसिरहेको बेलामा छोरालाई सम्भी छोरा लिएर आऊ भनी आज्ञा गरे।

अमात्यहरूले राजालाई अनेक प्रकारले उचित तरिकाले कुरा गरी भएको कुरा जाहेर गरे। अनि शोकले अभिभूत भइरहेको बेलामा राजाले यसरी योनिसो मनसिकार (योग्य ढंगले) मनमा चिताए कि प्राण समान एक्लो छोरो परलोक भएकोलाई "यो भएको हुनाले यो भएको हो, यो कारणले गर्दा यो कार्य बन्यो, उत्पन्न भयो। यो उत्पन्न भएको कारणले गर्दा नै यो कार्य बन्यो (फेरि यस्तो भयो" भनी प्रतित्यसमुत्पाद अनुसार स्मरण गरी लिए। किनभने छोरो प्रति भइरहेको स्नेहको कारणले गर्दा त्यो छोराको मृत्यु हुँदा यो शोक उत्पन्न भएको हो। यसरी यो उत्पन्न भएको कारणले गर्दा नै यो उत्पन्न भएको हो, फेरि मेरो छोरो मेरो छोरो भन्ने आशक्तिको



Downloaded from http://dhamma.digital

कारणले उपादान उत्पत्ति भयो, उपादानको कारणले गर्दा नै भव उत्पन्न हुने हो । यसरी भव भएको हुनाले नै जाति भएको हो, जाति भएको हुनाले नै जरा, व्याधि, र मरण भएको हो भनी ***कम्मभव*** र ***उपपत्तिभव*** भनिएको दुई प्रकारको भवको कारणले नै छोरो भन्ने तृष्णा उत्पत्ति भएको हो । सोही छोरो भन्ने तृष्णाको कारणले नै आफ्नोलाई मन पराउने कर्म भयो, यही कर्मले गर्दा जाति आदि भएर आयो । सोही जातिले छोरा भएको हुनाले उनी छोराको मृत्यु हुँदा शोक उब्जेर आयो ।

यसरी प्रतित्यसमुत्पादलाई अनुलोम र प्रतिलोम अनुसार सम्झेर बिचार गर्दै लगे । यस्तै के भएन भने के हुँदैन भन्ने विषयमा पनि प्रतित्यसमुत्पादलाई राम्रोसंग सम्मस्सन गरी परामर्शन गर्दा प्रत्येकबोधि ज्ञान साक्षात्कार गरेर लिनुभयो ।

अरू कुरा उनी राजाले असल संस्कार तुल्याई राखेको हुनाले यसरी छोराको मृत्यु भएको शोकमा पनि शोक गर्नुको सट्टा प्रतित्यसमुत्पादलाई सम्झन सक्यो । पहिले रक्सीले मस्त भइरहेको बेलामा छोरालाई सम्झनसम्म पनि सकेन । परन्तु पहिलेको संस्कारले गर्दा रक्सीको सुर हराउने बित्तिकै छोराको शोकलाई रक्सी पिएर बिर्सनेतिर नलागी प्रतित्यसमुत्पादलाई सम्झेर शोक नगर्न सफल भयो ।

त्यसकारण सजग हुन सकियो भने अतीतको कर्मले वर्तमानमा गर्न नहुने खराब अवस्थामा परी दुःख भएपनि अनागत (भविष्यको) निम्ति यस वर्तमान अवस्थामा कर्म सच्याउन सकिन्छ । सजग हुन सकिएन भने वर्तमानमा दुःख हुँदा अनागत (भविष्यमा) असल हुने बाटोमा लाग्न नसकी फेरि पनि गर्न नहुने खराब कार्यमा पर्न जान सक्नेलाई हामीले चालपाउनु पर्छ ।



Downloaded from http://dhamma.digital

यसरी ती राजा प्रत्येकबुद्ध भई समापत्ति सुखमा एकाग्र मनले विमुक्तिसुख अनुभव गरिरहेको समयमा अमात्यहरूले सोध्दा राजाले पहिले जस्तै यस गाथा द्वारा आफू प्रत्येकबुद्ध भएको र जुन आरम्मणलाई ग्रहण गरेर विपस्सना भावना बृद्धि गरेको हो सो कुरा गाथाद्वारा आज्ञा गर्नु भएको हो ।

**खिड्डा रती होति सहायमज्झे,**
**पुत्तेसु च विपुलं होति पेमं ।**
**पियविप्पयोगं विजिगुच्छमानो,**
**एको चरे खग्गविसाणकप्पो ॥७॥**

अर्थ– मित्रहरूसंग क्रीडा र रति हुन्छ, अनि छोराहरूमा विपुल प्रेम, प्रियजनहरूसंग वियोग हुन नचाहनेले गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ *"खिड्डारति"* भन्नेमा *खिड्डा* भनी खेल्नेलाई भनिन्छ, त्यो क्रीडा दुई प्रकारका छन् । ती के हुन् भने– कायिक क्रीडा र वाचसिक क्रीडा । शारीरिक क्रीडा भनी शारीरिक रूपले खेल्ने आदि र हात्ती घोडा रथ आदि चढ्नेलाई भनिन्छ भने वाचिक क्रीडा भनी सुसेल्नेदेखि लिएर बाजाहरू फुक्ने, गीत गाउने आदिलाई भनिन्छ, *रति* भनेको पञ्चकामगुणमा रमाउनेलाई भनिन्छ । यी खेल्ने पनि साधारण मात्र नभई *विपुलं* भनी बेस्करी दुःखित हुने किसिमले नै खेल्ने, सारा शरीरमा ब्याप्त हुने तरिकाले खेलिनेलाई नै यहाँ *खिड्डारति* भनिराखेको हो । यसरी आफूलाई कष्ट हुने स्थानमासम्म फिँजिएर जाने तरिकाले क्रीडा गर्दा उत्पन्न हुने नै *खिड्डारति* हो । तसर्थ यस्ता रतिको विपरिणाम आदि आनिसंसलाई देखी त्यसलाई त्याग गरी गैंडाको एउटा मात्र सिङ भए जस्तै एक्लै विचरण गर भनेको हो ।



Downloaded from http://dhamma.digital

यसरी अमात्यहरूलाई आफू प्रत्येकबुद्ध भएको कुरा प्रकट गरी आकाशमार्गबाट गन्धमादान पर्वतमा जानुभई त्यहाँ रहनु भएका प्रत्येकबुद्धहरूको बीचमा बिछ्याइराखेको आसनमा बस्न जानुभयो। त्यहाँ पनि प्रत्येकबुद्धहरू मध्ये संघप्रमुख प्रत्येकबुद्धले "के आरम्मणलाई ग्रहण गरेर विपस्सना भावना बृद्धि गरी प्रत्येकबोधित्व लाभ भएको" भनी सोध्नुभएको प्रश्नमा उहाँले यही गाथाद्वारा आफूले ग्रहण गरेको आरम्मणलाई प्रकट गरी बताउनु भएको हो।

खिड्डारति गाथा वर्णन समाप्त भयो।

..........................

(८)

"*वातुद्दिसो अप्पतिघो च होति*" यस गाथाको उत्पत्तिको विषय के हो भने– पहिले काश्यप तथागतको समयमा पाँचजना प्रत्येकबोधिसत्त्वहरू प्रव्रजित भएर २०,००० वर्षसम्म गतप्रत्यागत व्रत पूरा गरी देवलोकमा उत्पन्न हुन गए। त्यहाँबाट च्युत भई यिनी मध्ये जेठो वाराणसीका राजा भए। अरू चारजना प्रान्तीय राजा भई जन्म ग्रहण गरे। उनी चारैजना प्रान्तीय राजाहरू कर्मस्थान उत्पन्न गरेर राज्य छाडी प्रव्रजित भई यथाक्रमले प्रत्येकबुद्ध भई नन्दमूल पर्वतमा जानुभयो। एकदिन समापत्तिबाट उठेर वंसकलीर गाथामा बताए जस्तै आ-आफ्नो कर्म र उद्योगलाई बिचार गरी हेर्दा आफूहरू पहिले पाँचजना साथीहरू बसेर गतप्रत्यागत-व्रत पूरा गरी आएको, जेठोसाथी एकजना वाराणसीमा राजा भइरहेकोलाई देख्नुभयो।

ती वाराणसी राजाभने राती राती डराई बिशब्द बिशब्दले



Downloaded from http://dhamma.digital

चिच्याई यता उतै दगुर्ने भैराखेको हुनाले त्यस राज्यमा रहेका ब्राह्मण पुरोहितहरूले उनी डराउने रोगले ग्रस्त भैराखेका राजालाई यस रोगको कारणले गर्दा राज्यमा हेर बिचार गर्न नसकेको जानी एकदिन राजालाई "महाराज ! आरामसाथ शयन गर्नु भएको छ कि" सोध्दा राजाले "आचार्य हो ! कहाँको आरामसाथ सुत्न सक्नु भनी आफूलाई भएको सबै कुरा बताए। पुरोहितहरूले यस रोगलाई जतिसुकै विरेचन आदि उपचार गरे पनि निको तुल्याउन नसकिने, हामीलाई पनि खाने बाटो हुने भनी विचार गरेर राजालाई यसबाट राज्यमा हानि हुन सक्ने, जीवनमा पनि हानि हुन सक्ने पूर्व निमित्त हो महाराज ! " भनी राजालाई राम्रैसंग हातमा लिई यस रोगलाई शान्त गर्न यति यति हाथी, घोडा, रथ, आदि सुन, चाँदी, हीरा, मोती, जवाहरात, दक्षिणा दिएर यज्ञ गर्नु पर्दछ भनी यज्ञको प्रबन्ध गराएका थिए।

त्यसबेला प्रत्येकबुद्धहरूले यसरी अनेक प्राणीहरू हजारौं यज्ञको निम्ति बाँधिराखेको आफ्नो ध्यानबलले देख्नुभयो। तसर्थ उनी राजालाई यो खराब कर्म गर्न नपाउँदै नै संवेग उत्पन्न गर्नुपर्छ भनी वंसकलीर गाथामा जस्तै त्यसयज्ञ गर्ने ठाउँको दायाँ बायाँ पिण्डाचार गरी राजाङ्गणमा पुग्न जानुभयो।

राजाले पनि सिंहपञ्जर झ्यालमा गएर हेर्दा यज्ञ गर्ने ठाउँको नजिकै प्रत्येकबुद्धहरूलाई देखे। देख्ने बित्तिकै पहिले पहिले संगै बसेर आएको पूर्वस्नेहको कारणले उहाँहरूलाई देख्नासाथ स्नेह उत्पन्न भयो। अनि उहाँहरूलाई डाक्न पठाइ आकाशमै बिछ्याइराखेको आसनमा बसाली, उत्तम प्रणीत भोजन गराई भोजन पछि "तपाईंहरू को हुनुहुन्छ भनी सोधे। प्रत्येकबुद्धहरूले "महाराज !



Downloaded from http://dhamma.digital

हामी "चातुद्दिसो" चारै दिशामा स्वतन्त्र रूपले, सुखपूर्वक विहार गर्ने हौं" भनी बताए ।

राजाले पनि "चातुद्दिसा" भनेको के हो भनी सोधेपछि पूर्व दक्षिण पश्चिम उत्तर यी चारै दिशामा कहीं पनि केही पनि भय, त्राश, उपद्रव र अन्तराय भनेको नभएको, सो भय, त्राश, उपद्रव र अन्तरायबाट अलग भएर बस्न सकिने हुनाले हामीलाई चातुद्दिसा भनिन्छ भनी बुझाइदिए ।

राजाले भन्ते ! तपाईहरूलाई कुन कारणले यसरी भय, त्रास, उपद्रव नहुने भएको हो भनी सोधेपछि प्रत्येकबुद्धहरूले महाराज ! हामीले जहिले पनि मैत्री भावना, करुणा भावना, मुदिता भावना, उपेक्षा भावना गरी चतुरब्रह्मविहारलाई भाविता गरिराखेका छौं । तसर्थ हामीलाई कुनै भय, त्रास, उपद्रव र अन्तराय नभएको हो भनी बताई आसनबाट उठी आफूहरू बस्ने गन्धमादान पर्वतको नन्दमूल पर्वतमा गए ।

अनि राजाले विचार गरे– यी श्रमणहरूले मैत्री आदि भावना गरेपछि भय हुँदैन भने, ब्राह्मण पुरोहितहरूले भने अनेक हजारौं प्राणीहरू बलि दिएर यज्ञ गर्ने भनिरहेको छ, श्रमणहरूले भने मैत्री राख्नुपर्छ, करुणा राख्नुपर्छ भनेर गए, यी दुई कुरामा कुन सत्य हो ? श्रमणहरूले अशुद्ध चीजलाई शुद्ध चीजले माझ्नु पर्छ भने, तर ब्राह्मण पुरोहितहरूले भने अशुद्ध चीजले अशुद्ध चीज माझ्ने भन्यो । त्यसकारण अशुद्ध चीजले अशुद्ध चीज माझ्नु त हुनै सक्दैन, प्रव्रजितहरूले भनेका कुरा नै सत्य वचन हुन्छ ।

यति विचार गरिसकेपछि "सब्बे सत्ता सुखिता होन्तु" भन्ने मैत्री आदि चारैवटा ब्रह्मविहारलाई भावना गरेर लगे । यसरी



Downloaded from http://dhamma.digital

ब्रह्मविहारलाई भाविता गरेर लैजाँदा चित्त एकाग्र गरी लैजाँदा चित्तमा फरण प्रीति उत्पन्न भएपछि प्राणीहरूको बध गर्नु उचित छैन भन्ने बुझी अमात्यहरूलाई डाकी सबै प्राणीहरूलाई छाडिदेउ, उनीहरूले चीसो पानी पिउन्, हरियो घाँस खाऊन्, शीतल हावामा विचरण गरुन् भनी आज्ञा दिए। अमात्यहरूले पनि राजाको आज्ञानुसार ती सबै प्राणीहरूलाई छाडिदिए, चीसो पानी पिलाए, सुकेको घाँस खुवाइराखेकोमा हरियो घाँस खुवाए, स्वतन्त्र रूपले स्वच्छ वातावरणमा छाडिदिए ।

त्यसपछि राजाले कल्याणमित्रहरूको वचनले नै म पापकर्मबाट बचें भनी त्यहीं बसेर चित्त प्रसन्न गरी मैत्री भावनालाई आरम्मण गरी विपस्सना भावना बृद्धि गर्दै लगेपछि प्रत्येकसम्बोधिलाई साक्षात्कार गरे। अमात्यहरूले "महाराज ! भोजन गर्ने समय भयो" भन्दा म राजा होइन, भनी पहिलेको गाथामा जस्तै यस उदान गाथालाई व्यक्त गरे।

"चातुद्दिसो अप्पटिघो च होति,
सन्तुस्समानो इतरीतरेन ।
परिस्सयानं सहिता अछम्भी,
एको चरे खग्गविसाणकप्पो ॥८॥

अर्थ– जेमा पनि सन्तुष्ट भइरहने, चारै दिशामा द्वेष सहित हुन्छ। बाधालाई सामना गर्दै फेरि त्यसदेखि भयभीत नभई गैंडा जस्तै एक्लै विचरण गर।

*"चातुद्दिसो"* भनेको चारै दिशामा पनि कसरी सुख प्राप्त हुने हो, त्यसरी विचरण गरिरहने भन्ने अभिप्राय हो। त्यसो भनेको ती प्रत्येकबुद्ध भनेकाले एकएक दिशालाई लिएर मैत्रीदेखि लिएर



Downloaded from http://dhamma.digital

करुणा मुदिता र उपेक्षा यी चारैवटा ब्रह्मविहारलाई भाविता गर्नु भएका हुनाले उहाँहरूलाई चारै दिशाबाट पनि कुनै भय, त्राश, उपद्रव र अन्तराय नहुने भयो। चारै दिशाका सबै प्राणीहरू प्रति उहाँहरूमा हिंसा आदि भावना नभएको हुनाले उहाँहरूलाई पनि हिंसा आदि भावना राख्ने नभएको हुनाले *"अप्पटिघो"* भनी भन्छन्।

*"सन्तुस्समानो"* उनीहरू निकै सन्तोष भावले पूर्ण भएका छन्। *"सन्तो"* तीन प्रकारका छन्– *सक, सन्ति* र *सम*। सक भनी आफूलाई भनी प्राप्त भएको अर्थात् वस्त्र, खाने पिउने वस्तु, बस्नेठाउँ अवकास र रोग हुँदा चाहिने औषधी आदि प्राप्त भएकोमा सन्तोष भई रहनेलाई *"सकेन सन्तुस्सको"* भन्दछ। आफूसंग पहिले भइरहेकोमा भएअनुसार सक्दो तरिकाले त्यसमा नै सन्तोष हुने, अर्को इच्छा नहुने तरिकाले सन्तोष हुनेलाई *"सन्तेन सन्तुस्सको"* भन्दछ। भएको प्राप्त भएको चीज वस्तुहरूमा पनि भएको बेलामा भएजस्तो, नभएको अवस्थामा नभएकै अनुसार समान रूपले सन्तोष हुनेलाई *"सम सन्तुस्सको"* भनेको हो।

जे छ त्यसबाट व्यवहार चलाउनेलाई *"इतरी तरेन"* भनेको हो। *"परिस्सयानं सहिता अछम्भी"* आफूलाई भय उपद्रव हुनेलाई *"परिस्सय"* भन्दछ। यस *शारीरिक परिस्सय* र *मानसिक परिस्सय* भनी दुईथरी छन्। शरीरलाई लिएर उपद्रव हुनेलाई शारीरिक परिस्सय र चित्तलाई लिएर हुने उपद्रव चित्त परिस्सय हो। यी दुवै परिस्सय नभएका प्रत्येकबुद्धहरू हुनाले "परिस्सयं सहिता *"अछम्भी"* भनेको हो।

शरीरमा हुने घाउ चोट, रोग आदि र बाहिरबाट आउने सिंह, बाघ, आदिहरूबाट हुने फेरि धन सम्पत्तिबाट उत्पन्न हुने, परिहानिबाट उत्पन्न हुने विनाशलाई, परिहानिलाई लिएर हुने शारीरिक



Downloaded from http://dhamma.digital

र मानसिक उथलपुथललाई *परिस्सय* भनिन्छ, फेरि चित्तमा भित्र भित्रै उत्पन्न हुने राग, द्वेष, मोहको कारणले हुने भय, त्रास, उपद्रव र अन्तरायलाई पनि परिस्सय भनिन्छ। प्रत्येकबुद्धहरूलाई यस्ता दुवै अन्तरायले शरीर र चित्तमा स्पर्श गरे पनि उनीहरूसंग त्यसबाट विचलित नहुने स्वभाव भएको हुनाले उनीहरू डराउने, तर्सिने, रोमाञ्च हुने आदि भय, त्रासबाट मुक्त भैसकेको हुनाले यस अर्थमा *"अछम्भी"* भनेको हो। यी चारैवटा कारणले ती प्रत्येकबुद्धहरू निर्भयी भइसकेको हुनाले उनीहरूलाई *"चातुद्दिसो"* भनी भनेका हुन्। यसरी यस गाथाको वर्णन जान्नुपर्‍यो।

प्रत्येकबुद्धले अमात्यहरूलाई आफू प्रत्येकबुद्ध भइसकेको कुरा बताई आफूले शिरमा हातले स्पर्श गरी गृहस्थ भेष छाडी प्रत्येकबुद्धको परिवेश धारण गरी गन्धमादान पर्वतको नन्दमूल पब्भारमा जानुभयो।

तसर्थ हामी पनि निर्भयी भई चारै दिशामा विचरण गर्ने भए यसरी नै चतुर्ब्रह्मविहार भाविता गरी गैंडाको एउटा मात्र सिङ भए जस्तै एक्लै विचरण गर।

चातुद्दिसा गाथा वर्णन समाप्त भयो।

................

(९)

*"दुस्संगहा"* भन्ने यस गाथाको उत्पत्तिको कारण केहो भने– वाराणसी राजाकी अग्र महिषी परलोक भएको कारणले राजा निकै शोकाकुल भइरहे। त्यसकारण अमात्यहरूले राजाले महारानी नभएको हुनाले शोक गरिरहे भनीकन महारानी बनाइदिनुको निम्ति बिन्ती गर्न गए। राजाबाट स्वीकृति पाएपछि अमात्यहरूले राजालाई



Downloaded from http://dhamma.digital

सुहाउँदी स्त्री खोज्न लागे। खोज्दा खोज्दा प्रत्यन्त देशका एक राजा परलोक भएर बिधवा भई राज्य गरिरहेकी महारानीलाई भेट्टाई आफ्नो राजासंग सम्पर्क राख्न लगाई महारानी तुल्याउन भनी महारानीलाई बिन्ती गर्न गए।

त्यसबेला ती महारानी भने गर्भिणी भइरहेकी हुनाले महारानीले अमात्यहरूलाई गर्भिणी भइरहेकीलाई सबैले मन पराउँदैन, बच्चा नजन्मेसम्म पर्खनू भनी उत्तर दिइन्। सोही खबर आफ्नो राजालाई बताउँदा राजाले गर्भिणी भएपनि लिएर आऊ भनी लिन पठाई आफ्नी अग्रमहारानी तुल्याई राखे। उनका परिषद्लाई पनि आफैले हेर बिचार गरी राखे।

पछि महारानीले छोरो नै जन्माइन्। त्यस बच्चालाई पनि वाराणसीका राजाले आफ्नै छोरा जस्तै निकै नै स्नेहपूर्वक व्यवहार गरी हुर्काए। सुत्दा, उठ्दा, जाँदा, बस्दा पनि बोकेर अँगालो मारि रहन्थे। त्यसबेला राजाको परिजनहरूले सोचे "राजाले त्यस बालकलाई निकै नै स्याहारी राखे, कुमारलाई निकै नै विश्वास गरी राखे, आफ्नो हृदय समानै ठानी रहे, यिनलाई छुटाइदिनुपर्‍यो"। अनि तिनीहरूले कुमारलाई "हे कुमार, तपाई हाम्रा राजाको छोरो होइन, त्यसकारण यस राजालाई विश्वास नगर्नू" भन्री कुरा लगायो। अनि कुमारले पनि हुन्छ भनी राजाको कुरा नमान्न शुरु गर्‍यो। राजाले हात समाइ राखे पनि पहिले जस्तो राजासंग मन मिलेन।

राजाले किन यस्तो भएको भनी बुझेर हेर्दा त्यस कुरालाई जानेर "ए, मैले यत्तिको बिचार गरी राख्दा पनि यसले उल्टो व्यवहार गर्‍यो" भनी संवेग उत्पन्न गरी राज्य त्याग गरी प्रव्रजित भए। राजा प्रव्रजित भए भन्ने सुनेर अमात्यहरूका परिवारहरू धेरै



Downloaded from http://dhamma.digital

नै प्रव्रजित भए। आफ्ना परिजन सहित राजा प्रव्रजित भए भनी मानिसहरूले उत्तम खाद्य वस्तु र पिउने प्रत्ययहरू ल्याइदिए। राजालाई यसरी धेरै लाभ सत्कार प्राप्त भयो। राजाले ती लाभ सत्कार सबै सबैलाई बाँडिदिन्थे। तैपनि ती सबै लाभ सत्कार सबैलाई बाँडिदिँदा कुनै रमाए, कुनै कुनैले हामीले जे जति गर्नुपर्ने काम गरेर राजा र परिवेणमा चाहिएजत्ति हेर बिचार गरिरहँदा पनि हामीलाई उत्तम खाना दिएन, पुराना वस्त्र दियो भनी दिक्क मानिरहन्थे। राजाले यो कुरा थाहा पाएर "अहो, मैले आफूसंग भएभरको दिइराख्दा पनि यिनीहरू सन्तोष भएनन्, हामीलाई पक्षपात गऱ्यो भनी आरोप लगाई उद्विग्न भईरहे, यो परिषद्मा बसिरहन निकै गाहारो छ, यिनीहरूलाई चित्त बुझाउन सजिलो भएन भनी पात्र चीवर लिई एक्लै अरण्यमा पसी विपस्सना बृद्धि गरी प्रत्येकसम्बोधि प्राप्त गरे।

यही कुरा प्रकट गर्नको निम्ति प्रत्येकबुद्धले यो गाथा व्यक्त गर्नु भएको हो–

"दुस्संगहा पब्बजितापि एके,
अथो गहट्ठा घरमावसन्ता।
अप्पोस्सुको परपुत्तेसु हुत्वा,
एको चरे खग्गविसाणकप्पो" ॥९॥

अर्थ– कुनै कुनै प्रव्रजितहरूले संग्रह गर्न (सम्हाल्न) नसकिने फेरि त्यस्तै घरमा बस्ने, कुनै गृहस्थीहरू पनि अर्काको छोरोप्रति अनाशक्त भई गैंडा जस्तै एक्लै विचरण गर।

कुनै कुनै प्रव्रजित भइरहेका भए पनि *"दुस्संगहा"* संग्रह गर्न (सम्हाल्न) गाऱ्हो हुन्छ। त्यस्तै नै गृहस्थी भइ बसिरहेकालाई पनि संग्रह गर्न गाऱ्हो छ। अर्काको छोरालाई आफ्नो छोरा जस्तै गरिराखे



Downloaded from http://dhamma.digital

पनि सन्तोष पार्न सकिँदैन । त्यसकारण अल्पउत्सुक भएर अर्काको सन्तान प्रति पनि रत्तिभर मन टाँसिन नदिइकन गैंडाको एकमात्र सिंग हुने जस्तै एक्लै विचरण गरेको हुँ भनी व्यक्त गर्नु भएको हो ।

त्यसकारण हामीले पनि यसरी परिवारमा नटाँसिइकन एक्लै बस्न सके मात्र शान्ति लिन सकिन्छ, यस्ता प्रपञ्चबाट अलग भएर बस्न सके मात्र आफ्नो जीवन शुद्ध र स्वच्छ भई परमशान्ति लिन सकिने हुन्छ । (अर्को कुरा पहिले जस्तै हो) ।

दुस्संगह गाथा वर्णन सिद्धियो

.................

(१०)

*"ओरोपयित्वा"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी देशमा चातुमासिक ब्रह्मदत्त नामका राजा ग्रीष्म ऋतुको पहिलो महिनामा उद्यानमा घुम्न जाँदा त्यहाँ रमाइलो लाग्ने नीलो बाक्लो रूखको पातले भरिएको कोबिलार बृक्ष देखी यो कोबिलार रूख मुनि मेरो निवास बनाउनु भनी आज्ञा दिई उद्यानमा क्रीडा गरी सन्ध्या समयमा त्यहाँ आई सुत्न गए । फेरी ग्रीष्म ऋतुको मध्य समयमा उद्यानमा गए । त्यसबेला कोबिलार बृक्षमा राम्रोसंग फूल फुलिरहेको थियो । त्यतिबेला पनि त्यसरी नै त्यहाँ सुत्न आज्ञा दिएर दिनभरि उद्यानमा घुमफिर गरी बेलुकी पख त्यहाँ सुत्न गए ।

फेरी ग्रीष्म ऋतुको अन्तिम समयमा उद्यानमा गए । त्यतिबेला कोबिलार बृक्षमा पात सबै झरेर रुखको डाँठ मात्र बाँकी रहेको थियो । त्यसबेला पनि उनले रूख नहेरिकन त्यस रूख मुनि नै पहिले



Downloaded from http://dhamma.digital

जस्तै शयनशाला (सुत्ने ठाउँ) बनाउने आज्ञा दिएर उद्यानमा घुम्न गए । उद्यानमा क्रीडा गरेर सन्ध्या समयमा बेलुका त्यहाँ सुत्न भनी आउँदा त्यो पात नभएको हाँगाबिंगा मात्र भएको रूख देखेर "अहो, यो रूख पहिले पातले भरिएर मणिमय जस्तै निकै राम्रो, मणिवर्ण भएको हाँगाको बीच बीचमा राखिएको कलिलो पालुवा जस्तो फूलहरू अत्यन्त मनपर्दो किसिमले शोभायमान थियो । मोती जस्ता चराका बच्चाहरू तल भुईमा झरिरहेका फूलले भरिएर रातो कम्बलले ढाकिएको जस्तो भइरहन्थ्यो । यस्तो रूख आज सुकेको रूख झैं हाँगाबिंगा मात्र बाँकी रह्यो । अहो, जराले विनाश गरेको यो कोबिलार बृक्ष" भनी चिन्तना गरी "यो कोबिलार बृक्ष, यो निर्जीव चीज पनि समयानुसार परिवर्तन भएर जाने रहेछ भने मेरो यो सजीव शरीर पनि जतिसुकै राम्रो भए पनि यो कोबिलार बृक्ष जस्तै नै झुत्रिएर, जीर्ण भएर जानेछ" भनी अनित्य संज्ञा उत्पन्न गरेर "यो गृहस्थ भेष त्याग गरेर जान पाए हुन्थ्यो" भनी मनमा सोचेर मनलाई दृढ गरी सिंहशैय्यामा पल्टिई विपस्सना बृद्धि गरी प्रत्येकबुद्धत्व प्राप्त गरे ।

अनि जाने बेलामा अमात्यहरूले फर्कने समय भयो महाराज, भनी बिन्ती गर्न जाँदा राजाले "म अहिले राजा होइन, भनी पहिले जस्तै यो गाथाद्वारा आफू प्रत्येकबुद्ध भएको कुरा व्यक्त गर्नुभयो–

ओरोपयित्वा गिहिब्यञ्जनानि,
संछिन्नपत्तो यथा कोबिलारो ।
छेत्वान वीरो गिहिबन्धनानि,
एको चरे खग्गविसाणकप्पो ॥१०॥

अर्थ– गृहस्थी लक्षणलाई हटाई पात नभएको कोबिलार



Downloaded from http://dhamma.digital

रूख जस्तै वीरहरूले गृहबन्धनलाई भाँचेर गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ *"गिहिब्यञ्जनानि"* भनी केश, दाह्री, वस्त्र, अलंकार, गहना, फूलको माला, गन्ध, विलेपन, स्त्री पुत्र, दास दासी आदि यी गृहस्थ भावलाई गृहस्थ ब्यञ्जन भन्दछ । यी गृहस्थ भावलाई *"ओरोपयित्वा"* त्यागगरी *"संछिन्नपत्तो"* पात झरेर गएको रूख समान भएकोलाई *"छेत्वान"* भनेको मार्ग ज्ञानले छिनाली *"वीरो"* भनी मार्गवीर्यले सम्पन्न भएर वीर्यवान् भई काय बन्धन र कामलोकमा भइरहने पञ्चकामगुणले भरिएको बन्धनलाई छिनालेर पठाउने भन्ने अर्थ हो । (अर्को कुरा पहिलेको कथावस्तुमा जस्तै हो ।)

कोबिलार गाथा वर्णन सिद्धियो

पहिलो वर्ग समाप्त भयो

.................

(११)

*"लभे लभेथ"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– पहिले काश्यप तथागतको समयमा दुईजना प्रत्येक बोधिसत्त्वहरूले प्रव्रजित भई २०,००० वर्षसम्म गतप्रत्यागत व्रत पूरा गरी देवलोकमा उत्पन्न भए । त्यहाँबाट च्युत भएर ती मध्ये जेठोचाहीँ बाराणसी राजाको छोरा भई जन्म भयो, कान्छो चाहीँ पुरोहितको छोरो भई जन्म भयो । उनी दुवै जना एकै दिन प्रतिसन्धि ग्रहण गरी एकै दिन आमाको गर्भबाट निस्की संगसंगै धूलोमा खेलिरहने साथी भई हुर्किए । पुरोहितको छोरा प्रज्ञावान् थियो,



Downloaded from http://dhamma.digital

त्यसकारण एकदिन उसले राजाका छोरालाई भन्यो– "सौम्य, तिमी त पिता महाराज परलोक भएपछि राजा हुनेछौ, म पनि पुरोहित हुनुपर्ला, तसर्थ राम्रोसंग शिल्पविद्या सिकेर अनुशासन गर्न सक्नुपर्छ, राज्य चलाउन सक्नुपर्छ। त्यसकारण शिल्पविद्या सिक्नुपर्छ" भनी सल्लाह गरी उनीहरू दुवै पहिलेको पुण्यकर्मको संस्कार भएको हुनाले गाउँ, निगम आदिमा भिक्षाचार गर्दै प्रत्यन्त जनपदतिर गए।

त्यसरी जाँदा जाँदा एकदिन तिनीहरू प्रत्येकबुद्धहरू आउने समयमा एउटा गाउँमा पुगे। त्यतिबेला मानिसहरूले प्रत्येकबुद्धहरूलाई देखेर उत्साह पूर्वक आसन बिछ्याई उत्तम प्रणीत खाद्य भोज्य वस्तु बनाएर ल्याई पूजा गर्दै थिए। त्यसकारण उनीहरूले यस्तो चिताए– "हामीजस्ता उच्च कुलका अरू कोही छैनन्, तैपनि यी मानिसहरूले इच्छा गरेको भए हामीलाई भिक्षा दिनुपर्थ्यो, यदि इच्छा नभए दिंदैनन्। यी प्रव्रजितहरूलाई यसरी सत्कार गरे, त्यसकारण यिनीहरू अवश्य कुनै शिल्पविद्याका ज्ञाता होलान्, त्यसकारण यिनीहरूबाट नै शिल्पविद्या सिक्नुपर्‍यो।"

उनीहरू उहाँहरूको पछि लागेर अवसर पाउने बित्तिकै भने– "भन्ते, तपाईहरूसंग जुन शिल्पविद्या छ त्यो हामीलाई पनि सिकाइदिनुहवस्" भनी प्रार्थना गरे। प्रत्येकबुद्धहरूले भन्नुभयो– "प्रव्रजित नभएकालाई हामीले हामीसंग भएको शिल्पविद्या सिकाउँदैनौं।" अनि उनीहरूले त्यसो भए हामीलाई प्रव्रज्या दिनुहवस् भनी प्रार्थना गरे। प्रत्येकबुद्धहरूले तिनीहरूलाई प्रव्रजित गरिदिए।

त्यसपछि प्रत्येकबुद्धहरूले यसरी चीवर ओढ्नुपर्छ, यसरी अन्तरवास लगाउनुपर्छ, आदि अभिसमाचार अनुसार सिकाइदिएपछि भन्नुभयो– "हामीसंग भएको शिक्षा सिक्नलाई एकान्तमा बसेर,



Downloaded from http://dhamma.digital

दुईजना एकै ठाउँमा नबसीकन एक्लै बसेर अभ्यास गर्नुपर्छ। त्यसकारण एक्लै एक्लै बस्नु पर्छ, एक्लै चंक्रमण गर्नुपर्छ, एक्लै सुत्नु पर्छ भनी जनही एउटा एउटा पर्णशाला कुटी दिनुभयो।

अनि ती दुवै आ–आफ्ना पर्णशालामा पसेर बसे। पुरोहितको छोराले भित्र पसेर बस्ने बित्तिकै चित्त एकाग्र गरी समाधान गरी ध्यान लाभ गरे। राजपुत्र मूहुर्त मात्र बितेपछि नै उत्कण्ठित भई चित्त थाम्न नसकी पुरोहितपुत्रकहाँ आए। यसरी आएको देखेर सौम्य, तिमी किन आएको भनी सोध्यो। राजपुत्रले चित्त थाम्न नसकेको हुनाले आएको भनेपछि "त्यसोभए यहाँ बस" भन्यो। राजपुत्र त्यहाँ एकछिन बस्दैमा उत्कण्ठित भई भन्यो "यहाँ पनि मैले यस शिल्पविद्यालाई एकाग्र गर्न सकिनँ" भनेपछि त्यसो भए तिमी आफ्नै ठाउँमा अभ्यास गर्न जाऊ भनी आफूले सिकाउनु पर्ने बताउनु पर्ने सिकाई बताई पठाइदियो। राजपुत्र फेरि गएर एकछिन नबित्दै उत्कण्ठित भई फर्क्यो, त्यतिबेला पनि पुरोहितपुत्रले त्यस्तै सम्झाई बुझाई सिकाई पठाएर राजपुत्र गईसकेपछि विचार गऱ्यो– "यसले आफ्नो काम पनि नोक्सान गऱ्यो, मलाई पनि यहाँ आएर बिघ्न गर्न आयो" भनी त्यो पर्णशालाबाट निस्केर जंगलमा पस्यो। यता राजपुत्र आफ्नो पर्णशालामा बसेर एकछिनमा नै उत्कण्ठित भई पुरोहितको पर्णशालामा जाँदा कतै पनि पुरोहितपुत्रलाई भेट्टाउन नसकेपछि विचार गऱ्यो– "यो पुरोहितपुत्र गृहस्थ छँदा अनेक प्रकारको उपहारहरू लिएर मलाई भेट्न आउँथ्यो, अब मलाई भेट्नुपर्ला भनी निस्क्यो। कस्तो चित्त, लज्जा नै नभएको, उसले म फेरि चौथो पटक पनि आउला भनी मलाई त्याग गऱ्यो। अब म यो चित्तको बशमा बस्ने छैन। बरु मैले नै यो चित्तलाई बशमा राख्छु" भनी आफ्नो



Downloaded from http://dhamma.digital

पर्णशालाभित्र पसी विपस्सना बृद्धि गरी प्रत्येकबोधि साक्षात्कार गऱ्यो। प्रत्येकबुद्धत्व लाभ गरी लिइसकेपछि आकाश मार्गबाट नन्दमूलक पर्वतमा गयो। उता पुरोहितपुत्र पनि जंगलभित्र पसेर विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी त्यस्तै नै आकाश मार्गबाट नन्दमूलक पर्वतमा गयो। ती दुवैले मनोशिला भन्ने शिलाको फाँटमा बसेर दुवैले आ-आफ्ना यी उदान गाथा भने-

"सचे लभेथ निपकं सहायं,
सद्धिं चरं साधुविहारि धीरं।
अभिभुय्य सब्बानि परिस्सयानि,
चरेय्य तेनत्तमनो सतीमा ॥११॥

नो चे लभेथ निपकं सहायं,
सद्धिं चरं साधुविहारि धीरं।
राजाव रट्ठं विजितं पहाय,
एको चरे मातङ्गरञ्ञेव नागो" ॥१२॥

अर्थ- यदि उपयुक्त, धीर र बुद्धिमान् साथी प्राप्त भएन भने जितेर लिएको राज्यलाई त्याग गर्ने राजा जस्तै भएर गैंडा जस्तै एक्लै विचरण गर ॥११॥

यदि उपयुक्त, धीर, र बुद्धिमान् साथी प्राप्त भयो भने भएभरको बाधालाई टाढा राखी सन्तुष्ट भई, स्मृतिमान् भई उनीहरूसंग विचरण गर ॥१२॥

यहाँ ***"निपक"*** भनी ***पकतिं निपुणं***-प्रतिसन्धिकालदेखि नै तिहेतुक प्रतिसन्धि भई कसिण परिकर्म आदि कुशलमा निपुण हुनेलाई भनेको हो। ***"साधुविहारी"*** भनी अर्पणा कुशल र उपचार ध्यानले



Downloaded from http://dhamma.digital

युक्त भइरहेकालाई भनेको हो। *"धीर"* भनी धैर्यले सम्पन्न भएकालाई भनेको हो। अर्थात् प्रतिसन्धिकालदेखि नै तिहेतुक प्रतिसन्धि भई कसिण परिकर्म आदिमा निपुण हुनेलाई नै धीर भनेको हो। यसलाई धिति सम्पन्न भएको भनी भन्दछन्। *धिति* भनीकन *असिथिल परक्कमता*– भनेको दरिलो पराक्रम भएको अर्थात् *चतुरङ्ग अधिष्ठान* भनी छाला, हाड, नसा, र मासु चूर्ण विचूर्ण भएपनि म यो ठाउँबाट उठ्दिनँ भनी बोधिसत्त्वले अधिष्ठान गरे जस्तै प्रबल वीर्य भएकोलाई भनेको हो। फेरी *"धि"* भनीकन घृणा मान्नुलाई अर्थात् पापदेखि घृणा मान्नु, पापबाट अलग हुनुलाई पनि भनिन्छ, तसर्थ पापबाट अलग भएकालाई पनि धीर भनिन्छ। *"राजाव रट्ठं विजितं पहाय"* भनी जसरी एक राजाले अर्को विरोधी राजालाई आफ्नो राज्य जितेर लिएपछि उसबाट आफूलाई अनर्थ होला भन्ने देखी राज्य त्याग गरी एक्लै विचरण गर्छन्। अथवा *"राजाव रट्ठं"* भनी जसरी सुतसोम राजाले जितेर लिएको राज्यलाई त्याग गरेर एक्लै विचरण गरे। जसरी महाजनक राजाले राज्यलाई त्याग गरेर एक्लै विचरण गरे त्यस्तै नै यहाँ पनि सोही अर्थ लिनुपर्‍यो। अर्को सबै पहिलेको कथावत्थु जस्तै नै सम्झनुपर्‍यो। यदि त्यस्ता *"साधुविहारी धीर"* उत्तम साथीहरू संगै बस्न पाएदेखि रमाइलो मन गरी संगै बस्नू। यदि त्यस्तो साथी पाइएन भने राजाले विरोधी राजाको तर्फबाट उत्पन्न हुने भयलाई देखी त्यस राज्यलाई त्याग गरेजस्तै मूर्ख साथीहरू त्यागे झैं, हात्तीले आफ्नो बथानलाई छाडेर एक्लै विचरण गरे जस्तै एक्लै विचरण गर्नु उत्तम छ। यसरी उदान प्रकट गर्नुभएको हो।

सहाय गाथा वर्णन समाप्त भयो

...............



Downloaded from http://dhamma.digital

(१२)

*"अद्धा पसंसाम"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– जस्तो चातुद्दिसा गाथाको उत्पन्न कारण हो त्यस्तै नै प्रत्येकबुद्धहरू आउनुभई यज्ञको निम्ति तयार गरिराखेका पशु प्राणीहरूलाई बचाउन मात्र होइन विशेष रूपले राजालाई संवेग उत्पन्न गराउन आकाशमा बिछ्याइएको आसनमा बस्नुहुने प्रत्येकबुद्धहरूसंग वाराणसी राजाले•तपाईहरू को हुनुहुन्छ भनी सोध्दा "महाराज, हामीलाई *अनवज्जभोजिनो* भनी भन्छन्" भन्नुहुँदा अनवज्जभोजीको अर्थ के हो भनी सोध्दा "असल वा खराब, मिठो वा नमिठो, जस्तोसुकै भोजन प्राप्त भएपनि निर्विकार रूपले कुनै पनि द्वेषभाव, विकारभाव नराखी खाने हाम्रो स्वभाव भएको हुनाले हामीलाई *अनवज्जभोजिनो* भन्छन्" भनी बताउनु भयो ।

यो कुरा सुनेर राजाले विचार गऱ्यो "यो कुरा यथार्थमा हो कि होइन, म परीक्षा गरी हेर्दछु भन्ने मनमा राखेर उहाँहरूलाई भोजनको निम्ति निमन्त्रण गरेर त्यस दिन कनिकाको भोजन र अमिलो गुन्द्रुकको तिहुन राखी भोजन दान गऱ्यो । प्रत्येकबुद्धहरूले त्यसलाई अमृत भोजन गरे जस्तै निर्विकार रूपले भोजन गर्नुभयो । राजाले विचार गऱ्यो– उहाँहरूले आफूमा कुनै विकार छैन भन्ने भाव देखाउनलाई मात्र यसरी निर्विकार रूपले भोजन गर्नुभएको होला । भोलि हेरौंला भनी भोलिको निम्ति फेरि निमन्त्रण गऱ्यो । भोलिपल्ट पनि कनिकाको भोजन र गुन्द्रुकको तिहुन राखी दान दियो । त्यस दिन पनि त्यस्तै नै निर्विकार रूपले राजाङ्गणमा बसेर नै भोजन गर्नुभयो । राजाले अब असल भोजन एकपटक दान गरी हेर्छु भनी फेरी निमन्त्रण गऱ्यो । दुई दिन सम्म महान् सत्कार पूर्वक



Downloaded from http://dhamma.digital

निकै मिठो उत्तम भोजन तयार गरी अत्यन्त विचित्र रूपले खाद्य भोज्य राखी भोजन गरायो। त्यस दिन पनि उहाँहरूले त्यस्तै निर्विकार रूपले भोजन गरेर राजालाई मङ्गल कामना गरेर फर्कनुभयो।

राजाले उहाँहरूसंग यसरी निर्विकार रूपले भोजन गर्नु भएको देखेर निकै प्रभावित भएर यहाँहरू त साच्चै नै भोजनमा कुनै दोष नराखी केवल बाँच्नको निम्ति मात्र भोजन गर्नुहुने रहेछ भनी मनमा चिताई आफूले पनि त्यस्तै नै *अनवज्जभोजी* हुनपाए कति उत्तम होला भनी विचार गरी महान् राज्य त्याग गरी प्रव्रजित भएर विपस्सना प्रारम्भ गरी प्रत्येकबुद्धत्व लाभ गरिलिनुभयो। प्रत्येकबुद्ध हुनुभइसकेपछि मञ्जुसक बृक्षमुनि बसेर प्रत्येकबुद्धहरूको बीचमा आफूले गरिआएको आरम्मणलाई सम्फेर यो गाथा पढ्नुभएको हो।

**"अद्धा पसंसाम सहायसम्पदं,**
**सेट्ठा समा सेवितब्बा सहाया।**
**एते अलद्धा अनवज्जभोजी,**
**एको चरे खग्गविसाणकप्पो" ॥१३॥**

अर्थ– मित्रलाभको प्रशंसा हामी अवश्य गर्छौं। श्रेष्ठ तथा समान मित्रहरूको संगत गर्नैपर्छ। यिनीहरूलाई प्राप्त गर्न सकिएन भने निर्दोष आजीविका गर्ने भएर गैंडा जस्तै एक्लै विचरण गर॥

यहाँ *"सहायसम्पद"* भनी साथी भनेको अशैक्ष, शील समाधि प्रज्ञा गुण सम्पन्न भएका साथीहरूलाई भनेको हो। *"अद्धा पसंसाम"* भनी आफूभन्दा असल, श्रेष्ठ, माथिल्लो तहका, उत्तम भएका साथीहरू सेवन गर्नेलाई भनेको हो। त्यसलाई नै *"सेट्ठा समा सेवितब्ब सहाया"* भनेको हो। भएसम्म आफूसंग भएका शील समाधि प्रज्ञा



Downloaded from http://dhamma.digital

गुण भन्दा श्रेष्ठ भएका, नभए आफू समान भएकासंग संगत गर्ने भनेको हो । आफू भन्दा श्रेष्ठ भएकासंग, आफ्नो शील समाधि प्रज्ञा भन्दा पनि श्रेष्ठ शीलादि धर्म भएकाहरूसंग सङ्गत गर्दा आफूमा उत्पन्न नभएको गुण उत्पन्न हुन्छ, आफूमा उत्पन्न भएको बृद्धि हुन्छ, विपुलतामा पुग्छ । समानहरूसंग सङ्गत हुँदा, आपसमा समान रूपले धारण गर्दा आफुमा भएका शीलादि गुणमा हानि हुँदैन, सुरक्षित भइरहन्छ । यसरी श्रेष्ठ र समान भएको प्राप्त नभए आफू भन्दा तल्लो तहका साथीहरूसंग सङ्गत भयो भने सम्यकरूपले जीविका चलाउन नसकी मिथ्या आजीविकाद्वारा जीवनयापन गर्नुपर्ने हुनाले त्यस्तालाई त्याग गरी धार्मिकभाव पूर्वक, संयम पूर्वक उत्पन्न भएको भोजन गरेर द्वेषभाव उत्पन्न नगरी ***अनवज्जभोजी*** भएर अर्थहितको कामना गर्ने कुलपुत्रले एउटा मात्र सिङ भएको गैंडा जस्तै एक्लै विचरण गर्नु उत्तम हुनेछ । म पनि त्यस्तै विचरण गरेर यो सम्पत्ति लाभ भएको हो भनी बताउनु भएको हो ।

अनवज्जभोजी गाथा वर्णन समाप्त भयो

.................

(१३)

***"दिस्वा सुवण्णा"*** यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीका एउटा राजा ग्रीष्म समयमा दिउँसो आराम गर्ने उद्देश्यले दरवारको कौसीमा बसिरहेको थियो । त्यस बेला राजालाई नै श्रीखण्ड लेपन गर्न राजाकै दायाँ बायाँ बसेर एउटी परिचारिका (दासी) श्रीखण्ड घोट्दै थिइन् । ती परिचारिकाको एउटा हातमा एउटा मात्र चुरा, अर्को हातमा दुइवटा चुरा लगाई राखेको हुनाले दुइवटा चुरा लगाइराखेको हातले श्रीखण्ड घोट्दा छिर्लिङ छिर्लिङ्



Downloaded from http://dhamma.digital

शब्द आउने, एउटा मात्र चुरा भएको हातले श्रीखण्ड घोट्दा शब्द नआउने हुनाले यो हेर्दै राजाले मनमा विचार गऱ्यो कि "यो दुइवटा चुरा भएको हातले श्रीखण्ड घोट्दा जसरी शब्द आएको छ त्यस्तै समूहमा बस्दा पनि त्यस्तै झगडा तगडा कोलाहल कचमच आदि भइरहन्छ। एउटा मात्र चुरा भएको हातले श्रीखण्ड घोट्दा कुनै शब्द नआए जस्तै एक्लै बस्दा कुनै झगडा तगडा कोलाहल कचमच आदि हुँदैन" भनी चिन्तना गरी हेरिरहेको बेलामा पंखा हम्किरहेकी महारानीको मनमा राजाले परिचारिकालाई हेरिरहेकोलाई उनी प्रति आशक्त भयो होला भन्ने कल्पना गरी तत्क्षणमा नै परिचारिकालाई उठाई आफैले श्रीखण्ड घोट्न गइन्।

महारानीले झन् धेरै चुरा लगाई राखेकी हुनाले झनै बढी शब्द निस्के, राजाले पनि फेरि त्यस चुराकै शब्दमा ध्यान दिएर त्यसलाई नै आरम्मण गरी विपस्सना बृद्धि गर्दै लैजाँदा लेट्दा लेट्दै दाहिने कुहिनाले भुईंमा टेकेर सिंहशैय्यामा बसेर नै प्रत्येकबोधित्व साक्षात्कार गरिलिनुभयो।

त्यसरी अनुत्तर भएको, जोडा नभएको विमुक्तिसुख अनुभव गर्दै लेटिरहेका राजालाई महारानीले श्रीखण्ड हातमा लिएर महाराज श्रीखण्ड लेपन गरिदिन्छु भन्दा "तिमीले कस्लाई महाराज भनेको, म अहिले महाराज होइन" भनी उत्तर दिए। यसरी कुरा भईरहेको बखतमा अमात्यहरू आएर तिनीहरूले पनि महाराज, भनी सम्बोधन गरी कुरा गरिरहेको हुनाले "हे अमात्य हो, अहिले म राजा होइन, मैले प्रत्येकबोधित्व लाभ गरिसकें, अहिले म प्रत्येकबुद्ध हुँ" भनेपछि अमात्यहरूले प्रत्येकबुद्धहरू त्यसरी गृहस्थ भेषमा हुँदैनन् भनेपछि राजाले टाउकोमा एक पटक हात फेर्दैमा केश दारी जुँगा सबै लोप



Downloaded from http://dhamma.digital

भई चीवर वस्त्र र पिण्डपात्र सहित श्रमणभेष प्रकट भयो । त्यसपछि तिनीहरूलाई यस गाथाद्वारा आफ्नो प्रत्येकबुद्धत्वको उदान प्रकट गरी नन्दमूल पर्वतमा जानुभयो ।

"दिस्वा सुवण्णस्स पभस्सरानि,
कम्मारपुत्तेन सुनिट्ठितानि ।
संघट्टमानानि दुवे भुजस्मिं,
एको चरे खग्गविसाणकप्पो" ॥१४॥

अर्थ– सुवर्णकारले राम्रोसँग बनाइ राखेका सुवर्ण वर्णका, झलमल्ल चम्केका दुइवटा कंकण एउटै हातमा एक अर्कोमा ठक्कर खाएको देखेर गैंडा जस्तै एक्लै विचरण गर ।

चुराको शब्द आरम्मण ग्रहण गर्ने गाथा वर्णन समाप्त भयो ।

..................

(१४)

*"एवं दुतियेन"* यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीका एउटा राजाले बालकैदेखि प्रव्रजित हुने इच्छागरिरहेका थिए । त्यसैले अमात्यहरूलाई भने "तिमीहरू राज्यलक्ष्मी (महारानी) लाई ग्रहण गरी राज्य चलाऊ म प्रव्रजित हुन्छु" । अमात्यहरूले "महाराज, राजा नभएको राज्य रक्षागर्न सकिंदैन दायाँ बायाँ रहेका सामन्त राजाहरूले हाम्रो राज्यमा आएर लुट्न सक्छन्, तसर्थ जबसम्म महाराजको पुत्ररत्नको जन्म हुँदैन तबसम्म प्रव्रजित नहुनुहवस्" भनी बिन्ती गरे । कमलो मन भएका हुनाले तिनीहरूको कुरा सुनेर एउटा छोरा भएपछि मात्र प्रव्रजित हुन्छु भनी राज्य गरिरहे ।

केही समयपछि महारानी गर्भिणी भइन्, अनि फेरि राजाले



Downloaded from http://dhamma.digital

अमात्यहरूलाई भने "अमात्य हो, महारानी गर्भिणी भइसकिन्, त्यसकारण छोरा जन्मने बित्तिकै राज्याभिषेक दिएर राज्य गर्नू, म प्रव्रजित हुन जान्छु।" अमात्यहरूले "महाराज, महारानीको छोरा जन्मिन्छ कि छोरी जन्मिन्छे यो भन्न सकिन्नँ, त्यसकारण बच्चा नजन्मेसम्म पर्खनुहवस्" भनी बिन्ती गरे। राजाले हुन्छ त भनी राज्य गरिरहे।

त्यसपछि एकदिन महारानीले छोरो जन्माइन्। त्यसबेला पनि राजाले अमात्यहरूलाई भने "अमात्य हो, अब त छोरो जन्म्यो त्यसकारण मलाई प्रव्रजित हुने मौका देउ।" अमात्यहरूले "महाराज, जबसम्म राजकुमारले राज्य चलाउन सक्दैनन्, बलवान् हुँदैनन् तबसम्म प्रव्रजित नहुनुहवस्" भनी अनेक कारण देखाई सम्झाई प्रार्थना गरे। राजाले पनि हो त नि भनी राज्य गरिरहे।

त्यसपछि राजकुमार यौवन अवस्थामा पुगेर बलियो भएपछि अमात्यहरू भेला गराई "अमात्य हो, अब त राजकुमार बलियो भइसक्यो तसर्थ उसलाई राज्याभिषेक दिएर राज्य चलाऊ" भनी आज्ञा दिएर प्रव्रजित हुने सामान चीवर वस्त्रादि सबै परिष्कार जोरजाम गरी अन्तपुरमै प्रव्रजित भई महाजनक राजाले जस्तै राज्य त्याग गरी अमात्यहरू पनि राजपरिषद्हरूले रोक्दा रोक्दै रुवाई पछि पछि लगाई महाभिनिष्क्रमण गरी निस्के।

राजाले जहाँसम्म आफ्नो राज्यको सीमा थियो त्यहाँसम्म गएर लट्ठीले धर्सो तानी "अब तिमीहरू यो रेखा नाघेर नआउनू" भनी आज्ञा दिई आफू एक्लै गए। सबै जनताहरूले त्यस रेखामा घोप्टो परी बिलाप गरे "तपाई नभएपछि हामीलाई कसले अनुशासन गर्ला" भनी रूँदै "अब तपाईको आज्ञा भएपछि हामी के गरौं" भनी



Downloaded from http://dhamma.digital

कसैले त्यो रेखा उल्लंघन गरेन, परन्तु राजकुमारले त्यो रेखा नाघेर "तात, तात, भनी कराउँदै राजाकहाँ पुग्न गयो। राजाले कुमार यसरी आएको देखेर "यी महाजन अमात्यहरूले मिलेर राज्य गरुन्, मैले यो बच्चा एकजनालाई किन नसम्हाल्ने, यो एउटा भएर के नै हुन्छ" भनी राजकुमारलाई साथमा लिएर जंगलमा पसे। त्यहाँ प्रत्येकबुद्धहरू बस्ने पर्णशाला देखेर त्यहीं आफ्नो छोरा संगै बस्ने गरे।

त्यहाँ राजकुमार राजदरवारमा असल असल उत्तम शयनासनमा सुतिरहेको घाँसको बिछयौनामा वा डोरीले बुनेको ओछ्यानमा सुत्न पर्दा रोयो। चीसो हावा आदि आउनाले जाडो भएर आउँदा "तात, जाडो भयो, गर्मी भयो, लाम्खुट्टेले टोक्यो, झिंगाले टोक्यो, भोक लाग्यो, प्यास लाग्यो" भनी कराउन थाल्यो। राजाले उसलाई सम्झाउँदै रात काट्नु पर्‍यो। दिनमा पनि भिक्षाचार गरी भोजन ल्याउँदा त्यो भोजन अनेक प्रकारका चीज छ्यासमिस भएको हुन्थ्यो। कुमार राजदरवारमा मिठो मिठो उत्तम खाद्य पदार्थ खाइरहेको हुनाले त्यो भोजन खान नसकी भोकाई केही दिनमा नै घाममा सुकाएको कमलजस्तै दुब्लाउँदै गयो। प्रत्येकबुद्धहरूले भने त्यस्ता भोजनलाई पनि निर्विकार रूपले भोजन गर्नुहुन्थ्यो।

यस्तो भएपछि राजाले कुमारलाई भने "तात, नगरमा गए मिठो मिठो असल असल आहार, खानेकुरा, पिउनेकुरा, खान पिउन पाइन्छ, त्यहाँ जान चाहन्छौ ? कुमारले चाहन्छु भनेपछि उसलाई अगाडि अगाडि राखी आफू आएको बाटोबाट फर्के। महारानीहरू पनि राजाले कुमारलाई साथमा लिई जंगलमा धेरै दिनसम्म बस्न सक्दैनन् भनी विचार गरी त्यो रेखा तानेकै ठाउँमा शिविर खडा गरी फर्कने प्रतीक्षा गरी बसिरहे।



Downloaded from http://dhamma.digital

त्यसपछि राजा त्यस ठाउँबाट केही पर बसेर "तात, तिम्री आमा उता बसिराखेकी छिन्, भनी पठाइदियो। राजकुमार त्यहाँ पुग्न सकिने बेलासम्म त्यहाँ बसेर हेरिरहे, किनभने कसैले फेरि आफूलाई नरोकोस् भन्नाका लागि। कुमार आमाकहाँ दगुर्दै गयो। त्यहाँ पालो बसिरहेकाहरूले कुमार आएको देखेर बिन्ती गरे। महारानीले २०,००० नर्तकी स्त्रीहरू साथमा लिएर कुमारलाई स्वागत गरी ल्याए। त्यहाँ तिनीहरूले राजालाई नदेखी सोध्दा पछि आउँदै हुनुहुन्छ भनेको सुनेर मानिसहरूलाई लिन पठाए। राजा त्यसबेला नै त्यहाँबाट फर्किसकेका थिए। मानिसहरूले राजालाई नदेखी फर्के। अनि महारानीले अब भने महाराजलाई भेट्न सकिँदैन भनी निरास भई छोरालाई साथमा लिएर नगरमा फर्की कुमारलाई राज्याभिषेक गरे। राजा पनि आफू बसेको ठाउँमा गए। त्यहाँ पुगेपछि आसनमा बसेर विपस्सना भावना बृद्धि गरी प्रत्येकबोधिलाई साक्षात्कार गरी, मञ्जूसक बृक्षमुनि प्रत्येकबुद्धहरूको बीचमा बसेर यो उदान गाथा प्रकट गर्नुभयो–

"एवं दुतियेन सहा ममस्स,
वाचाभिलापो अभिसज्जनावा।
एतं भयं आयतिं पेक्खमानो,
एको चरे खग्गविसाणकप्पो ॥१५॥

अर्थ– अरूसंग बस्दा प्रलाप अथवा आशक्ति हुन्छ। यस भयलाई अगाडि देखी गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ यसरी छिटै प्रत्येकबुद्धत्व लाभ गर्न नसकेको कारणलाई *"दुतियेन"* भनी भनेको हो। कुमारसंगै बस्दा चिसो, तातो, भोक, प्यास आदिको कारणले गर्दा सम्झाई रहनुपर्ने हुनाले *"वाचाभिलापं"* भनी



Downloaded from http://dhamma.digital

कुमारसंग स्नेह भएको कारणले गर्दा मैले त्याग गर्न सकिन भनी भनेको हो। *"उभयं"* भनी यी शारीरिक र मानसिक दुई प्रकारले पनि भय अन्तराय हुने विशेषता हुने हुनाले यस्ता भयलाई देखी त्यसलाई छाडी उचितरूपले विहार गरी प्रत्येकबुद्धत्व लाभ गरेको हो भनी व्यक्त गरेको हो। (अर्को माथि जस्तै हो भनी बुझ्नुपर्‍यो)

आयतिंभय गाथा वर्णन समाप्त भयो

...............

(१५)

*"कामाहि चित्रा"* यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा एकजना श्रेष्ठीपुत्रलाई बालककालमा नै श्रेष्ठी पद प्राप्त भएको थियो। उसलाई यशकुमारलाई जस्तै तीन ऋतुलाई सुहाउँदो तीनवटा महल बनाई सम्पूर्ण सुख उपलब्धिका समानहरू राखेर देवकुमारलाई जस्तै सुखमा राखेका थिए।

यसरी सुख भोगमा राखिछोडे तापनि आफू बालककालदेखि नै प्रव्रजित हुन आमाबाबुलाई पिरोलिरहन्थ्यो, आमाबाबुहरूले भने अनुमति दिँदैनथे। आमाबाबुको आज्ञा उल्लंघन पनि गर्न सक्दैनथ्यो। त्यसकारण उसले फेरि फेरि पनि प्रार्थना गर्थ्यो, त्यतिबेला आमाबाबुहरूले उसलाई "बाबु, तिमी सारै सुकुमार छौ, प्रव्रजित हुने भनेको सजिलो छैन, निकै दुष्कर छ, छुराको धारमा हिँड्ने जस्तै कठिन छ" भनी अनेक प्रकारले रोक्ने गर्थ्यो। उसले पनि त्यसलाई उल्लंघन गरी जान सकेको थिएन।

यसरी बालककालदेखि प्रव्रजित हुने इच्छा प्रबल भएको हुनाले आमाबाबुहरूले बराबर अनेक प्रकारले गाह्रो छ भनी सम्झाए



Downloaded from http://dhamma.digital

तापनि प्रव्रजित हुनको निम्ति प्रार्थना गरी नै रहन्थ्यो, आमाबाबुको आदेश उल्लंघन पनि नगर्ने हुँदा आमाबाबुहरूले उसको चित्तमा अशान्ति तुल्याई राख्न उचित भएन भनी एकदिन आमाबाबुहरूले चिन्तना गरे कि "साँच्चै नै यो बालकलाई प्रव्रजित हुन बचन दिएनौं भने धेरै दुःखी हुनेछ" भनी बचन दिए।

यसरी आमाबाबुहरूको तर्फबाट बचन प्राप्त भएपछि सेठपुत्र सबैलाई रुवाई उनीहरूलाई छाडी ऋषिपत्तनमा गई प्रत्येकबुद्धहरूकहाँ गएर प्रव्रजित भयो। प्रव्रजित भइसकेपछि पहिले उत्तम सुखासनमा रहेर शयन गरिरहेको हुनाले त्यहाँ त्यस्तो सुख पूर्ण शयनासन प्राप्त भएन, घाँसको ओछ्यानमा सुत्नपर्‍यो। नरम बिछ्यौनामा सुतिरहेको हुनाले रातभरि नै निकै दुःख अनुभव गर्दै बितायो। बिहान हुने बित्तिकै नित्यक्रिया सिध्याई पात्र चीवर लिई प्रत्येकबुद्धहरू संगै पिण्डाचार (भिक्षा) गयो। त्यहाँ पनि पुराना जेठाहरूलाई जस्तै अग्रआसन र अग्रपिण्ड प्राप्त भएन। नयाँ नयाँहरूलाई जे जस्तो थियो त्यस्तै रुखो सुखो भोजन र आसन मात्र प्राप्त भयो। त्यसकारण त्यो सुखो भोजन गरी निकै दुःख मानी केही समय नबित्दै दुर्वल र दुर्वर्ण भएर यो श्रमणधर्म पालन गर्न सकिंदैन भनी आमाबाबुकहाँ दूत पठाई, प्रव्रज्या छाडी घरमा फर्क्यो। घरमा गएर केही दिन नबित्दै फेरि प्रव्रजित हुन चाहृयो। उसले फेरि त्यस्तै बचन प्राप्त गरी प्रव्रजित भयो, फेरि प्रव्रज्या छोडृयो, फेरि भयो, फेरि छोडृयो। यसरी तेस्रो पटकमा प्रव्रजित भएर राम्रोसंग आचरण गरी प्रत्येकबोधित्व साक्षात्कार गरी यो गाथा उदान प्रकट गरी फेरि प्रत्येकबुद्धहरूको समूहमा यसरी ब्याकरण गरी गाथा भन्नुभयो–



Downloaded from http://dhamma.digital

"कामाहि चित्रा मधुरा मनोरमा,
विरुपरुपेन मथेन्ति चित्तं ।
आदीनवं कामगुणेसु दिस्वा,
एको चरे खग्गविसाणकप्पो" ॥१६॥

अर्थ– काम भनेको विचित्र, मधुर फेरि मनलाई रमाइलो पार्ने हो । उसले अनेक प्रकारले मनलाई विचलित गरिदिन्छ । कामगुणको दुष्परिणामलाई देखेर गैंडा जस्तै एक्लै विचरण गर ॥

यहाँ यस गाथाको अभिप्राय अनुसार ***"कामा"*** भनी वस्तुकाम र किलेशकाम भनी दुई प्रकारलाई बताइएको हो । प्रव्रजित भैसकेपछि पनि पहिलेको रूपादि पाँच आलम्बन सुखलाई सम्झी आफूलाई त्यो खान, पिउन, बस्न सुविधा नभएकोलाई सम्झिरहनेलाई वस्तुकाम अनि किलेशकाम भनी आफूभन्दा जेठाहरूलाई जस्तै आफूलाई अग्रआसन अग्रपिण्ड नपाएको हुनाले, जेठाहरूले नयाँहरूलाई हेर विचार नगरेको हुनाले चित्तमा हुने दुःखभाव उठ्ने जस्तो द्वेषादि क्लेशले भरिएको मानसिकतालाई किलेशकाम, यी दुवै रागको भेद हुन् । यहाँ रूप आदि अनेक प्रकारको कारणले वस्तुकाम उत्पन्न हुनेलाई ***"चित्रा"*** भनिएको हो, लोकले त्यसैलाई स्वाद लिइराख्ने हुनाले **"मधुरा"** भनेको हो । फेरि बाल पृथग्जनहरूको मनलाई रमाइलो गरिराख्ने हुनाले **"मनोरमा"** भनिएको हो । ***"विरुपरुपेन"*** भनी अनेक प्रकारको कामगुणलाई लिएर स्वाद लिई चित्तलाई उचालिराख्ने अभिलाषा भएको हुनाले नै यसको दुष्परिणामले गर्दा यी वस्तुकाम र किलेशकाम विचित्र स्वभाव भई अनुभव गरिरहँदा पनि आस्वाद पनि भइरहने, मीठो मनोरम पनि भइरहने चित्तलाई ***"मथेन्ति चित्तं"*** महीं मथे जस्तै मथिराख्ने हुन्छ । त्यसकारण जबसम्म



Downloaded from http://dhamma.digital

यसमा दोष देख्न सकिदैन तबसम्म यसबाट मुक्त हुन सकिदैन र प्रव्रज्यामा मन राख्न सकिदैन भन्ने जानी अबदेखि यस्तो हुन दिन्न भनी तेस्रो पटकमा प्रव्रजित भई राम्रोसंग सम्यक्रूपले विपस्सनालाई बृद्धि गरी प्रत्येकबोधित्व लाभ गरेको हो भनी प्रत्येकबुद्धहरूको समागममा एक प्रकारले मात्र होइन अनेक प्रकारले मथ्नेलाई देखी, कामगुणको दुष्परिणामलाई देखी गैंडाको एउटा मात्र सिङ भएजस्तै एक्लै भएर श्रमणधर्म अभ्यास गरेपछि मात्र मैले प्रत्येकबुद्धत्व लाभ गर्न सकेको हुँ भनी व्यक्त गर्नु भएको हो ।

कामगाथाको वर्णन समाप्त भयो ।

.................

(१६)

*"ईती च गण्डो"* यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी राजालाई पिलो आउने रोग भइराखेको थियो । त्यो पिलो निकै दुख्ने, रगत र पीपले भरिइरहने हुनाले राजालाई निकै नै कष्ट भइरहन्थ्यो । त्यो पिलो चिर्न पनि राजा भएको हुनाले जस्तो पायो उस्तोले जसरी पायो उसरी चिर्न सकिन्नथ्यो, राजालाई राम्रोसंग कुरा सम्झाई चिर्दा पनि केही भयो भने राजाले केही गर्ला भनी बैद्यहरू डराइरहन्थे, त्यसकारण राजाकै तर्फबाट बैद्यहरूलाई अभय र अवकाश लिएर मात्र चिर्ने गर्थे । त्यसरी चिर्दा पनि त्यो पिलोबाट आउने रगत पीप निकाल्दा निकै पीडा हुने, भएभरको रगत र पीप निकाली पट्टी बाँधी राजालाई नदुख्ने तुल्याई, यो खान हुन्छ यो खान हुँदैन भनी पथ्यापथ्यको निम्ति बिन्ती गर्दा पनि नमिठो नमिठो खानु पर्दा, मिठो मिठो असल असल कुरा खान नपाउने दुःख मनमा भई



Downloaded from http://dhamma.digital

नै रहने, मनपर्दो खान नपाई राजा दुब्लो हुने हुन्थ्यो । यसरी पिलो निको हुँदै आएपछि फेरि मिठो मिठो खानपिन गरी त्यसको बलले विषय सेवन गर्नाले त्यो पिलो आउने रोग फेरि फेरि बल्फिई पहिले जस्तै नै दुःख पाउने हुन्थ्यो । यसरी तीन पटकसम्म चिरफार गराई बैद्यको तर्फबाट मुक्त भएर राज्य त्याग गरी जंगलमा गई विपस्सना भावना बृद्धि गरी प्रत्येकबोधित्व लाभ गरी क्रमशः पहिलेको कथामा जस्तै नन्दमूलक पर्वतमा प्रत्येकबुद्धहरूको बीचमा यो उदान गाथा प्रकट गर्नु भएको हो –

"ईती च गण्डो च उपद्दवो च,
रोगो च सल्लं च भयं च मेतं ।
एवं भयं कामगुणेसु दिस्वा,
एको चरे खग्गविसाणकप्पो" ॥१७॥

अर्थ– यो विपत्ति हो, पिलो हो, उपद्रव हो, रोग हो, काँडा हो, फेरि भय हो, यस प्रकारले कामगुणमा भय देखी गैंडा जस्तै एक्लै विचरण गर ॥

यहाँ ***"ईती"*** भनी पञ्चकामगुण भनेको एक पछि अर्को, अर्को पछि अर्को आई हामीलाई आमन्त्रण गरिरहने, आमन्त्रण गरेपछि आगन्तुकहरूलाई सत्कार गरेजस्तै खराब अकुशलमा गाडिराख्ने हुनाले ***"ईती"*** भनेको हो । ***"गण्ड"*** भनी जहिले पनि पिलो आई रगत पीप भरिएर चिरफार गरिरहनु पर्ने शरीरलाई ***कामगण्ड*** भनेको हो । त्यस्तै ***उद्धुमातकं*** आदि भएर आउनेलाई पनि, फेरि क्लेशको कारणले गर्दा उत्पत्ति भएर आउने जरादेखि ***उद्धुमातकं*** सम्म हुने भावलाई पनि ***"गण्ड"*** भन्छन् । ***"उपद्रव"*** भनी खराब काम गर्दा राजदण्डादि उत्पत्ति हुने पनि कामगुणमा आशक्त भएर त्यसलाई यो गर्न हुन्छ



Downloaded from http://dhamma.digital

यो गर्न हुँदैन भन्ने छुटचाउन नसक्ने भएकोले यो शरीरलाई उपद्रव भनिएको हो। फेरि क्लेशको आतुरताले गर्दा उत्पत्ति हुने शील संखात आरोग्य लोप भएर जाने यसलाई रोग भनिन्छ। त्यस्तै नै यो रोग पनि शारीरिक र मानसिक दुई प्रकारका छन्। फेरि कामातुर भईरहने प्राणीहरू संसारमा घुमिरहँदा क्लेशरूपी काँडा बिझ्ने हुँदा यो शरीरलाई काँढा पनि भन्छन्। त्यस्तै नै यहाँको यहीं भय उत्पन्न भएर आउने हुनाले भय पनि भन्छन्। त्यस्तै आदीनवलाई रोग, भय, काँडा, उपद्रव, र पिलोले भरिएकोलाई देखी प्रव्रजित भई सात वर्ष हुँदा प्रत्येकबोधित्व लाभ गर्न एउटा मात्र सिङ हुने गैंडा जस्तै एक्लै भएर प्रत्येकबुद्धत्व साक्षात्कार गरेको हो भनी ब्याख्या गर्नु भएको हो।

ईती गाथा वर्णन समाप्त भयो।

.................

(१७)

*"सीतं च उण्हं च"* यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी देशमा ब्रह्मदत्त राजा नैष्क्रम्यभाव भएको हुनाले राज्यासनमा बसेर राज्य गर्ने इच्छा नगरी राज्य छाडी जंगलमा एउटा पर्णशाला बनाई प्रव्रजित भएर बसेका थिए। त्यहाँ भने हिउँदमा निकै जाडो र ग्रीष्म ऋतुमा निकै गर्मी हुन्थ्यो, त्यसमा पनि खुल्ला ठाउँ भएको हुनाले हावा र घामले पनि दुःख दिन्थ्यो, हरियो झिंगा, लामखुट्टे, सर्प आदिको भय पनि निकै नै थियो। आसपासमा गोचर ग्राम भनी भिक्षा भोजन पनि प्राप्त नहुने, पिउनको निम्ति पानी पनि दुर्लभ भएको ठाउँ थियो। त्यसकारण उसलाई यस्तो



Downloaded from http://dhamma.digital

मनमा आयो "मलाई यो ठाउँ अनुकुल भएन, त्यसकारण यहाँबाट आधा योजन पर यी सबै पूरा भएको ठाउँ छ, त्यहाँ बस्न जान पाए उपरोक्त सबै सुविधा भएर त्यहाँ बसेर राम्रोसंग ध्यान गर्न पाइन्छ त्यहाँ जानुपर्‍यो" भनी विचार गरे। फेरि यस्तो पनि विचार गरे कि "प्रव्रजित जीवन बिताउनेहरू चतुप्रत्ययको निम्ति चित्तको बशमा बस्दैनन् चतुप्रत्ययको बशमा पनि बस्दैनन् बरु चित्तलाई आफ्नो बशमा राख्ने हुनुपर्छ, त्यस कारण म त्यहाँ जान्न।" यसरी विचार गरी नजाने निश्चय गरे। यसरी तीन पटकसम्म त्यस्तै मनमा आउने, आए पनि सोही रूपले त्यो ठाउँ छाडेर नजाने विचार गर्ने, यसरी द्वन्द्व भए पनि नजाने नै निश्चय गर्थे। यसरी विचार द्वन्द्वमा रहेर सात वर्ष बिताइसकेपछि सम्यक् रूपले भावनालाई बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी, प्रत्येकबुद्ध भइसकेपछि त्यहाँबाट नन्दमूल पर्वतमा प्रत्येकबुद्धहरूको समूहमा "मैले यो प्रत्येकबुद्धत्व सजिलोसंग हलुका ढंगले प्राप्त गरेको होइन, चीसो, तातो, भोक, प्यास अनि हावा, घाम, भिंगा, लामखुट्टे, डस्नसक्ने पेटले घस्रेर हिंड्ने सर्प आदिको सबै विघ्न बाधालाई सहेर आफ्नो चित्तलाई बशमा लिएर सुनसान ठाउँमा गैंडाको एउटा मात्र सिङ जस्तै एक्लै बसेर मनलाई विपस्सनामा दरिलो तुल्याई प्रत्येकबोधित्व लाभ गरेको हुँ" भनी यो उदान गाथा प्रकट गर्नु भएको हो –

"सीतं च उण्हं च खुदं पिपासं,
वातातपे डंस सरिस्सपे च।
सब्बानिपेतानि अभिसम्भवित्वा,
एको चरे खग्गविसाणकप्पो" ॥१८॥

अर्थ– सर्दी र गर्मी, भोक र प्यास, हावा र घाम, लामखुट्टे र भिंगा, सर्प, यी सबैसंग सामना गरी गैंडा जस्तै एक्लै विचरण गर ॥



Downloaded from http://dhamma.digital

यहाँ *"सीत"* भनी दुई प्रकारको पृथ्वीधातुको तर्फबाट अभ्यन्तर भनी शरीरभित्र हुने र बाहिरिक भनी बाहिरबाट उत्पन्न हुने खलबल गर्ने, बिग्रने, विपरिणत हुनेबाट शरीरलाई खलबल तुल्याउने, बिगार्ने विपरित तरिकाले प्रभाव ल्याउनेलाई भनेको हो। त्यस्तै नै *"उण्ह"* भनी तातोमा पनि बुझ्नुपर्छ। *"डंस"* भनी हरिया झिंगाहरू *"सरिस्सप"* भनी लामो पेटको बलले घस्रेर हिँडने सर्प आदिलाई भनेको हो। अरू सबै पहिलेको कथा जस्तै नै हो।

सीतालुकगाथा वर्णन समाप्त भयो।

.................

(१८)

*"नागो व यूथानि"* यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा एउटा राजा बीस वर्षसम्म राज्य गरेर परलोक भई बीस वर्षसम्म निरय नरकमा दुःख भोग गरिसकेपछि हिमवन्त प्रदेशमा हात्तीको योनिमा उत्पन्न भए। त्यहाँ त्यो हात्तीको कुम सारै राम्रो, हात्तीको जात अनुसार पदुमी जाति तथा कमल वर्णको भएर शरीर पनि अग्लो फेरि सबै हात्तीहरूको नायक भइरहे। त्यो हात्ती शक्ति पनि निकै भएको, तैपनि त्यो हात्तीले आफूले रुखको हाँगा भाँचेर दिए पनि तरुण र छावा (बच्चा) हात्तीहरूले आएर खाइदिने, नदीमा पनि पोथी हात्तीहरूले उसलाई ढकेल्दै जाने, हिलो छ्यापिदिने हुनाले पारिलेय्य हात्ती झैं समूहमा बस्न मन नपराउने हुनाले उनी एकदिन आफ्नो हात्तीको बथान छाडेर निस्के। त्यसबेला पनि हात्तीहरूले हूल बाँधी पछ्याउँदै गएर छेक्थे। तीन पटकसम्म यसरी जाँदा पनि जान सकेन। कारण उसमा जातिस्सर ज्ञान



Downloaded from http://dhamma.digital

भएकोले हुनसक्छ। हात्तीले विचार गर्‍यो कि "आजभोलि मेरा नातिले वाराणसीमा राज्य गरिरहेको छ, त्यसकारण पहिलेको आफ्नो उद्यानमा गएँभने त्यो नातिले मलाई राम्रोसंग हेर विचार गर्ला र त्यहाँ म सुरक्षित हुँला"। अनि एकदिन रातमा हात्तीहरू सबै निदाइ रहेको बेलामा सबै हात्ती समूहलाई छाडी वाराणसी राजाको उद्यानमा गयो। उद्यानपालकले देखेर उसले राजालाई बिन्ती गर्‍यो। राजाले पनि जंगली हात्तीले उद्यान विनाश गर्न आयो, उसलाई बन्धनमा राख्छु भनी सैन्यहरू लिएर आए। हात्तीले पनि यसरी हतियार भएका सैन्यहरूले आफूलाई घेरेको देखेर राजाकै सन्मुख दगुर्दै गयो। राजाले पनि हात्ती आफू भएतिर नै आएको हुनाले बञ्चरो लिएर हात्तीलाई प्रहार गर्न गए। अनि हात्तीले "यसले मलाई प्रहार गर्न पनि सक्छ" भन्ने सोची मनुष्य भाषाले "ब्रह्मदत्त, मलाई प्रहार नगर, म तिम्रो बाजे हुँ" भनेपछि "के भन्यौ" भनी भएभरको कुरा सोधे। हात्तीले पनि राजालाई आफू पहिले त्यहाँ राजा भएको, त्यहाँबाट मृत्यु भई नरकमा दुःख भोगेको, फेरि हात्तीको योनिमा जन्मेर त्यहाँ आफू समूहमा बस्दा दुःख भएको सबै बृतान्त कुरा बतायो। राजाले "त्यसो हो भने यहाँ आएको असलै भयो, नडराउ केही धन्दा नमान" भनी आश्वासन दिएर "यसलाई केही दुःख नदिनू" भनी चाहिँदो सुरक्षाको बन्दोबस्त गरी राख्यो।

एकदिन राजा सोही हात्तीको कुममा बसेर घुम्न जाँदा "त्यो हात्तीले बीस वर्षसम्म राज्य गरेर, बीस वर्षसम्म नरकमा विपाक भोग गर्दै तिरश्चीन योनिमा उत्पन्न भएर पनि हात्तीको समूहमा हुने दुःखलाई सहन नसकी यहाँ आयो" भनी विचार गर्दै "अहो! यो समूहमा बस्नु भनेको सारै नै दुःख हो, एक्लै बस्नु नै सुख



Downloaded from http://dhamma.digital

हो" भनी चिन्तना गरी त्यहीँ हात्तीको शरीरमा बसेर नै विपस्सना बृद्धि गरेर लैजाँदा त्यहीँ नै प्रत्येकसम्बोधि साक्षात्कार गर्‍यो। अनि उसले लोकोत्तर सुखलाई अनुभव गर्दै गइरहेको बखतमा धेरै समयसम्म कसैलाई केही नभनी गइरहेकोले अमात्यहरूले गएर आदरपूर्वक प्रणाम गरी "महाराज, अब त दरवारमा फर्कने समय भयो" भनी बिन्ती गरे। त्यसबेला राजाले "अब म राजा होइन प्रत्येकबुद्ध भइसकें" भनी यो गाथा प्रकट गर्नुभएको हो–

**"नागोव यूथानि विवज्जयित्वा,**
**सञ्जातखन्धो पदुमी उलारो।**
**यथाभिरन्तं विहरं अरञ्ञे,**
**एको चरे खग्गविसाणकप्पो" ॥१९॥**

अर्थ– जस्तो पदुमी जातिमा उत्पन्न गजराज आफ्नो समूह छाडी इच्छानुसार जंगलमा विचरण गरिरहन्छ, त्यसरी नै गैंडा जस्तै एक्लै विचरण गर।

यस गाथाको अभिप्राय अर्थ के हो भने– यहाँ हात्तीलाई उपमाको रूपमा लिएर आफूले सम्फेर लिनुपर्ने अनुसार सम्फेर लिएकोलाई देखाइएको छ। यो हात्ती मानिसको समूहमा बस्न आएपछि मानिसहरूलाई कुनै विघ्न बाधा नदिइकन मानिसहरूलाई सुहाउँदो, दमन गर्न नपर्ने गरी व्यवहार गरिरहेको, दमन गर्नपर्ने काम केही नगर्ने भएर अथवा महान् शरीर भएको भएर यसलाई "नाग" भनियो। मैले आर्यहरूले मन पराउने शीलधर्ममा रहेर त्यसबाट अलग धर्ममा नगई, फेरि फेरि यो मनुष्य जन्म लिइरहन नपर्ने हुन पाए हुन्छ भन्ने विचार गरी आफू लोकोत्तर नाग हुने अभिलाषा लिएर अभ्यास गरें, जसरी यसले आफ्नो समूहलाई छाडी एक्लै बस्ने सुखलाई जानी जंगलबाट बाहिर निस्की यो उद्यानमा



Downloaded from http://dhamma.digital

बस्न आएको हो, त्यस्तै म पनि सांसारिक जीवनरूपी समूह गणलाई त्यागेर एउटा मात्र सिङ हुने गैंडा जस्तै एक्लै बस्ने गरेर, ध्यान सुखले युक्त भएर जंगलमा बस्न पाए हुन्छ भन्ने सोचिरहयो । यस्तो सोची विपस्सना भावना बृद्धि गरेको हुनाले सबै राजपरिषद्हरूले परिबृत भई हात्तीमाथि बसेर घुमिरहेको भएपनि हात्तीको तुलनामा आफूलाई राखेर ध्यान सुखले आफूले जीविका गर्नको निम्ति म पनि शीलक्खन्धरूपी महान कुम तुल्याइरहन्छु, ***"संजातखन्ध"*** भइरहन्छु । आर्य जातिमा जन्म भई, मार्ग ज्ञानमा जन्म भई, कमलको फूल जस्तै उत्तम जातमा जन्मेको हुनाले ***पदुमी*** भइरहन्छु । परिशुद्ध कायसमाचार आदि शील समाधि निर्वेदिक प्रज्ञा लाभ गरेर कसैले ढाल्न नसक्ने शक्ति भएको ***उलारो*** भइरहन्छु भन्ने चिन्तना गरी विपस्सना बृद्धि गरी प्रत्येकबोधि साक्षात्कार गरेको हो भन्ने अभिप्राय हो ।

नागगाथा वर्णन समाप्त भयो ।

................

(१९)

***"अट्ठानतं सङ्गणिकारतस्स"*** यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी राजाको तरुण छोरा बालकैदेखि प्रव्रजित हुने इच्छा गरी आमाबाबुसंग याचना गरे पनि आमाबाबुले विभिन्न कारणले रोक्ने, त्यसरी रोके पनि उसले त्यो प्रव्रजित हुने इच्छा दबाउन नसक्दा फेरि फेरि पनि निकै जोर गरी प्रार्थना गरिरहन्थ्यो । त्यसकारण पहिलो श्रेष्ठीपुत्रको कथा जस्तै छोराले मन खिन्न गरिरहेको हेर्न नसकी छोरालाई प्रव्रजित हुन स्वीकृति दियो । स्वीकृति दिए पनि प्रव्रजित भई राजोद्यानमै बस्नुपर्ने, कहीँ पनि जान नपाउने गरी स्वीकृति दिएको थियो । त्यसकारण राजकुमार प्रव्रजित भई राजोद्यानमै



Downloaded from http://dhamma.digital

बसिरह्यो। उसकी आमा महारानी बिहान सबेरै बीस हजार नर्तकीहरू साथमा लिएर उद्यानमा गई छोरालाई यागु पिलाउने, त्यसपछि खाने पिउने वस्तुहरू खुवाई आधा दिन नबितेसम्म छोरासंग यताउताको कुरा गरी बिताएर मात्र नगरमा फर्किन्थी। बाबु पनि आधा दिन बितेपछि अमात्यहरू सहित आई त्यहीं खुवाई, खाई दिनभरि छोरासंग कुराकानी गरी सन्ध्या समयमा मात्र छोराकहाँ सुरक्षाको निम्ति पालो पहरा राखेर फर्कन्थ्यो। यसरी रात दिन उसकहाँ मानिसहरूको हूल खालि हुँदैनथ्यो। त्यस समयमा आदित्यबन्धु नामका प्रत्येकबुद्ध नन्दमूल पर्वतमा रहनु हुन्थ्यो। उहाँले विचार गरी हेर्दा त्यस राजकुमारलाई देखेर विचार गर्नुभयो "यो कुमारलाई यही क्रमले प्रव्रजित गराई राख्न उचित भएन, यसले प्रव्रजित हुन सकेर पनि सांसारिक जटालाई छिनाल्न सक्ने अवस्था भएन, तसर्थ यसलाई उद्विग्न भाव उठाइदिनुपर्‍यो, बरु यसले संसार बन्धनलाई छुटाउन सक्ला कि नसक्ला, संसारलाई घृणा मानी त्यसबाट निस्कन सक्ने हो कि होइन" भनी विचार गरी हेर्दा निकै नै समय लाग्ने देखी राजकुमारलाई संवेग उत्पन्न हुने तरिकाले आचरण देखाउनु पर्‍यो भनी हिमालयको मनोशिला पर्वतमा जानुभयो। राजपुत्रहरूले देखेर राजालाई प्रत्येकबुद्ध आउनुभयो भनी बिन्ती गर्न गए। अब मेरो छोरा प्रत्येकबुद्धसंगै बस्न पाउने भयो भनी रमाई प्रत्येकबुद्ध कहाँ गई उपस्थानको निम्ति त्यहीं राखिदिन प्रार्थना गरेर पर्णशाला र दिउँसो विहार गर्नको निम्ति चंक्रमण गर्ने ठाउँ आदि बनाउन लगाई त्यहीं बस्ने प्रबन्ध गरिदियो।

प्रत्येकबुद्धले सोचे जस्तै आफू त्यहीं बस्ने अवसर भएको हुनाले राजकुमारलाई केही उपाय गर्ने मौका हेरिरहनुभयो, किनभने



Downloaded from http://dhamma.digital

त्यहाँ मानिसहरू खाली नै नहुने गरी घेरिरहने हुनाले उनीसंग कुरा गर्न पनि मौका हेर्नु परेको थियो। एक दिन मौका पाएर प्रत्येकबुद्धले कुमारसंग सोधे "तिमी को हौ ? कुमारले भने "म प्रव्रजित हुँ" प्रत्येकबुद्धले भन्नुभयो "प्रव्रजित भनेको त्यस्तो हुँदैन" कुमारले सोधे "त्यसोभए प्रव्रजित भनेको कस्तो हुन्छ, मेरो काम के मिलेन ?" भनेपछि तिमीलाई आफ्नो काम नमिलेको थाहा छैन, तिम्री आमाले बीसहजार स्त्रीहरू संगै बिहान सबेरै आई उद्यानमा हूल गरिरहन्छे, तिम्रो बुबा धेरै सैन्यहरू अमात्यहरू जम्मागरी सन्ध्या समयसम्म बरिरहन्छ, राती पनि पाले पहरा राखी छोड्छ, प्रव्रजित भनेको त्यस्तो हुँदैन, प्रव्रजितहरू त्यस्तो हूलमा बस्नुहुँदैन। प्रव्रजितहरू यस्तो हुनुपर्छ" भनी त्यहींबाटै ऋद्धिद्वारा हिमवन्त प्रदेशमा प्रत्येकबुद्धहरू बसिरहेको दृश्य, देखाइदिनुभयो। उसले त्यहाँ प्रत्येकबुद्धहरू कुनै चंक्रमण गरिरहेका, कुनै उठिरहेका, कुनै चीवरादि परिष्कार मिलाइरहेका आदि दृश्य देख्यो। अनि उसलाई "तिमी अहिलेसम्म श्रमण धर्ममा पुगेका छैनौ, पुग्ने हिसाबले काम पनि गरेका छैनौ, श्रमणले प्रव्रजित भएदेखि आफूलाई निस्सरणको निम्ति आफूले इच्छा गरेको ठाउँमा गएर श्रमणधर्म पालन गर्नुपर्छ" भनी आकाशमा बसेर यो गाथा भन्नु भएको हो–

"अट्ठानतं सङ्गणिकारतस्स,
यं फस्सये सामयिकं विमुत्तिं।
आदिच्चबन्धुस्स वचो निसम्म,
एको चरे खग्गविसाणकप्पो" ॥२०॥

अर्थ– संगतिरत भएको मानवलाई सामयिक विमुक्ति पनि असम्भव हुन्छ, आदित्यबन्धुको यस बचनलाई विचार गरी गैंडा जस्तै एक्लै विचरण गर।



Downloaded from http://dhamma.digital

प्रत्येकबुद्धबाट उपरोक्त आधी गाथा सुनेर कुमार पर्णशालामा पसी ओछ्यानमा पल्टेर ध्यान गरिरह्यो । अरूले कुमार सुतिसक्यो, अब हामी पनि आराम गर्न जाऔं भनी सबै सुत्न गए । कुमार पनि उचित अवसर जुर्ने बित्तिकै पात्र चीवर लिएर जंगलमा एक्लै पसेर विपस्सना ध्यान गर्न गयो । केही समय नबित्दै पहिलेको पुण्य संस्कार भएकोले विपस्सना भावना बृद्धि गरी प्रत्येकबोधित्व लाभ गरे । त्यसपछि नन्दमूल पर्वतमा प्रत्येकबुद्धहरूको बीचमा उहाँहरूले कुन तरिकाले प्रत्येकबुद्धत्व प्राप्त गऱ्यौ भनी सोध्दा यही गाथाद्वारा मैले यो प्रत्येकबुद्धत्व हूलमूलमा बसेर प्राप्त गरेको होइन, आदित्यबन्धु नामक प्रत्येकबुद्धको निर्देशन अनुसार समूहमा रमाउनेलाई छाडी एक्लै बसेर एउटा मात्र सिङ भएको गैंडा जस्तै भएर प्राप्त गरेको हुँ भनी व्यक्त गर्नु भएको हो ।

यहाँ ***"अट्ठानवतं"*** भनी श्रमण जीवनलाई हूलमूलमा रमाइरहन योग्य नभएकोलाई भनेको हो । ***"संगणिकारत"*** भनी क्लेशबाट विमुक्त भई रहन नसकिने लौकिक ध्यान जुन् कि ध्यानमा मग्न भएर बसिरहेको बेलामा एकाग्र भए पनि ध्यान भावना नहुँदा फेरि क्लेशले ढाकिइरहने हुनाले यसरी समूहमा बसेर रमाइरहनेलाई ***गणाभिरत*** भनी गणमा ***"फस्सये"*** मिलिजुली रहने भनेको हो । यसलाई नै अथवा लोकीय समापत्तिलाई ***"सामयिक विमुत्ति"*** भनी भनिएको हो । यस्ता समुहमा बसेर रमाइरहनेले ध्यान भावना गरी क्लेशबाट मुक्त हुन सकिंदैन भनी कुमारलाई संवेग उत्पन्न गराई कुमारले देख्दा देख्दै प्रत्येकबुद्ध नन्दमूल पर्वतमा जानुभएको हो ।

अट्ठानगाथा वर्णन समाप्त भयो ।

दोस्रो वर्ग समाप्त भयो ।

................



Downloaded from http://dhamma.digital

*"विट्ठिविसूकानि"* यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी देशका एउटा राजाले एकान्त शून्य ठाउँमा बसेर विचार गऱ्यो कि "चिसो भएपछि तातो पनि हुने नै भयो, यस्तै नै संसारचक्र भएपछि संसारचक्रलाई छिनाल्ने संसारचक्रबाट विमुक्त भइरहेको अवस्था पनि हुनुपर्ने हो" भनी चिताई अमात्यहरूसंग "विवट्ट भनेको थाहा छ कि" भनी सोध्यो। "थाहा छ महाराज" भने। राजाले "के हो त" भनी सोधेपछि तिनीहरूले "लोक अनन्त हो, आदिदेखि लिएर ६२ प्रकारका शाश्वत र उच्छेद दृष्टिलाई बताए। अनि राजाले यिनीहरूलाई थाहा रहेनछ, यिनीहरूलाई यही मिथ्यादृष्टि मात्र थाहा छ भनी स्वयं आफैले विचार गरी संसारको प्रतिपक्षी भएको विवर्तधर्म म आफै खोज्छु भनी राज्य त्याग गरी प्रव्रजित भई विपस्सना भावना बृद्धि गरी प्रत्येकबुद्धत्व साक्षात्कार गर्नुभयो। यही उदान गाथा उहाँले प्रत्येकबुद्धहरूको बीचमा ब्याकरण गर्नु भएको हो–

"विट्ठीविसूकानि उपातिवत्तो,
पत्तो नियामं पटिलद्धमग्गो।
उप्पन्नञाणोम्हि अनञ्ञनेय्यो,
एको चरे खग्गविसाणकप्पो" ॥२१॥

अर्थ– म मिथ्यादृष्टिबाट अलग्ग छु, सम्यक्मार्गमा गएर लक्ष्यमा पुगिसकें। अरू कसैको सहायता नलिइकन ज्ञान लाभ गरी गैंडा जस्तै एक्लै विचरण गर॥

यहाँ *"दिट्ठीविसूकानि"* भनी ६२ प्रकारका मिथ्यादृष्टिलाई भनेको हो। त्यसैले मार्ग सम्यकदृष्टिको उत्पत्ति गर्नेमा काँढाले



Downloaded from http://dhamma.digital

घोचें जस्तै, नसुहाउने किसिमले, अनुचित किसिमले घोचिरहने हुनाले त्यसलाई काँढा भनिएको हो । त्यसलाई *"उपातिवत्तो"* भनी संगै बसेर श्रोतापत्ति मार्ग (दर्शनमार्ग) द्वारा बुझ्नुपर्ने हुन्छ । *"पत्तो नियामं"* भनी यो मार्ग दर्शनमा पुगे मात्र दृष्टिरूपी काँढा निर्मूल गर्न सकिने हुनाले नियत भावमा दरिलो, स्थिरभावमा पुगेकोलाई भनेको हो । यसलाई नै *अविनिपात* धर्म अर्थात् अपायमा कहिल्यै नखस्ने, अर्हत् मार्गतिर अघि बढिरहेको हुनाले *"नियामपत्तो"* भनेको हो । यसलाई नै समतामा पुगिसकेको, स्थिरभावमा पुगिसकेको हुनाले *"सम्पत्त नियाम"* पनि भन्छन् । प्रथम मार्ग भनी श्रोतापत्ति मार्गमा पुगेको र यो मार्गमा रही माथि माथिको मार्गमा पनि जान सकिने, बाँकी भएको मार्गपनि लाभहुने हुनाले *"पटिलद्धमग्गो"* भनेको हो । *"उप्पन्नञाणोम्हि"* भनी उत्पन्न भएको प्रत्येकबोधि ज्ञान लाभ गरेर लिएँ भनेको हो । *"अनञ्ञनेय्यो"* भनी अरूहरूले यो सत्य हो, यो असत्य हो भनी आफूलाई अर्को मार्गमा लैजान नसकिने भएको भनेको हो ।

दिट्ठीविसूकगाथा वर्णन समाप्त भयो ।

Dhamma.Digital

.................

(२१)

*"निल्लोलुपो"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी राजाको एउटा भान्छे थियो । त्यो भान्छेले राजालाई मिठो मिठो र गतिलो गतिलो भोजन बनाएर खुवाएँभने राजा खुसी भई बक्सिस पाउँला कि भन्ने आशाले मिठो मिठो खानेकुरा बनाई खुवाउँथ्यो । उसले पकाएको खाने पिउने वस्तुहरू बिर्को मात्र खोल्ने



Downloaded from http://dhamma.digital

बित्तिकै ती खाने पिउने वस्तुको गन्ध कोठाभरि नै सुगन्धित हुनेगरी बास्ना आएर लुछ्लुछ गरेरै खान मन लाग्ने किसिमले मुखमा र्‍याल उम्लेर आउँथ्यो। ती खाना राजाको मुखमा राख्ने बित्तिकै सत्र हजार रस हरण गर्न सक्ने खाना सबै नै रसयुक्त भएर गई मानो अमृत नै खाइरहेको जस्तै हुन्थ्यो। भान्छेले राजालाई त्यसरी मिठो गतिलो खानेकुरा पकाई खुवाएकोले खुसी.भएर केही सम्पत्ति बकस दिन्छ कि भन्ने आशा लिएर त्यहीँ उभिएर राजाले अहिले दिन्छ कि एकछिन पछि दिने हो कि भनी आश गरेर हेरिरहन्थ्यो, राजाले पनि भान्छे त्यसरी आश गरेर बसिरहेकोले विचार गर्‍यो कि "यसरी मैले भान्छेलाई बकस दिएँ भने, लोकले राजा निकै मिठो खान चाहने रहेछ, भान्छेले मिठो गतिलो तुल्याई खुवाउने हुनाले उसलाई सम्पत्ति बकस दियो" भन्ला, आफूलाई रसलोलुप भन्ला भनी धन सम्पत्ति बकस दिँदैनथ्यो। यसरी लोकमा नराम्रो कीर्ति फैलिने हुन्छ भनी चिताउँथ्यो। यो राजा रसलोलुप रहेछ भन्ने नहोस् भनी चिताउँथ्यो।

भान्छेले राजाले भोजन गरिरहँदा राजाले अहिले हेर्ला कि एकछिन पछि हेर्ला कि भनी सोचेर उभिइरहने, राजा पनि अपवादको भयले केही नभनिकन चूपलागिरहन्थ्यो। त्यसपछि यसरी केही धन बकस नदिएको हुनाले भान्छेले विचार गर्‍यो "यो राजासंग मिठो खाँदा मिठो स्वाद पहिचान गर्ने जिह्वाविज्ञान नै छैन कि कसो" भनी अर्को दिन नमिठो गरी रस नभएको भोजन तयार गरी खुवायो। राजाले पनि खाएर हेर्दा आज भान्छेले नमिठो खुवायो भनी जानेर पनि पहिले जस्तै सोचेर मैले यसलाई नमिठो तुल्यायो भनी दण्ड दियो भने लोकले मलाई रसलोलुप मिठो खान चाहने, नमिठो तुल्याएर खुवायो भनी दण्ड दिने भनी नराम्रो कीर्ति फिंजाई देला भनी केही



Downloaded from http://dhamma.digital

भनेन । अनि भान्छेले यो राजा त मिठो खुवाए पनि थाहा नपाउने नमिठो खुवाए पनि थाहा नपाउने भन्ने सोचेर भान्छामा मिठो गतिलो तुल्याई खुवाउन भनी ल्याइराखेका भएभरका सामानहरू आफ्नो घरमा लगी त्यहाँ जसो तसो केही सामानले मात्र राजालाई खाना बनाई खुवाउने गऱ्यो । अनि राजाले अहो, बीस हजार नगर भएको यत्रो राज्यमा बसिरहेको मलाई लोभको कारणले गर्दा भोजनसम्म पनि उचित रूपले प्राप्त भएन, यस्तो राज्यमा बसेर के गर्ने भनी उद्वेग मानी राज्य त्याग गरी प्रव्रजित भयो । प्रव्रजित भएर विपस्सना भावना बृद्धि गरी प्रत्येकबुद्धत्व साक्षात्कार गऱ्यो । प्रत्येकबुद्ध भइसकेपछि पहिले जस्तै प्रत्येकबुद्धहरूको बीचमा यो गाथा भन्नुभएको हो –

"निल्लोलुपो निक्कुहो निप्पिपासो,
निम्मक्खो निद्धन्तकसावमोहो ।
निरासयो सब्बलोके भवित्वा,
एको चरे खग्गविसाणकप्पो" ॥२२॥

अर्थ– लोभ, पाखण्ड, विषयपिपासा, डाह, चित्तमल र मोहले रहित भएर संसारमा कुनै वस्तुको आकांक्षा नगरी गैंडाजस्तै एक्लै विचरण गर ।

यहाँ "निल्लोलुपो" भनी अलोलुपो अर्थात् लोभ नभएकालाई भनेको हो । टाँसिइरहने लोभलाई नै लोलुप भन्ने हो । त्यो लोलुप तृष्णाले गर्दा फेरि फेरि पनि लोभ उत्पन्न हुने, संयमै गर्न नसकिने गरी उत्पत्ति हुने हुनाले त्यस्ता लोभ रत्तिभर पनि नभएकालाई निल्लोलुपो भनिन्छ । मिठो खुवाए पनि मैले विचार गरेर त्यसलाई लिएर कुनै लोभ गरिनँ, नमिठो खुवाए पनि मैले विचार गरेर



Downloaded from http://dhamma.digital

त्यसलाई लिएर कुनै द्वेष गरिनँ। "**निक्कुहो**" भनी पाखण्डी छाँट नभएकोलाई भनिन्छ। "**कुहक**" तीन प्रकारका छन् ती हुन् १) **पच्चय पटिवेसन कुहन वत्थु**, २) **इरियापथ कुहन वत्थु** र ३) **सामन्त जप्पन कुहन वत्थु**। धेरै लाभ सत्कार पाउँ भनी लाभ सत्कार प्राप्त गर्ने इच्छा गरी चतुप्रत्यय वस्तुहरू जोर्न पाखण्डी चाल निकाल्ने, नमिठो, अगतिलो, कमसल खालको खाने पिउने वस्तु प्राप्त हुँदा त्यसमा कत्ति पनि लोभ नभएको जस्तो वास्ता नै नगरिकन त्यागी जस्तै चाल निकाल्ने, मिठो गतिलो असल खालको खाने पिउने वस्तु प्राप्त हुँदा फेरि फेरि यस्तै पाओस् भन्ने चिताई दाताहरूलाई प्रशंसा गरी पाखण्डी चाल निकाल्नेलाई "**पच्चय पटिसेवन कुहन वत्थु**" भनिन्छ।

"**इरियापथ कुहन वत्थु**" भनी अरू अगाडि आउँदा उठिरहेपनि चंक्रमण गरिरहेपनि बसिरहेपनि पल्टिइरहेपनि राम्रो नरम छाँटले स्मृतिवान् जस्तै तुल्याई दाताहरूले असल, चरित्रवान भनाउन मात्र चाल निकाली पाखण्डी गर्नेलाई "**ईर्यापथ कुहन वत्थु**" भनिन्छ।

"**सामन्त जप्पन कुहन वत्थु**" भनी आफू मार्गफलमा नपुगे पनि पुगेको जस्तो देखाउन निर्देशित गरी कुरा गर्ने, अर्थात् अरूलाई अर्हत्हरू यसरी बस्छन्, यसरी खान्छन्, यसरी जान्छन् इत्यादि भनी आफूले पनि त्यस्तै गरेर देखाई अरूले हेर्दा आफू नै अर्हत् भएको जस्तो कुरा गर्ने, जसबाट अरूले आफूलाई त्यस भावमा पुगेको भनोस् भन्ने भावले ढोंग गर्नेलाई ***"सामन्त जप्पन कुहक"*** भन्छन्। यस्ता यी तीनैवटा पाखण्ड नभएकोलाई नै ***"निक्कुहो"*** भन्छन्। यी तीनप्रकारका पाखण्ड पनि मैले गरिनँ।

***"पिपासो"*** भनी कुनै पिउन चाहेकोलाई भन्ने हो भने पनि



Downloaded from http://dhamma.digital

यहाँ खाने पिउने दुईवटामा पनि मनमा अलिकति पनि पिपासा नराखी भएअनुसार मिठो होस् वा नमिठो होस् मिठो नमिठो भन्ने भाव नराखी मन खिन्न नभएको स्वभावलाई नै *"निप्पिपास"* भनेको हो । *"मक्ख"* भनेको अर्काको गुणलाई मेटेर पठाउने, मेटाइदिने स्वभावलाई भनेको हो । त्यस्तै *"निमक्खो"* भनी अर्काको गुणलाई मेटेर, मेटाएर, हराउन नदिने स्वभावलाई भनेको हो । आफू गृहस्थ भइरहेको बेलामा भान्छेको गुण दोषलाई वास्ता नगरेको भावलाई नै *"अमक्खो"* भनेको हो । *"निद्धन्तकसावमोहो"* भनी यहाँ कसाव भनेको कसरलाई भनेको हो । त्यो कसर राग, द्वेष, मोह, यी तीनवटालाई भनेको हो । कसर भयो भने मनमा लोभले मन पराउने, द्वेषले मन नपराउने, मोहले गर्दा कसर भएको नै थाहा नपाउने भइरहने हुनाले *कसाव* भनेको हो । यस्तै नै शरीरबाट उत्पन्न हुने शारीरिक कसाव, बचनबाट उत्पन्न हुने वाचिक कसाव र मोहले गर्दा नै यी कसरहरू अड्किने हुनाले यी कसरहरू अल्भिनेमा मोह नै मूलभूत भएको हुनाले *"निद्धन्तकसावमोह"* भनेको हो । यहाँ निल्लोलुपो भनी राग कसाव रहित भएर बस्नु, *"निक्खम"* भनी द्वेष कसाव रहित भएर बस्ने, *"निरासयो"* भनी टाँसिने स्वभाव नभएकोलाई *"सब्ब लोके"* भनी *"कामाभव, रूपभव, अरूपभव"* भनिएको तीन भवमा पनि, फेरि बान्ह आयतनमा पनि भवतृष्णा र विभवतृष्णाले सहित भई बस्नेलाई भनेको हो । म यसरी नटाँसिने भएर बस्न सकेको हुनाले गैंडाको एउटा मात्र सिङ जस्तै म कुनैमा पनि नटाँसिईकन राज्य सम्पत्ति त्याग गरी एक्लै विचरण गरेर प्रत्येकबुद्ध हुन सकेको हुँ भन्ने यो गाथाको अभिप्राय हो ।

निल्लोलुपगाथा वर्णन समाप्त भयो ।

..................



Downloaded from http://dhamma.digital

(२२)

*"पापं सहायं परिवज्जयेथ"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी देशमा एउटा राजा आफ्नो महान राजानुभावले नगर प्रदक्षिणा गरी गइरहँदा मानिसहरूले आ-आफ्ना कोष्ठागार (धानको भकारी) बाट नयाँ फलेको धान, नयाँ फलेको अन्न भित्र्याउनुको निम्ति पुरानो धान आदि निकाल्दै फालिरहेको देखेर मन्त्रीहरूसंग "हे भणे, यिनीहरूले के गरिरहेका" भनी सोधे। तिनीहरूले महाराज, अब नयाँ धानको बाली भित्रिएको हुनाले ती बालीलाई ठाउँ खाली गर्नु परेको हुनाले यिनीहरूले पुराना धान इत्यादि छरिरहेको" भनी उत्तर दिए। राजाले "के तिमीहरूले राजकोषमा पूर्ण गर्नुपर्ने व्रत पूरा गरिसक्यौ ? भनी सोध्दा परिपूर्ण गरिसकें महाराज, भनी बिन्ती गऱ्यो। "त्यसोभए दानशाला बनाउन लगाई गरिब गुरुवाहरूलाई दान दिनुपऱ्यो, यसरी कसैलाई उपकार नहुने किसिमले अन्न खेरफाल्न हुँदैन, दानशाला बनाउन लगाऊ" भनी आज्ञा दिए।

त्यसबेला एउटा मिथ्यादृष्टि अमात्यले महाराज, दान दिएको कुनै प्रतिफल छैन, यो खोक्रो काम हो। यो संसारमा चाहे मूर्ख होस्, चाहे पण्डित होस् ८४ जुनी सबै घुमिसकेपछि कुनै दान पुण्य नगरे पनि त्यसै मुक्त हुन्छ, दुःखको अन्त हुन्छ" भनी निवारण गऱ्यो। राजाले दुई तीन पटक कोष्ठागारबाट अन्न निकाल्दै फालिरहेको देख्दा त्यस्तै आज्ञा दिंदा पनि तेस्रो पटक पनि त्यो अमात्यले त्यस्तै "महाराज, दान दिएको कुनै फल छैन" आदि भनी निवारण गऱ्यो। अनि राजाले "अहो, मैले आफ्नो राज्यमा भएको चीज वस्तु दान गर्छु भन्दा पनि दान गर्न पाइनँ, यी अमात्यहरूसंग राय मिलेन, यस मन्त्रीले भनेको कुरामा नै अरू मन्त्रीहरूले अनुमोदन गरिरहे, मैले



Downloaded from http://dhamma.digital

भनेको कुरामा यिनीहरूले उत्साह गरेनन्, मिथ्या विचार भइरहेको हुनाले यसकै कुरामा समर्थन गरिरहे, यस्ता मूर्ख पापसहाय साथीहरूसंग के बस्नु" भनी राज्य त्याग गरी प्रव्रजित भई विपस्सना वृद्धि गरी प्रत्येकबुद्धत्व साक्षात्कार गरे। त्यसबेला ती पापी सहायकहरूलाई निर्देशन गरी उहाँले प्रत्येकबुद्धहरूको समूहमा पापीहरूलाई साथी तुल्याई बस्नु निकै हानिकारक छ भनी यो गाथा बताउनुभएको हो–

"पापं सहायं परिवज्जयेथ,
अनत्थदस्सिं विसमे निविट्ठं ।
सयं न सेवे पसुतं पमत्तं,
एको चरे खग्गविसाणकप्पो" ॥२३॥

**अर्थ**– अनर्थलाई ग्रहण गर्ने, नमिल्दो आचरणमा लागिरहने, पापमित्रहरू छाड। आलस्य प्रमादलाई साथ नदिइकन गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ यसको संक्षिप्त अर्थ हो– "पापो" भनी दश प्रकारका मिथ्या धारणा, वस्तुकाम पापदृष्टिलाई भनेको हो। त्यो के के भने–

१) ***नत्थि दिन्नं***– दान दिएको कुनै फल छैन भन्ने धारणा।

२) ***नत्थि यित्थं***– भव्यरूपले महान् दान दिनेलाई यित्थ दान भन्छन्, यसको पनि कुनै फल छैन भन्ने धारणा।

३) ***नत्थि हुतं***– साना साना दान जस्तै कोसेली, उपहार आदि तथा कसैलाई कापी, कलम, खानेकुरा, पिउने कुरा, चीज वस्तुहरू दिने, यसको पनि कुनै फल छैन भन्ने धारणा।

४) ***नत्थि सुकत दुक्कतानं कम्मानं फलं विपाको***– असल कमसल जे गरेपनि त्यसको कुनै फल छैन भन्ने धारणा।



Downloaded from http://dhamma.digital

५) *नत्थि माता*– यो संसारमा आमा भन्ने पनि वास्तबमा भएको होइन, केवल संयोगले मात्र आफूहरू भएको हो । यिनीहरूलाई आदर गौरव, सत्कार गर्नुको पनि पुण्य वा फल छैन भन्ने धारणा ।

६) नत्थि पिता– बाबु भन्ने पनि यथार्थमा भएको हैन भन्ने धारणा ।

७) *नत्थि अयं लोको*– पहिले पहिलेको पुण्यको प्रभावले त्यसको फलले हामी यो लोकमा मानिस भइरहेको भन्ने अतीत जन्म र अतीत कर्मको फल छैन भन्ने र यही एउटा जन्म मात्र हो भन्ने धारणा ।

८) *नत्थि परो लोको*– फेरि अर्को ठाउँमा अहिलेको कर्मले जन्म लिने भन्ने पनि छैन भन्ने *"उच्छेदवृष्टि"* । पञ्चतत्त्व पञ्चतत्त्वमा मिलेर जान्छ, फेरी जन्मनु पर्दैन भन्ने धारणा ।

९) *नत्थि सत्ता ओपपातिका*– तुरुन्तै पूर्णरूपले शरीर प्राप्त देवता, ब्रह्मा, भूत प्रेत पिसाचादि सत्त्व भन्ने पनि छैन भन्ने धारणा ।

१०) *नत्थि लोके समणब्राह्मणा*– यो संसारमा त्यस्ता श्रमण ब्राह्मणहरू पनि छैनन्, अभिज्ञा लाभ गरेर सम्यक् प्रतिपत्तिमा रही त्यसको फलले यसलोकको र परलोकको विषयलाई आफ्नो अभिज्ञाको बलले देखाउन बताउन सक्ने श्रमण ब्राह्मणहरू पनि छैनन् । बुद्ध, प्रत्येकबुद्ध पनि छैनन्, ऋद्धि सिद्धि पनि छैनन् भन्ने १० प्रकारका मिथ्यादृष्टि धारणा भएकाले *कम्मस्सकता सम्यकदृष्टि* लाई फाल्ने हुन्छ । यिनीहरूले जुनसुकै अनर्थ गर्न सक्छन् ।

दान दिने भनेको कर्म हो । दानको प्रत्यक्ष फल– दान लिने व्यक्ति प्रसन्न हुन्छ । अहो, यसले मलाई चाहिने, मसंग नभएको



Downloaded from http://dhamma.digital

वस्तु दियो भनी रमाउँछ। दान दिने व्यक्ति पनि आफूले दिएको हुनाले प्रसन्न हुन्छ, उसको यशकीर्ति फैलिन्छ। त्यस्ता दाता जुनसुकै परिषद्मा गएपनि निर्भयी हुन्छ, हर्षित हुन्छ, सबैको प्यारो हुन्छ, सबै ठाउँमा विश्वासी भई सबै ठाउँमा बस्न पाउने हुन्छ। उसको भोग सम्पत्ति बृद्धि हुन्छ। मृत्यु पछि पनि *निरय*– नरकगामी नभई *सुगति*– स्वर्गमा जन्मने हुन्छ। यस्तो कर्म र फललाई विश्वास नगर्ने मिथ्यादृष्टिलाई नै यहाँ "*पापो*" भनिएको हो। यस्ता प्राणीहरूले अरूलाई पनि अनर्थ हुने मात्र देखिरहने, अनर्थ मात्र देखाइरहने, नराम्रो, खराब, अप्प्यारो बाटो मात्र देखाउने, प्रमादी भएको हुनाले यस्तालाई "*अनत्थदस्सी*" भनेको हो। "*विसमे निविट्ठो*" भनी यस्ता पापीहरूले कहिल्यै पनि असल कामतिर नलागी कायदुश्चरित्रादि काम मात्र गर्ने कोशिस गर्छन्। त्यसकारण यस्तालाई आफ्नो सम्झी सम्पर्क गर्न हुँदैन। "*सयं न सेवे*" भनी आफूलाई आफ्नो बशमा राखी यस्ताको बशमा नजानू। अलग भएर बस्नू। कहिले काहीं बाध्यताबश यस्तासंग पनि संगत गर्नुपर्ने हुन्छ, तैपनि मुख्यतया आफू सतर्क भएर आफू आफ्नो बशमा रहन सके यस्ता साथीहरूलाई त्याग गर्न सकिने हुन्छ। यस्ता "*प्रमाबी*" भनी कुशल भावना भनेको रत्तिभर पनि नभएका, पञ्चकामगुणमा चित्तलाई छाडा गरिराख्ने, दगुरिरहने हुनाले यिनीहरूलाई "*पमत्त*" भन्छन्। यस्ताको सेवन गर्न हुँदैन, संगत गर्न हुँदैन भनी यस्ता मिथ्यादृष्टि, अनर्थ देखाउने अमात्यहरूलाई छाडी प्रव्रजित भई विपस्सना भावना गर्न गैंडाको एउटा मात्र सिङ जस्तै एक्लै भएर प्रत्येकबुद्धत्व लाभ गरेको हुँ भनी बताउनु भएको हो।

पापसहायगाथा वर्णन समाप्त भयो।

................



Downloaded from http://dhamma.digital

*"बहुस्सुतं धम्मधरं"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– पहिले काश्यप तथागतको समयमा आठ जना प्रत्येकबोधिसत्त्वहरू उहाँको शासनमा प्रव्रजित भई गतप्रत्यागत व्रत पूरा गरी जीवनोपरान्त देवलोकमा उत्पन्न भए भन्नेदेखिको कुरा *"अनवज्जभोजी"* भन्ने गाथामा भएको वर्णन जस्तै भयो।

यहाँ विशेष कुरा के छ भने- प्रत्येकबुद्धहरू आउनुभएपछि राजाले उहाँहरूलाई आदरपूर्वक आसनमा बसालेर सोधे "तपाईहरूलाई के भन्ने गर्छन् ?" उहाँहरूले "महाराज, हामीलाई बहुश्रुत भन्छन्" भन्नुभयो। राजाले पनि भन्ते, मलाई श्रुत ब्रह्मदत्त भन्ने गर्छन्। म सुनेर कहिल्यै तृप्त हुन्नँ, सन्तोष हुँदैन, पुग्यो भन्न जानेको छैन भने। त्यसपछि राजाले उहाँहरूसंग विचित्र रूपले सद्धर्म देशना सुन्छु भन्ने मनमा लिई प्रसन्न चित्तले हात धुने पानी दिएर भोजन गराई भोजन सिद्धिएपछि संघ स्थविरसंग पात्र लिएर वन्दना गरी अगाडि बसेर "भन्ते, धर्म कथा बताउनु हवस्" भनी प्रार्थना गरे। त्यसबेला उहाँहरूले *"सुखितो होतु, महाराज, रागक्खयो होतु"* भनी आसनबाट उठेर जानुभयो। राजाले "उनी बहुश्रुत होइनन् होला अर्को बहुश्रुत होला भनी भोलि विचित्र धर्मदेशना सुनुँला भन्ने इच्छाले भोलिको निम्ति पनि निमन्त्रणा गऱ्यो। यसरी नै आठैजनालाई निमन्त्रणा गरी भोजन गराई विचित्र धर्मदेशना सुन्नको लागी आठदिनसम्म दिनहुँ प्रार्थना गरे।

ती आठैजना *"दोसक्खयो होतु, मोहक्खयो होतु, गतिक्खयो होतु, वयक्खयो होतु, उपधिक्खयो होतु, तण्हक्खयो होतु,* भनी यसरी एक एक पद मात्र बताई सबै पहिलो दिनमा जस्तै उठेर गए।



Downloaded from http://dhamma.digital

त्यसपछि राजाले यिनीहरूले हामी बहुश्रुतहरू हौं भन्छन् तर यिनीहरूले विचित्र रूपले धर्मदेशना नगरिकन एक एक पद मात्र बताई गए भनी सोही वचनहरूको अर्थलाई सम्झेर त्यसलाई परीक्षा गर्ने हिसाबले भित्रसम्म खोतलेर हेर्दा राग एउटा क्षय भएपछि द्वेष पनि क्षय हुने, मोह पनि क्षय हुने, उही क्रमले एकको अर्कासंग सम्बन्ध भएको क्लेश सबै क्षय हुनेलाई जानी रमाउँदै श्रमणहरू त साँच्चै नै बहुश्रुत हुनुहुन्छ भनी जान्यो। जस्तो कुनै मानिसले यो पृथ्वी हो यो आकाश हो भनी औंलाले देखाइदिएपछि त्यो औंलाले देखाइदिएको एक ठाउँमा मात्र पृथ्वी वा आकाश नभइकन भएभरको पृथ्वी र आकाशलाई नै देखाएको बुझिन्छ, त्यस्तै यी एउटा एउटाको अर्थ निर्देश गरी देखाउँदा अपरिमाण रूपले व्यापक रूपले व्याख्या भएको भयो। यी श्रमणहरू त कुनै प्रकारले छ्यासमिस नभएको, कुनै अलंकार नराखी धर्म बताउनुमा बहुश्रुत भएका नै रहेछन् भनी मनमा विचार गरे।

त्यसपछि राजाले मैले पनि त्यस्तै एक एक शब्दलाई राम्रोसंग बुझ्नुपर्छ भनी विचार गरी त्यस्तै बहुश्रुत भावलाई प्रार्थना गरी सोच्यो "यस्तो गर्न राज्यमा बसेर सकिंदैन यो राज्य छाडी जान सके मात्र, प्रव्रजित हुन सके मात्र, यी गुणहरू सम्पन्न गर्न सकिन्छ भनी राज्य त्याग गरी प्रव्रजित भई विपस्सना वृद्धि गरी प्रत्येकबुद्धत्व साक्षात्कार गरे। प्रत्येकबुद्ध भइसकेपछि उहाँले यो गाथा व्यक्त गर्नुभएको हो।

"बहुस्सुतं धम्मधरं भजेथ,
मित्तं उलारं पटिभानवन्तं।
अञ्ञाय अत्थानि विनेय्य कंखं,
एको चरे खग्गविसाणकप्पो" ॥२४॥



Downloaded from http://dhamma.digital

अर्थ– उदार, प्रज्ञावान्, बहुश्रुत तथा धर्मधर, मित्रहरूको संगत गर । फेरि अर्थलाई जानेर समाधान गरी गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ *बहुश्रुत* भनी संक्षिप्तमा दुई प्रकारले बताइएको छ, पहिलो परियत्ति बहुश्रुत, दोस्रो प्रतिपत्ति बहुश्रुत । परियत्ति बहुश्रुत भनेको तीनै पिटकलाई कत्ति पनि बाँकी नराखी जान्न सक्ने । सुनिराखेको अर्थ राम्रोसंग बुझी राख्न सक्नेलाई भनिन्छ । फेरि मार्गफललाई पैल्याई लिन सक्ने, त्रिविद्या, आठ विद्यालाई लाभ गर्न सक्ने, पञ्चाभिज्ञा, छलाभिज्ञालाई प्राप्त गरी लिनसक्ने, बाण हाने जस्तै बुझी लिन सक्ने बहुश्रुतलाई *प्रतिबेध बहुश्रुत* भनिन्छ । *धर्मधर* भनी आगतागमो सम्पूर्ण *आगम* भनेको त्रिपिटक बुद्धवचनलाई कण्ठस्थ गरी राख्नेलाई भनिन्छ । जसरी आयुष्मान् आनन्द, धम्मभण्डागारिक भनी सम्पूर्ण धर्मलाई कण्ठस्थ गरी सम्झिराखेझैं धर्मलाई धारण गरिराख्नेलाई धर्मधर भनिन्छ । *उलार* भनी उच्च स्थितिमा पुगेका, कायकर्म, वचीकर्म, मनोकर्म विशाल भएकालाई भनेको हो । *पटिभाण* भनी प्रतिभा भएको व्यक्तित्वलाई भनेको भएपनि ज्ञानले सम्पन्न भएको *युक्तप्रतिभा* अर्थात् युक्तिसंगत प्रतिभा (विभिन्न व्यक्तित्व) भएको, मुक्तप्रतिभा भनी जीवनमुक्त अवस्थामा पुगेको, ज्ञानरूपी प्रतिभा भएको । *युक्त मुक्त प्रतिभा* भनी परियत्ति प्रतिपत्ति र प्रतिबेध भनेको तीन प्रकारका प्रतिभा भएको, *दक्षता* भनेको परियत्तिलाई सोध्दा राम्रोसंग बताउन सक्ने दक्षता भएको । प्रतिपत्ति र मार्गफल ज्ञानलाई प्राप्त गरी त्यसको अर्थ, ज्ञान, लक्षण र स्थानास्थान विषयमा सोध्दा पनि राम्रोसंग निराकरण हुनेगरी बताउन सकिने *परिपुच्छा प्रतिभान* भएको । त्यस्तै मार्ग आदिबाट प्रतिबेध भएको,



Downloaded from http://dhamma.digital

साक्षात्कार गरिराखेकालाई *अधिगम प्रतिभा* भएको भनिन्छ । यसरी यस्ता बहुश्रुतहरू, धर्मधरहरू, मित्रहरू, उलारहरू, प्रतिभावान्हरूलाई भज्नुपर्छ सत्संग गर्नुपर्छ । यस्तासंग सत्संग गरेर यसको आनुभावले आफूलाई अरूलाई दुवै थरीलाई *दिट्ठधम्म* भनी वर्तमान जीवनमा र *सम्परायिक* भनी परलोक भइसकेपछि तथा *परमार्थ* भनी निर्वाणसम्म पनि साक्षात्कार हुने, त्यस्तै आत्मार्थ परार्थ र उभयार्थ रूपले अनेक प्रकारले अर्थ लाभ गरी, जानी लिइसकेपछि *विनेय्यकंखं* भनेको भएभरको शंकालाई दमन गरी, निर्मूल गरी, शान्त गरी, निःशेषरूपले विनाश गरी । *कत सब्बकिच्चो* भनी गर्नुपर्ने कुनै पनि बाँकी नरहने गरी, गर्नुपर्ने जति गरेर सिद्धियो भनी ढुक्क भएर बस्न सकिने हुन्छ ।

यहाँ शंका भनी १६ प्रकारका अतीतकाल आदिका शंका र ८ प्रकारका शंकालाई भनेको हो । सबभन्दा पहिले यी निवारण गर्नुपर्ने शंकालाई निर्मूल गरिसकेपछि मात्र "*कत सब्बकिच्चो*" भनी ढुक्क भएर बस्न सकिने हुन्छ । यस्तो गर्न सकिने हुनलाई गैंडाको एउटा मात्र सिङ भए जस्तै एक्लै विचरण गर्नुपर्छ भन्ने यस गाथाको अभिप्राय हो ।

बहुस्सुत गाथा वर्णन समाप्त भयो ।

................

(२४)

"*खिड्डं रतिं कामसुखञ्च लोके*" भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी देशमा विभूषक ब्रह्मदत्त नामको एउटा राजा थियो । त्यो राजा निकै नै राम्रोसंग अलंकार वस्त्रले



Downloaded from http://dhamma.digital

सजिएर चिटिक्क परेर बस्ने भएर उनको नाम नै विभूषक ब्रह्मदत्त पर्न गएको हो। राजा दिनहुँ बिहान सबेरै यागु आदि खानपान गरिसकेपछि आफूलाई ठूलो ऐनाको अगाडि अनेक प्रकारका वस्त्र अलंकार आदिले अलंकृत गरिसकेपछि सबै शरीर देखिने ऐना हेरी आफूलाई मन नपर्ने वस्त्र अलंकार भए ती वस्त्रालंकार हटाउन लगाई अर्को वस्त्रालंकार मगाई सजाउँथ्यो। एकदिन यसरी वस्त्रालंकार चित्त नबुझी बदल्दै रहँदा ल्याएजत्ति मन नपरेकोले दिनको भोजनको समय भएको हुनाले एउटा कपडा टाउकोमा बेरी भोजन गर्न गयो। भोजन गरिसकेपछि सुतेर फेरि त्यस्तै वस्त्र अलंकार हेर्दा हेर्दै घाम अस्तायो। यस्तै प्रकारले एकदिन होइन दुई दिन होइन धेरै दिनसम्म एकै ठाउँमा वस्त्रालंकारले सजाउन बसिरहनु पर्दा राजालाई कमर दुख्ने रोग लाग्यो। यसरी कम्मर दुख्ने रोग लागेको हुनाले राजाको मनमा यस्तो भयो– अहो, म त निकै खराब मानिस भएँ, यसरी पोसाकीहरूले यति विघ्न कोशिस गरेर वस्त्र अलंकारले सिँगारि रहँदा पनि यिनीहरूले मलाई सन्तोष पार्न सकेनन्। यसरी लोभ लालचको बशमा परी सिँगारपटारमा मात्र भुलिरहें भने मैले कहिल्यै असल गति पाउँदिन, अपाय नरकमा जाने काम भयो। तसर्थ मैले यो लोभ लालच छोड्नुपर्‍यो भनी राज्य त्याग गरी प्रव्रजित भई विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी यो गाथा प्रकट गर्नुभएको हो।

"खिड्डं रतिं कामसुखञ्च लोके,
अलंकरित्वा अनपेक्खमानो।
विभूसनट्ठाना विरतो सच्चवादी,
एको चरे खग्गविसाणकप्पो" ॥२५॥



Downloaded from http://dhamma.digital

अर्थ– संसार क्रीडा, रति र कामसुखमा आशक्त हुँदा त्यसलाई वास्ता नगरिकन श्रृंगारले अलग भएर, सत्यवादी भई गैंडा जस्तै एक्लै विचरण गर ॥

यहाँ बुभ्नुपर्ने कुरा के हो भने– हामी यसरी जतिसुकै भुलिरहे पनि यसरी सम्हालिन सक्दैनौं। प्रत्येकबुद्ध हुने पूर्वसम्भार भएका, गतप्रत्यागत व्रत पूरा गरी सकेका पनि यसरी पञ्चकामगुणमा भुलिरहन्छन्। फेरि यसरी भुलिरहे पनि उनीहरू आखिर सम्हालिन सक्ने हुन्छन्।

यहाँ *"खिड्डा"* भनी क्रीडा गर्ने, खेल्नेलाई भनेको हो। *"रति"* भनी कामसुखमा रमाइलो मान्नेलाई भनेको हो। *कामसुख* भनी क्लेश कामसुख र वस्तु कामसुख भनी दुई प्रकारका छन्। रति भन्नाले क्लेश कामसुख भनी जान्नुपर्छ, अर्को विभिन्न प्रकारका रूप, शब्द, गन्ध, रस, स्पर्शबाट उत्पन्न हुने वस्तु कामसुख भनेको खाने, पिउने, बस्ने, लगाउने आदिमा सुख अनुभूति तुल्याइदिने हुनाले यसलाई पनि सुख भनिन्छ। यो संसारमा रूप आदिको कारणलाई सुख उत्पत्ति गरिदिने हुनाले यी खाने, पिउने, बस्ने, लगाउने आदि जति पनि वस्तुहरू छन् त्यसलाई पनि सुख भनिन्छ।

यो कामसुखलाई *"अलंकरित्वा"* भनेको सजाउने भन्ने अर्थ भएपनि यहाँ यी सजाउनेबाट पुग्यो भन्ने नभएकोलाई मलाई तृप्ति तुल्याउने हो भनी कामसुखलाई ग्रहण गरेर नलिईकन त्यसमा रत्तिभर पनि अपेक्षा नगरी ती अलंकृत हुनेलाई उपेक्षा गरी सत्यदर्शी भई, विभूषित हुनुबाट विरत भई रहनुपर्छ भन्ने ज्ञान लिई विपस्सना बृद्धि गरी प्रत्येकबुद्धत्व प्राप्त गरेको हुँ भनी व्यक्त गर्नुभएको हो। यहाँ विभूषण भनी दुई प्रकारले देखाई राखेको छ।



Downloaded from http://dhamma.digital

१) *आगारिक विभूसन* भनेको घरमा बस्नेहरूले सजाउने वस्त्र, गहना, बास्ना आउने फूल, फूलको माला, अत्तर, पाउडर आदि र २)*अनागारिक विभूसन* भनी गृहत्यागीहरूले सजाउने चीवर वस्त्रादि इस्त्री गर्ने, राम्रा राम्रा वस्त्र खोज्ने, वस्त्रलाई सजाई टल् टल् चम्कने गरी सजाउनेलाई भनिन्छ। यसरी सिँगारपटारबाट तृष्णादि क्लेश मात्र बृद्धि हुने हुनाले त्यसलाई त्याग गरी मार्गफल ज्ञान लाभ गर्न गैंडाको एउटा मात्र सिङ भएजस्तै एक्लै विचरण गर।

विभुसनट्ठानगाथा वर्णन समाप्त भयो।

................

(२५)

*"पुत्तं च दारं पितरं च मातरं"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीका एउटा राजाको छोरो युवावस्थामा नै अभिषित्त भई राजा भयो। ती राजाले पहिलेको गाथामा जस्तै प्रशासनमा बसेर राज्य गरिरहेको बेलामा मनमा सोचे– यसरी प्रशासनमा बसेर राज्य गरिरहँदा धेरैलाई दुःख दिनुपर्छ। एक छाक खाई बाँच्न यसरी धेरैलाई दुःख दिएर पापकर्म गरी बसेर के फाइदा ? तसर्थ सुख उत्पत्ति गरेर बस्ने काम गर्नुपर्‍यो भनी राज्य छाडी प्रव्रजित भई, विपस्सना बृद्धि गरीं प्रत्येकबुद्धत्व साक्षात्कार गरी प्रत्येकबुद्ध भई प्रत्येकबुद्धहरूको समागममा यो उदान गाथा व्यक्त गर्नुभएको हो।

"पुत्तं च दारं पितरं च मातरं,
धनानि धञ्ञानि च बन्धबानि।
हित्वान कामानि यथोधिकानि,
एको चरे खग्गविसाणकप्पो" ॥२६॥



Downloaded from http://dhamma.digital

अर्थ– स्त्री, पुत्र, आमा, बाबु, धन, धान्य र बन्धुगण यी सबै कामहरूलाई रागसंग त्यागी गैंडा जस्तै एक्लै विचरण गर ॥

यहाँ "धन" भनी सप्तरत्नले परिपूर्ण भइरहनेलाई भनेको हो। जस्तै मोती, मणि, बेल्लोर, शंख, शीला, प्रवाल, चाँदी, सुन, रत्न आदि धेरै थरिका विभिन्न रत्नले परिपूर्ण भइरहनेलाई भनेको हो। त्यस्तै छोरा, छोरी, स्त्री, आमा, बाबु, त्यस्तै नै *"धञ्ञानि"* भनी धान, गहुँ, जौ, मकै, फाफर, कोदो, सालिधान, व्रीहिधान, आदि विभिन्न गेडागुडी आदि खाने, पिउनेले पूर्ण भइरहनेलाई भनिन्छ। यस्ता अरु अरु पनि खानेकुरा पिउने वस्तुबाट पूर्ण भइरहनेलाई भनिन्छ। यस्ता अरु अरु पनि खाने पिउने कुरालाई भकारीका भकारी भण्डार गरी राख्न सक्नेलाई धन धान्यले परिपूर्ण भएका भन्ने गर्छन्। त्यस्तै नै *"बान्धवानि"* भनी जातिबन्धु, मित्रबन्धु, गोत्रबन्धु, र शिल्पविद्या अध्ययन गर्दा संगै अध्ययन गरेका शिष्य बन्धु , यी चार प्रकारका इष्ट, मित्र, ज्ञाति, बन्धुहरूलाई बान्धब भन्छन्, आ–आफ्नो तरिकाले यसरी सीमा बनाई उपरोक्त सीमा सीमाद्वारा छुट्याई राखेका इष्ट मित्र ज्ञाति बन्धु आदिहरूसंग आशक्त हुने हुन्छ। यी आशक्तिद्वारा कामविषयहरू बृद्धि नै भइरहने हुन्छन्। त्यसकारण यी आशक्ति र पञ्चकाम विषयलाई छिनालेर एउटा मात्र सिङ भएको गैंडा जस्तै विचरण गरी विपस्सना बृद्धि गरी आएको हुनाले नै मैले प्रत्येकबुद्धत्व प्राप्त गरेको हुँ भनी प्रत्येकबुद्धहरूको समागममा व्यक्त गर्नुभएको हो।

पुत्तदारगाथा वर्णन समाप्त भयो।

................



Downloaded from http://dhamma.digital

(२६)

*"सङ्गो एसो परित्तमेत्थ सोख्यं"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा पादलोल नामको एउटा राजा थिए। ती राजा एकछिन पनि चूपलागेर नबस्ने, विशेषगरी रसरंगमा नै घुमिरहने हुनाले उनलाई पादलोल ब्रह्मदत्त भनेको हो। उनी बिहान सबेरै यागु भएपनि भोज्य पदार्थ भएपनि खाइसकेपछि राजदरवारमा जान्थे। त्यहाँ तीनवटा प्रासादमा तीन प्रकारका नाटक देखाइन्थ्यो। एउटा पहिलेदेखिका परम्परानुसार आएका नाटक, एउटा उनी भन्दा पहिलेको राजाले राखेर गएका नाटक, एउटा आफैले निर्माण गरेका नाटक। त्यो राजा जलपान यागु आदि खाएर उक्त प्रकारका नाटक हेर्न जाने गर्थे, भोजन पछि आराम गरी फेरि अर्को नाटक हेर्न जाने, बेलुका फेरि अर्को नाटक हेर्न जाने गर्दथे। एकदिन राजा बिहान सबेरै नव युवतीहरूले प्रदर्शन गर्ने नाटक हेर्न भनी गए। त्यतिबेला तिनीहरूले मानो देवराज इन्द्रको सभामा अप्सराहरू नाचेजस्तै रमाइलो र मनोहर गीत गाएर, बाजा बजाएर, नृत्य प्रदर्शन गरी देखाए। परन्तु राजाले तिनीहरूले गाएको गीत, बजाएको बाजा र नृत्य गरेकोमा कुनै रस मानेनन्। नवयुवतीहरूले राजालाई खुसी पार्छु भनी प्रयत्न गरे पनि असन्तुष्ट भई मध्यम वैंशका नारीहरूले देखाउने नाच हेर्न गए। त्यहाँ पनि नर्तकीहरूले त्यस्तै नै राजालाई खुसी तुल्याउँछौ भनी राम्रोसंग गीत गाई बाजा बजाई नृत्य गरी देखाए। परन्तु राजा त्यहाँ पनि असन्तुष्ट भई निकै दक्षता भएका, छिप्पिइसकेका, नाटक देखाउँदा देखाउँदै पाका भइसकेका नर्तकीहरू भएको ठाउँमा गए। त्यहाँ पनि नर्तकीहरूले त्यसरी नै नृत्य प्रदर्शन गरे। राजा त्यहाँ पनि सन्तुष्ट



Downloaded from http://dhamma.digital

भएनन् । एवं प्रकारले घुम्दै हेर्न जाँदा उनले बूढाहरूले देखाएको नाच हेर्दा हाड मात्र नाचेको जस्तो देखे । गीत गाएको पनि मधुर भएन । त्यसकारण फेरि नवयुवतीहरू नाच्ने नृत्यशालामा हेर्न गए । फेरि मध्यम खालका नर्तकीहरूकहाँ गए, यसरी घुम्दै फिर्दै पाका नर्तकीहरूकहाँ हेर्न जाँदा त्यहाँ पनि असन्तुष्ट भई विचार गरे– "यी नर्तकीहरूले देवराज इन्द्रका अप्सराहरूले जस्तै रमाइलो तुल्याउँछौं भनी खुसी पार्छौं भनी सबै प्रकारले नृत्य गीत वाद्य प्रयोग गरेर देखाउँदा पनि मलाई सन्तुष्ट गर्न सकेनन् । यसको कारणले ममा लोभ मात्र बृद्धि भयो । यसरी लोभ लालच बृद्धि गरी बस्नुपर्‍यो भने म अवश्य अपाय गमन गर्ने हुन्छु । तसर्थ यो लोभलाई दमन गर्नुपर्‍यो भनी विचार गरे । पहिलेको संस्कारले घचेटेको भएर यसरी संवेग उत्पन्न भएको हो । यसरी संवेग उत्पन्न गरेर राज्य त्याग गरी, प्रव्रजित भई, विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरेर प्रत्येकबुद्धहरूको समूहमा आफूले आरम्मण गरी आएको कुरालाई लिएर प्रत्येकबुद्धत्व लाभ भएको कुरा बताई यो गाथा व्यक्त गर्नु भएको हो ।

"सङ्गो एसो परित्तमेत्थ सोख्यं,
अप्पसादो दुक्खमेत्थ भिय्यो ।
गलो एसो इति ञत्वा मतिमा,
एको चरे खग्गविसाणकप्पो" ॥२७॥

अर्थ– यो बन्धन हो, यसमा अलिकति मात्र सुख छ, स्वाद अलिकति मात्र छ, यसमा दुःख धेरै छ, फेरि यो खटिरा, पिलो, समान हो । बुद्धिमान् पुरुषले यसरी जानेर गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ *"सङ्गो एसो"* भनी आफूले उपभोग गरिराखेको कामगुण



Downloaded from http://dhamma.digital

भनेको साँचै नै मानिसहरूलाई भित्रैसम्म गाडिदिने, टाँसिदिने, गाडिने धर्म हो । यो पञ्चकामगुणमा डुब्ने भनेको हिलोमा, धापमा हात्ती खस्दा त्यहाँबाट माथि आउन नसकी, झन् झन् गाडिएर गए जस्तै हो । *"परित्तमेत्थ सोख्यं"* भनेको यसमा सुख भोग गरिरहने भनेको अल्प मात्र हो । त्यसैले त्यसमा विपरीत संज्ञा लिइरहनु पर्छ । पञ्चकामगुणमा सुख मानिरहने भनेको राम्रो संज्ञा होइन । विपरीत तरिकाले विचार गर्नुपर्ने संज्ञा हो । उच्चकोटिमा पुगिराखेको संज्ञा होइन, लोभ, दोष, मोहले च्यापिराखेको हुनाले हीन हो, निकृष्ट हो । स्थायी सुख होइन, *"परित्त"* अल्प मात्र हो । बिजुली चम्कँदा नाच देखिने जस्तो सुख हो । यो पञ्चकामगुणमा हुने सुख हो । *"अप्पस्सादो"* भनी पञ्चकामगुणमा स्वाद त छ परन्तु अलिकति मात्र छ । *"दुक्खमेत्थ भिय्यो"* दुःख धेरै र सुख अलिकति मात्र छ । समुद्र प्रमाण दुःख भएको ठाउँमा एक थोपा मात्र पानी झैं सुख छ । एउटा समुद्र मात्र होइन चार महासमुद्रको पानी समान दुःख छ । *"गलो एसो"* भनी बल्छी जस्तै, अंकुशमा अल्झे जस्तै अल्झिसकेपछि मुक्त हुन नसकिने हुनाले यो पञ्चकामगुणलाई *"मतिमा"* बुद्धि हुने, पण्डितहरूले, (ज्ञान भएकाले) यसलाई बल्छीझैं ठानी त्यसको दुष्परिणामलाई देखिरहने हुन्छ । यसरी देखी त्यसलाई छाडी गैंडाको एउटा मात्र सिङ जस्तै एक्लै विचरण गर भन्ने अभिप्राय हो ।

सङ्गगाथा वर्णन समाप्त भयो ।

.................



Downloaded from http://dhamma.digital

*"सन्वालयित्वान संयोजनानि"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा अनिवत्त ब्रह्मदत्त नामको एउटा राजा थिए। ती राजा संग्राममा जाँदा नजितिकन नफर्कने, अरू कुनै काम गरे पनि वीर्य र धैर्यपूर्वक पूरा गर्ने, पूरा नगरिकन नफर्कने, नछाड्ने भएर नै उसको अनिवत्त ब्रह्मदत्त भनी नाम रहेको हो। एकदिन राज उद्यानमा घुम्न जाँदा त्यहाँ डढेलो लागेर आयो, जसबाट पहिले सुकेका रूखका पातहरू जलेर गए। जलेर गएको ठाउँमा त्यो आगो फेरि फर्केन। राजाले यो देखेर त्यसबाट निमित्त ग्रहण गरी विचारगरे "यो वनदाह भएको फेरि फर्कन नजाने जस्तै मानिसहरूलाई पनि एघार प्रकारका आगोले जलाइराखेका छन्, त्यो पनि फर्केर आउने चलन छैन। शान्त हुने पनि होइन।" त्यो आगोलाई आदित्तपरियाय सूत्रमा यसरी बताइएको छ– १) लोभ, २) द्वेष, ३) मोह, ४) उपायास, ५) जाति, ६) जरा, ७) मरण, ८) शोक, ९) परिदेव, १०) दुक्ख, ११) दोमनस्स। यी आगोहरूले महा भयानक दुःख उत्पादन गरी अधि बढि रहन्छन्। यो आगो जस्तै आर्य मार्गज्ञानरूपी अग्निले सबै क्लेशलाई जलाएर फेरि नफर्कने गरी जलाएर पठाउनुपर्छ। यसरी कहिल्यै फर्कन नपर्ने गरी जलाउन पाउँला" भनी मनमा चिताए। त्यसपछि एकछिन पछि फर्कदा पोडेहरूले माछा मारिरहेको देख्यो। त्यहाँ आइरहेको बेलामा जालमा अड्किसकेको ठूलो माछा एउटा जाल छिनालेर, फुत्त निस्केर भागेको देखियो। यो देखेर ती पोडेहरूले माछा भाग्यो, जाल फुटालेर गयो भनी कराएको शब्द सुनेर राजाले विचार गरे "कहिले मैले पनि यसरी नै आर्य मार्गज्ञानले तृष्णा र दृष्टिको जाललाई फुटालेर



Downloaded from http://dhamma.digital

छिनालेर फर्कन नपर्ने गरी जान पाउँला" भन्ने मनमा सोची राजदरवारमा आएर त्यो राज्य त्याग गरी प्रव्रजित भई जंगलमा गएर ध्यान बृद्धि गरी विपस्सना बढाई प्रत्येकबुद्धत्व साक्षात्कार गरे । पछि प्रत्येकबुद्धहरूको समूहमा उहाँले यो उदान गाथा भन्नुभयो ।

"सन्दालयित्वान संयोजनानि,
जालं व भेत्वा सलिलम्बुचारी ।
अग्गीव दड्ढं अनिवत्तमानो,
एको चरे खग्गविसाणकप्पो" ॥२८॥

अर्थ– जाल फुटालेर जाने माछा जस्तै, फेरि जलिसकेको ठाउँमा नफर्कने आगो जस्तै सबै बन्धन छिनालेर गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ "*सलिलम्बुचारी*" भनी पानीमा बस्ने माछा "जालं" जाललाई फुटालेर गए जस्तै दश प्रकारका संयोजनहरूलाई "*सन्दालयित्वा*" छिनालेर जसरी आगोले जलाएको ठाउँमा फेरि नफर्कने हुन्छ त्यस्तै मार्गज्ञानरूपी अग्निले क्लेशरूपी कामगुणलाई फेरि फर्कन नसक्ने गरी राम्रैसंग जलाएर पठाउनुपर्छ भन्ने विचार गरी विपस्सना बढाई मैले पनि संयोजनलाई छिनालेर गैंडाको एउटा मात्र सिङ जस्तै एक्लै विचरण गरेर प्रत्येकबोधित्व लाभ गरेको हुँ भन्ने अभिप्राय हो ।

संदालनगाथा वर्णन समाप्त भयो ।

.................



Downloaded from http://dhamma.digital

(२८)

*"ओक्खित्तचक्खू न च पादलोलो"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा एउटा चक्खुलोल ब्रह्मदत्त नामको राजा थियो । उनी पहिलेको पादलोल ब्रह्मदत्त जस्तै नाच हेर्न निकै रमाइलो मान्ने हुनाले उसलाई चक्खुलोल ब्रह्मदत्त भनेको हो ।

पहिलेको पादलोल ब्रह्मदत्त नाच हेरेर नअघाउने, राम्रो नमानी, असन्तुष्ट हुने हो भने यो नाच हेर्दै निकै नै राम्रो मानी, नाच आदि हेर्नुमा नै निकै तृष्णा बढाइरहने थिए । एकदिन ती राजा नाच हेर्न जाँदा साहु महाजनहरू पनि परिवार साथमा लिएर आएका थिए । त्यसबेला एउटी साहुकी छोरीलाई देखेर राजालाई उनी माथी राग उत्पन्न भयो । परन्तु यसरी राग उत्पन्न भए पनि तुरुन्तै संवेग उत्पन्न भई मनमा सोचे कि "मैले यसरी तृष्णालाई बृद्धि गरें भने अवश्य अपायगामी हुनेछु, तसर्थ मैले यसलाई अहिल्यै निग्रह गर्नुपर्छ, त्यसलाई दबाउँछु" भन्ने मनमा सोची राज्य सबै त्यागी प्रव्रजित भई विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरे । त्यसपछि आफ्नो पहिलेको व्यवहार, पहिलेको स्वभाव, पुरानो बानीको प्रतिपक्षी हुने गुण देखाई यो गाथा व्यक्त गर्नुभएको हो ।

"ओक्खित्तचक्खू न च पादलोलो,
गुत्तिन्द्रियो रक्खितमानसानो ।
अनवस्सुतो अपरिडय्हमानो,
एको चरे खग्गविसाणकप्पो" ॥२९॥

अर्थ– आँखाले माथि हेरी, घुमेर नहिँडिकन इन्द्रियलाई आफ्नो बशमा राखी, मनलाई संयम गरी, फेरि तृष्णा तथा कामद्वारा हुने डाहले रहित भई गैडा जस्तै एक्लै विचरण गर ।



Downloaded from http://dhamma.digital

यहाँ *"ओक्खित्तचक्खू"* भनी तलतिर हेर्ने आँखालाई भनेको हो । तलतिर हेर्ने आँखा गर्धनमा हुने सात टुक्रा हाडलाई यथास्थितिमा सोझो पारी परेलालाई तल झारी युगमात्र भनेको साढेचार हात जति मात्र अगाडि हेर्नुलाई भनेको हो । त्यसरी हेर्दा पनि हटाउनु पर्ने चीज र ग्रहण गर्नुपर्ने चीजहरू देखी हटाउनुपर्ने हटाउन र ग्रहण गर्नू पर्ने ग्रहण गर्नुलाई नै *"ओक्खितचक्खू"* भनेको हो । चिउँडो छातीमा धसेर गर्धन समेत तन्किने गरी छातीमा अड्याई राख्नुलाई भनेको होइन । म पहिले राजा भइरहेको बेलामा मैले मनलाई रत्तिभर पनि संयम गर्न सकिनँ, परन्तु मैले संवेग उत्पन्न हुनेबित्तिकै ओक्खितचक्खू भनेको तलतिर हेरिने आँखा र संयमित आँखा तुल्याई जिउभरिको ठाउँलाई मात्र संयमित भई हेरें । यस्तोलाई नै *श्रमण साक्षेप* श्रमणहरूलाई अनुकूल भएको उपयुक्त भएको भनिन्छ । *"न च पावलोलो"* भनी यताउती हेर्न जानुको निम्ति गोडालाई त्यसै नराखी हिँडिरहने, गोडा चिलाउने गरी एक ठाउँबाट अर्को ठाउँमा हिँडिरहने, हूलमूल जम्मा भएको ठाउँमा गइरहने हुनाले गइरहेको बेलामा मेरो चित्त निकै नै घुमी एक ठाउँमा नरहने गरी हिँडिरहेको बेलामा आँखालाई संयम गरी *"गुत्तिन्द्रियो"* भनी पञ्चइन्द्रियलाई संयम गरी, "मानसं" भनेको मनलाई रक्षा गरिराखें । त्यसो गर्नाले राग द्वेषादि क्लेशहरू बर्सिंदैनन् । त्यसरी वर्षा नगराई, वर्षा नहुने गरी संयम गरें । *"अनवस्सुतो"* भनी त्यस त्यस आरम्मणमा क्लेश नबहने गरी, क्लेश न उम्लिने गरी, फेरि *"अपरि डहयमानो"* भनी परिदाह नहुने गरी संयम गरी यहाँ *"बहिधा अनवस्सुतो"* भनी बाहिर प्रकट हुनेगरी बहने र *"अज्झत्त अपरिडहयमानो"* भनी त्यो भित्री मनलाई दाह हुन नदिनुलाई भनेको हो । यसरी जसले सम्पूर्ण



Downloaded from http://dhamma.digital

इन्द्रियलाई बशमा राख्छ त्यस्तालाई मात्र एक्लै रहने भनिन्छ। अरू सबै पहिलेको गाथा जस्तै हो।

ओक्खित्तचक्खूगाथा वर्णन समाप्त भयो।

..................

(२९)

"*ओहारयित्वा गिहिब्यञ्जनानि*" भन्ने यस गाथा को उत्पत्तिको कारण के हो भने– वाराणसी देशमा एउटा अर्को चातुमासिक ब्रह्मदत्त नामको राजाको चार महिनामा एकपल्ट राजोद्यानमा क्रीडा गर्न जानुपर्ने हुनाले नाउँ नै चातुमासिक ब्रह्मदत्त रहेको थियो। एकदिन राजा ग्रीष्म ऋतुमा उद्यानमा घुम्न जान्छु भनी जाँदा राजोद्यानको मूलढोका सँगै भरखर कोपिला उठिरहेको, फूल पनि फुलेको, पारिच्छत्त बृक्ष अत्यन्त सजाए जस्तै फूल फुलिरहेको देखी राजाले एउटा फूल टिपेर लगे। त्यसपछि राजाले अग्रपुष्प ग्रहण गरेको भनी अमात्य सहित राजाको पछि पछि गइरहेका सैन्य सिपाहीहरूले फूलको हाँगा समेत भाँचेर लिए। राजा क्रीडा समाप्त गरी सन्ध्या समयमा फर्कँदा त्यो पारिच्छत्त कोबिलार बृक्षमा फूल मात्र नभएको होइन रूखको हाँगाबिँगा समेत नभएकोले "म अघि आउँदा मणिपुञ्ज झैं फूल फुली राम्रो भइरहेको अहिले यो के भएको ! भनी मनमा आई यताउती हेर्दा फूल नफुलेको केवल रुखको पात मात्र भएको रुख पहिले जस्तो थियो उस्तै झुम्म परी राम्रो भइरहेको देखे। यो देखेर राजाले "रूखमा फूल, पात नभएको हाँगाबिँगा मात्र भएको यो बृक्ष, अघि म आउँदा मणिवर्ण समान हाँगाबिँगाको बीचमा मोती जस्तै फूल फुलेर अलंकृत भइरहेको, अहिले फूल र पात सम्म पनि छैन" भनी चिन्तना गरी यस्तो मनमा सोचे "यो रूखमा फूल फुलेको हुनाले धेरै मानिसहरूले लोभ गरे,



Downloaded from http://dhamma.digital

जसले गर्दा केही क्षणभित्रै विनाश हुनुपर्‍यो । परन्तु यो फूल नफुलेको रूख कसैले मन नपराएको हुनाले जस्ताको तस्तै बाँकी रह्यो । यो मेरो राज्य पनि फूल फुलेको बृक्ष जस्तै लोभ लाग्दो छ, । भिक्षुभाव भनेको फूल नभएको बृक्ष जस्तै कसैले लोभ गर्न र कसैले बिगार्न चाहेन । तसर्थ म पनि यो रूख जस्तै लोभ नलाग्ने गरी बस्नुपर्‍यो भनी संवेग उत्पन्न गरी फूल नभएको पात मात्र भएको जस्तो काषायवस्त्र धारण गरी राज्य त्याग गरी प्रव्रजित भई विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी पातले मात्र छोपिएको पारिच्छत्त बृक्षझैं भई एउटा मात्र सिङ भएको गैंडा जस्तै एक्लै विचरण गरेको हुँ" भनी प्रत्येकबुद्धहरूको परिषदमा उदान गाथा व्यक्त गर्नु भएको हो ।

"ओहारयित्वा गिहिब्यञ्जनानि,
सञ्छन्नपत्तो यथा पारिछत्तो ।
कासायवत्थो अभिनिक्खमित्वा,
एको चरे खग्गविसाणकप्पो" ॥३०॥

अर्थ– गृहस्थ भेष त्याग गरेर पात नभएको पारिच्छत्त बृक्ष जस्तै काषाय वस्त्रधारी भएर घरबाट निस्की गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ *"कासायवत्था अभिनिक्खमित्वा"* भनी काषायवस्त्र धारण गरेर अभिनिष्क्रमण गरी विपस्सना बृद्धि गरी प्रत्येकबुद्धत्व लाभ गरेको हो भन्ने यो गाथाको अभिप्राय हो । अरू सबै पहिले जस्तै हो ।

पारिच्छत्तकगाथा वर्णन समाप्त भयो ।

तेस्रो वर्ग समाप्त भयो

.................



Downloaded from http://dhamma.digital

(३०)

*"रसेसु गेधं अकरं अलोलो"* भन्ने यस गाथा को उत्पत्तिको कारण के हो भने– वाराणसीमा राज्य गरिरहेको एउटा राजा विशेष गरी अमात्यपुत्रहरू, भारदारहरूले घेरिएर उद्यानमा घुमी उद्यानमा रहेको ठूलो शिला भएको पोखरीमा क्रीडा गर्न जान्थे। पानीमा खेल्दा खेल्दै कहिले काहीं त्यस पोखरीमा भएको शिलामा पनि बस्न जान्थे। त्यतिबेला राजाको भान्छेले विभिन्न प्रकारका मासुको रस निकालेर निकै मीठो हुने गरी मानो अमृत नै हो कि भनेजस्तो खाने पिउने वस्तु सहित भोजन पकाएर ल्याउँथ्यो। त्यो राजा पहिले पहिले अरूलाई खानेकुरा बाँडेर खाने गर्थ्यो, तर त्यसदिन विशेष रूपले राजालाई भनी तयार गरी ल्याएको त्यो खाना देख्नासाथ कसैलाई न बाँडिकन त्यो खानामा गिद्धदृष्टि राखी आफूले मात्र खायो। बाँकी रहेको पनि कसैलाई नदिइकन निकै मीठो भएको हुनाले छोपेर फेरि नुहाइसकेपछि पनि छिटो छिटो खायो। पहिले झैं अरूलाई बाँडेर खाएन। परन्तु खाइसकेपछि बल्ल होस आयो र विचार गऱ्यो "अहो, मैले ठूलो पाप गर्न पुगें, खानामा लुब्ध भएर, रसतृष्णामा डुबेर, लोलुप तृष्णा भई सबैलाई बिर्सी एक्लै खाएँ। यो रसतृष्णाले गर्दा यत्तिसम्म भुलाइदियो, त्यसैले यो रसतृष्णालाई निग्रह नै गर्नुपर्छ, दबाउनै पर्छ" भनी राज्य त्याग गरी प्रव्रजित भई विपस्सना वृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी आफ्नो पहिलेको रसतृष्णामा डुब्ने आचरणलाई दोष्याई त्यसको प्रतिपक्षी गुणलाई देखी यो उदान गाथा प्रत्येकबुद्धहरूको समागममा पढ्नुभएको हो।



Downloaded from http://dhamma.digital

"रसेसु गेधं अकरं अलोलो,
अनञ्ञपोसी सपदानचारी ।
कुले कुले अप्पटिबद्धचित्तो,
एको चरे खग्गविसाणकप्पो" ॥३१॥

अर्थ– रसतृष्णा नगरी, लोलुपता सहित भई, अरूलाई पोषण नगरी, घरैपिच्छे भिक्षा माग्दै फेरि कुनै कुलमा पनि आशक्त नभइकन गैंडा जस्तै एक्लै विचरण गर ॥

यहाँ *"रस"* भनी अमिलो, गुलियो, तीतो, टर्रो, नुनिलो आदि भेदका स्वादलाई भनेको हो । *"गेधं"* भनी त्यसमा चाहना गर्ने लोलुपतालाई भनेको हो । *"अकरं"* भनी त्यसरी रसतृष्णामा चाहना नगरिकन *"अलोलो"* भनेको यो खाऊँ त्यो खाऊँ भनी रस विशेषमा आकुल नहुनेलाई भनेको हो । *"अनञ्ञपोसी"* भनी आफूले खान पान वस्तु दिएर लालन, पालन, पोषण, नगर्नेलाई भनेको हो । किनभने त्यसरी अरूलाई खुवाउने, पिलाउने, वस्त्र लगाउन दिने, लालन पालन आदि गरिरहँदा जसरी उद्यानमा मीठो मीठो खाना आदि रसमा भुलिरहेको हो त्यस्तै नै भुलेर तृष्णा भित्र भुल्न आउने हुन्छ । त्यसकारण आफ्नो शरीरलाई मात्र विचार गरी त्यस्तो रसतृष्णा आदिलाई चाहना नगरिकन रहँदाखेरि तृष्णामूल भईरहेकोलाई अर्काको निम्ति विचार नगर्ने, आफ्नो लागि मात्र विचार गर्ने हुनाले *अनञ्ञपोसी* भनेको हो । अथवा हामीमा तृष्णा उत्पन्न हुँदा हाम्रो अर्थहितलाई छिनाली दिनसक्ने हुनाले सम्पूर्ण क्लेशलाई *अञ्ञ* भनेको हो । हामीलाई हितसुख हुने कारणलाई नै विनाश गरिदिने हुनाले यहाँ क्लेशलाई *अञ्ञ* भनेको हो । क्लेशलाई आफन्त तुल्यायो भने त्यो क्लेशले अर्थहितलाई छिनालिदिने हुनाले त्यसलाई *अञ्ञ* भनेको हो ।



Downloaded from http://dhamma.digital

त्यो क्लेशलाई लालन पालन पोषण नगर्नेलाई नै यहाँ *अनञ्ञपोसी* भनेको हो ।

*"सपदानचारी"* भनी भिक्षाटन जाँदाखेरि कसैको मुख नहेरिकन, घरैपिच्छे, लाइनमा रहेर, गरिब धनी नछुट्याइकन, कुनैघर नछुटाईकन, क्रमैसंग, धनी कुल होस् वा गरिबकुल होस् नटुटाइकन जानेलाई *सपदानचारी* भनिन्छ । *"कुले कुले अप्पटिबद्धचित्तो"* भनी यो क्षत्रीय आदि कुल, त्यस घरमा हाम्रो कुल, यसले मलाई राम्रोसंग विचार गरिरहनेको कुल, आदि भनी त्यस कुलप्रति रत्तिभर आशक्त नभइकन, त्यसमा प्रतिबद्ध नभइकन, प्रतिबद्ध चित्त नगरिकन, उदाएका चन्द्रमाले जसरी सबैलाई समानरूपले नै उज्यालो दिन्छ, सबैलाई शीतल दिन्छ, कसैलाई पक्षपात नगरिकन एकै अनुपातमा प्रकाश दिन्छ, जसले गर्दा सबैलाई चन्द्रमाको प्रकाश मन पर्छ, त्यस्तै आफू पनि कुनैमा, कसैसंग, कुनै कुलसंग नटाँसिइकन शान्ति दिइरहने चन्द्रमा जस्तै जहिले पनि, जहाँ पनि नयाँ भइरहनेलाई *अप्पटिबद्ध* चित्तले विचरण गर्ने भनिएको हो । म त्यस्तै कुनै पनि कुलमा क्लेशको बशमा नपरी अलग भएर चन्द्रमा जस्तै जहिले पनि नयाँ भएर *सपदानचारी* भई *अनञ्ञपोसी* भएको हुनाले मैले प्रत्येकबोधित्व साक्षात्कार गर्न सकेको हुँ भन्ने यस गाथाको अभिप्राय हो ।

यसरी क्लेशलाई आफन्त नतुल्याई, त्यसलाई लालन पालन नगरी रहनसके मात्र सुख शान्ति प्राप्त गर्न सकिन्छ । तसर्थ गृहस्थहरूले प्रव्रजितहरूलाई, प्रव्रजितहरूले पनि गृहस्थहरूलाई चन्द्रमा जस्तै अनाशक्त भई अर्थहित गर्नुपर्छ । प्रतिबद्ध चित्त राखिरहनु हुँदैन । अप्रतिबद्ध चित्त गरी शासनको निम्ति गर्नुपर्ने, आफ्नो निम्ति गर्नुपर्ने, अर्थहित हुने काम सिक्ने गर्नुपर्छ ।

रसगेध गाथा वर्णन समाप्त भयो ।

..................



Downloaded from http://dhamma.digital

*"पहाय पञ्चावरणानि चेतसो"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा एउटा राजा राजा भएर पनि प्रथमध्यान लाभी भएका थिए। उनलें प्रशासनको काम गरेर पनि देशलाई दरिलो गरी सम्हालिरहेका थिए। तैपनि उनको मन खुशी थिएन। उनले विचार गरे "मैले यस्तै गरी राज्य गरिरहें भने यो ध्यानलाई चिरकालसम्म रक्षा गरी राख्न सकिंदैन" भनी राज्यलाई भन्दा पनि ध्यानलाई महत्त्व दिएर ध्यान रक्षा गर्नको निम्ति राज्य नै त्याग गरी प्रव्रजित भए। प्रव्रजित भएर विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी आफ्नो प्रतिपत्ति सम्पत्ति देखाई यसरी उदान गाथा प्रकट गर्नुभएको हो।

"पहाय पञ्चावरणानि चेतसो,
उपक्किलेसे ब्यपनुज्ज सब्बे।
अनिस्सितो छेत्व सिनेहदोसं,
एको चरे खग्गविसाणकप्पो" ॥३२॥

अर्थ– पाँच प्रकारका मानसिक पर्दालाई हटाई, सबै साना साना चित्तमललाई टाढा गरी, कहीं पनि आशक्त नभइकन स्नेह र द्वेषलाई छिनालेर गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ *"आवरणानि"* भनी नीवरणलाई अथवा बार राख्नु, छोप्नुलाई भनेको हो। यी पाँच प्रकारका नीवरणलाई पाँच प्रकारका ध्यानअङ्गले दमन गर्नेलाई *पहाय पञ्चावरणानि* भनेको हो। ती पाँचवटा नीवरण हुन्– कामच्छन्द, ब्यापाद, थिनमिद्ध, उद्धच्च कुकुच्च, र विचिकिच्छा। यसलाई अन्त गर्ने ध्यान अङ्ग हो– वितर्क, विचार, प्रीति, सुख र एकाग्रता। यी नीवरणले सूर्य चन्द्रलाई बादलले



Downloaded from http://dhamma.digital

ढाकिराखे जस्तै चित्तलाई ढाकिराख्ने हुन्छ। तिनलाई यही ध्यान अङ्गले नै हटाइदिने हुन्छ। *"उपकिलेस"* भनी संगै बसेर विघ्न बाधा दिइरहने क्लेशलाई भनिएको हो। यस्ता नीवरण र उपक्लेशहरूलाई "ब्यनुपज्ज" भनी नष्ट गर्नुपर्छ, निकाल्नुपर्छ, जरै समेत उखेली पठाउनुपर्छ, विनाश गर्नुपर्छ। कसरी उखेल्नुपर्छ भने समथ र विपस्सना मार्गद्वारा बिऊ नै नरहने गरी उखेली पठाउनुपर्छ। "अनिस्सितो" भनेको कुनैमा पनि आश्रित नभइकन प्रथम मार्गले दिट्ठिनिश्रयलाई प्रहाण गरी, बाँकी रहेको अर्को मार्गले तृष्णा राग भनिएको स्नेहदोषलाई दोष देखी, दुष्परिणामलाई देखी त्यसलाई छिनाल्नुपर्छ। यसरी कुनैमा आश्रित नभई कुनैमा नटाँसिई गैँडाको एउटा मात्र सिङ जस्तै भइरहन सके मात्र बोधिज्ञान मार्गफल प्राप्त गर्न सकिने हुन्छ। यस्तो हुन सके हूलमा बसिरहेको भए पनि एक्लै बसेझैं हुन्छ। अर्को सबै पहिलेको गाथा जस्तै हो।

आवरण गाथा वर्णन समाप्त भयो।

.................

(३२)

*"विपिट्ठि कत्वान सुखं दुखञ्च"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा एक समय कुनै एकजना चतुर्थध्यान लाभी राजा थिए। उनी केवल बाहिर बाहिर मात्र होइन भित्री हृदयसम्म गहिरो श्रद्धावान् थिए। *"पहाय पञ्चति"* गाथामा आए जस्तै प्रथमध्यान मात्र होइन चतुर्थध्यानसम्म पनि लाभ गरेका थिए। ध्यानलाभीहरूमा मन्द र तीक्ष्ण पुद्‌गल तथा मन्दपञ्ञा तथा तीक्ष्णपञ्ञा भनी दुई प्रकारका मध्ये उनी राजा तीक्ष्णप्रज्ञाले युक्त



Downloaded from http://dhamma.digital

तीक्ष्ण पुद्गल थिए । त्यसो भनेको जस्तो तीक्ष्णबुद्धि भएको विद्यार्थीले आफू एक कक्षा उतीर्ण भए पनि दुई तीन कक्षासम्मको बुद्धि भएजस्तै त्यस्ता तीक्ष्णप्रज्ञा भएकाले प्रथमध्यान लाभ गरिसकेपछि द्वितीयध्यानलाई संम्हाली तृतीयध्यानमा एकैचोटि पुग्न जान सक्ने हुन्छ । त्यस्तै यी राजा पनि सामान्य मात्र होइन तीक्ष्णप्रज्ञा भएको हुनाले चतुर्थध्यानसम्म पनि लाभ गरेका थिए । यो साधारण कुरा होइन । यस्तो भएको हुनाले त्यस्तालाई आध्यात्मिक सुख प्राप्त भएको हुनाले लौकिक तथा भौतिक सुखलाई त्यत्ति महत्त्व नदिने हुन्थ्यो । त्यसकारण आफ्नो त्यस ध्यानलाई रक्षा गर्नको निम्ति ती राजाले पनि राज्य त्याग गरेर प्रव्रजित भई विपस्सना वृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी आफ्नो प्रतिपत्ति सम्पदालाई देखाई प्रत्येकबुद्धहरूको समागममा यो उदान गाथा बताउनु भएको हो ।

"विपिट्ठि कत्वान सुखं दुखञ्च,
पुब्बेव च सोमनस्सदोमनस्सं ।
लद्धानुपेक्खं समथं विसुद्धं,
एको चरे खग्गविसाणकप्पो" ॥३३॥

अर्थ– सुख, दुःख त्याग गरी, प्रसन्नता र अप्रसन्नतालाई प्रहाण गरी, उपेक्षाले युक्त विशुद्धध्यान लाभ गरी गैंडा जस्तै एक्लै विचरण गर ॥

यहाँ *"विपिट्ठि कत्वान"* भनी सुख र दुःखलाई पीठ देखाई अर्थात् भौतिक सुख दुःखलाई वास्ता नगरी पछाडि पारी जानेलाई भनेको हो । ध्यान लाभ गर्नेले यसरी सुख दुःखलाई त्याग गरेर गए मात्र सफलता प्राप्त गर्न सकिन्छ । तसर्थ ध्यान लाभगर्नु भन्दा अगाडि नै यसलाई त्याग्नुपर्छ । प्रथमध्यान प्राप्त गर्नुलाई नै पहिले



Downloaded from http://dhamma.digital

दुःखलाई, दुःख वेदनालाई त्यागनुपर्छ। जबसम्म दुःखलाई त्याग्न सकिंदैन तबसम्म उसलाई उपचार समाधिसम्म पनि लाभ हुँदैन भने अप्पणा समाधि लाभ हुने कहाँ ? तसर्थ प्रथमध्यान प्राप्त गर्नलाई शारीरिक सुख, दुःख, सोमनस्स, दोमनस्स, भनिएका चैतसिक सुख दुःखलाई त्याग गरेर मात्र प्राप्त गर्न सकिने हुन्छ। *"मज्झानुपेक्ख"* भनी चतुक्कनय अनुसार चतुर्थध्यानमा पुग्ने बेलामा मात्र सुखको अनुभूतिलाई त्याग गरेर उपेक्षाको अनुभूति हुने हुन्छ। पञ्चकनय अनुसार चतुर्थध्यानमा पुग्ने बेलामा मन्द पुद्गलहरूमा सुख र उपेक्षा दुवै रहने हुन्छ। तीक्ष्ण पुद्गल भए सुख अनुभूतिबाट नाघेर उपेक्षा र एकाग्रता दुवै भइरहन्छ। चतुक्कनय अनुसार दौर्मनस्य द्वितीयध्यानबाट हट्छ परन्तु पञ्चकनय अनुसार तृतीयध्यानमा पुग्ने बेलामा मात्र दौर्मनस्य हट्ने हुन्छ। चतुर्थध्यानमा पुग्ने बेलामा चतुक्कनय अनुसार के अनुभव गर्छ भने उसले उपेक्षालाई प्राप्त गरिरहन्छ। उपेक्षा भनी सुख दुःखलाई वास्ता नराखिने होइन, बल्कि सुख र दुखले उसलाई केही प्रभावित गर्न नसक्नु, प्रभाव दिन नसक्नुलाई भनेको हो।

*"विसुद्ध"* भनी समथध्यान अनुसार भए वितिकम्मकिलेस र परियुत्थानकिलेसलाई दमन गरिराख्ने हुनाले उसलाई समथ अनुसार शान्त भएको भनिन्छ। यहाँ ध्यानाङ्ग अनुसार प्रथमध्यानलाभीसंग "वितर्क, विचार, प्रीति, सुख र एकाग्रता यी पाँचैवटा भइरहन्छ। द्वितीयध्यानलाभी हुनुलाई वितर्क नहुनुपर्छ। यस्तो भए मात्र द्वितीयध्यान लाभ गर्न सक्छ। त्यसैले उसको निम्ति वितर्क प्रतिपक्षी धर्म भयो। त्यस्तै नै तृतीयध्यान लाभ गर्नेलाई विचार पनि प्रतिपक्षी धर्म हुन जान्छ। त्यस्तै चतुर्थध्यान लाभ गर्नेको निम्ति प्रीति प्रतिपक्षी धर्म



Downloaded from http://dhamma.digital

हुन जान्छ। त्यस्तै नै पञ्चमध्यान प्राप्त गर्ने हो भने चतुर्थध्यानको अङ्ग भइरहेको सुखलाई पनि प्रतिपक्षी गरी यी चारैवटा ध्यानअङ्गलाई छाडेपछि मात्र पञ्चमध्यान लाभ हुन्छ।

यसरी पाँच नीवरण धर्मलाई प्रतिपक्षी गरेर, ध्यानाङ्ग चारवटालाई पनि प्रतिपक्षी भैरहेको, ९ वटा विरोधीलाई पनि हटाइराखेको भए मात्र उसलाई समथ अनुसार विशुद्ध भइरहेको भनिन्छ। यस्तालाई नै एउटा मात्र सिङ भए जस्तै एक्लै विचरण गर्ने भन्छन्।

प्रथमध्यान हुनेलाई दुःख हुँदैन। द्वितीयध्यान प्राप्त भएकालाई दौर्मनस्य हुँदैन। तृतीयध्यान प्राप्त भएकालाई कायिकसुख र चतुर्थध्यान प्राप्त भएकालाई सौमनस्य हुँदैन। यसरी सुख र दुःखलाई पछाडि पारेर लाभ भएको उपेक्षालाई नै समथ विशुद्ध भएको भनिन्छ। त्यसकारण यो राजा मन्द पुद्गल होइन तीक्ष्ण पुद्गल नै भयो। प्रत्येकबुद्धत्व लाभ गरेपछि उहाँ पूर्णरूपले विशुद्ध हुनु भयो।

त्यसैले हामीले पनि ध्यान लाभ गर्ने भए पहिले दुःखलाई पछाडि पार्नुपर्छ अनि क्रमशः दौर्मनस्य, सुख, सौमनस्यलाई पनि त्याग गरेर विशुद्ध हुनुपर्छ। अनि मात्र एक्लै विचरण गर्ने हुन्छ।

विपिट्ठिक गाथा समाप्त भयो।

.................

(३३)

*"आरद्धवीरियो परमत्थपत्तिया"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– एउटा प्रत्यन्त देशका राजा जुन एकहजार मात्र सैन्य भएका थिए। त्यसरी आफ्नो राज्य सानो भएर पनि सानो



Downloaded from http://dhamma.digital

राजा भएर पनि प्रज्ञा बुद्धिमा महान् थियो । अरू भन्दा चर्को थियो । उसले एकदिन विचार गऱ्यो "म एउटा सानो राजा भए पनि आफ्नो बुद्धिबलले सम्पूर्ण जम्बूद्वीप किन जितेर नलिने" भन्ने विचार गरी संगै रहेका सामन्त राजाहरूकहाँ दूत पठाई भन्न लगायो "सात दिन भित्र कि त मलाई राज्य छाडिदेऊ कि त युद्ध गर ।" यति खबर पठाइसकेपछि आफ्ना अमात्य भारदारहरूलाई बोलाई सल्लाह गऱ्यो "मैले तिमीहरूसंग कुनै सल्लाह नै नगरीकन साहस गरेर फलानो फलानो राज्यमा यस्तो भनी पठाएँ, अब के गर्ने ? तिमीहरूको विचार के छ ? तिनीहरूले भने "महाराज, हामी यति सानो राज्यले त्यत्तिको ठूलो राज्य सित युद्ध गर्नु भनेको त हामी नै विनाश हुने हो तसर्थ ती दूतहरूलाई त्यहाँ नपुग्दै फर्काउनु पर्ला ।" राजाले "उनीहरू त गई हाले, फर्काउन सकिंदैन" भनेपछि अमात्य भारदारहरूले "त्यसो भए हामी विनाश हुने भएपछि तिनीहरूको शस्त्रको चोट खाएर दुःखपूर्वक मर्नु भन्दा त आफैले घात गरेर मरे पनि भयो, विष खाएर मरे पनि भयो" भनी विभिन्न तालले कराउन थाले । त्यसपछि राजाले तिनीहरूलाई वास्ता नगरी यस्ता काथरहरू मलाई कुनै काम लाग्दैन भनी हजार सैन्यहरू जम्मा गरी यही कुरा गरे । योद्धाहरूले राजाको कुरा सुनेर युद्ध गर्ने सल्लाह दिए ।

तैपनि राजाले योद्धाहरूलाई पनि परीक्षा गर्नको निम्ति ठूलो चिता बनाउन लगाई भने "हे सैन्य हो, मैले साहस गरेर संगैको राष्ट्रमा यसरी खबर दिएर दूत पठाएको हुनाले अमात्यहरूले मेरो यस कुरालाई समर्थन गरेनन्, बिरोध गरे, त्यसैले अहिले म बाँचेर के गर्नु, यो चितामा हामफालेर प्राण त्याग गर्छु । म संग को को आउँछ, कसले मलाई बाँच्न मद्दत गर्छ" भन्दा पाँचसय योद्धाहरूले



Downloaded from http://dhamma.digital

महाराज ! हामी आगोमा पस्न परे पनि पस्छौं" भने । त्यसपछि राजाले बाँकी भएका पाँचसय योद्धाहरूलाई भने "तात, तिमीहरूले के गर्ने सल्लाह दिन्छौ, के गरौं ? भनी सोध्दा तिनीहरूले भने "महाराज ! यिनीहरू मर्द भए पनि आइमाई जस्तै छन्, तपाईले अरु राजाहरूलाई दूत पठाई खबर पठाइसकेपछि हामी तिनीहरूसंग युद्ध गरेर मर्नुपरे पनि मर्छौं, आइमाईको जस्तो बुद्धि गर्दैनौं । अनि राजाले तिमीहरूले नै मेरो जीवनलाई रक्षा गर्नेछौ भनी चतुरङ्गिनी सैन्य जम्मा गरी ती हजार सैन्यहरूले परिवृत्त भई राज्यको सीमामा बस्न गए ।

अर्को राज्यका राजाहरूले पनि यो कुरा सुनेर "अहो, त्यो छुद्र सानो राजा, हाम्रा नोकर जत्तिको हैसियत पनि नभएकाले हाँक दियो भनी रिसाई भएभरका सैन्यहरू जम्मा गरी युद्ध गर्न भनी निस्के । सानो यो राजाले ती सैन्यहरू आएको देखेर आफ्ना सैन्यहरूलाई भन्यो "तात, यद्यपि तिमीहरू संख्यामा धेरै छैनौ तसर्थ सबै एक ढिक्का, एक हूल भएर शस्त्रास्त्र लिएर छिटै राजालाई नै सीधा हमला गर्न जाऊ ।" तिनीहरूले त्यस्तै गरे, शत्रुको सैन्यको माभबाट पसेर सैन्यलाई चिरेर गई राजालाई नै पक्रे, राजालाई पक्रेपछि अरु सैन्यहरू भागे । सानो राजाले मारिहाल्छु भनी कुदेर जाँदा त्यस राजाले अभय याचना गऱ्यो । अनि उसलाई अभय दान दिएर, बाचा गराएर, उसलाई आफ्नो तुल्याई उनीसंगै गएर उसलाई अर्को राज्यको सीमानामा राखी "कि राज्य देऊ, कि युद्ध गर्न आऊ" भनी दूत पठायो । यसरी युद्ध गर्दै विजय गर्दै सबै राजाहरूलाई पक्रेर आफ्नो बशमा राखेर वाराणसी राज्यलाई पनि जितेर लियो ।

यसरी उसले एकसयएक राज्यले घेरिएको सम्पूर्ण जम्बुद्वीपमा



Downloaded from http://dhamma.digital

राज्य गरी अनुशासन गरी विचार गऱ्यो "म पहिले सानो राज्यको सानो राजा थिएँ, मैले आफ्नो ज्ञानशक्तिको बलले सम्पूर्ण जम्बुद्वीपको ऐश्वर्य प्राप्त गरिसकें। मेरो ज्ञान लौकिक वीर्यद्वारा युक्त भएको मात्र भयो। निर्बिदाको निम्ति विरागको निम्ति भएन। अब मैले यो ज्ञानद्वारा लोकुत्तर धर्मलाई लाभ गर्न पाए हुन्थ्यो भनी वाराणसी राज्यको राजालाई नै राज्य सुम्पी आफू स्त्रीपुत्रसहित सबैलाई आफ्नो जनपदमा फर्काई आफू पनि प्रव्रजित भई विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी पछि प्रत्येकबुद्धहरूको समागममा आफ्नो वीर्य सम्पत्तिलाई दर्साई यो उदान गाथा प्रकट गर्नुभएको हो।

"आरद्धविरियो परमत्थपत्तिया,
अलीनचित्तो अकुसीतवुत्ति।
दल्हनिक्कमो थामबलूपपन्नो,
एको चरे खग्गविसाणकप्पो" ॥३४॥

अर्थ– परमार्थ प्राप्तिको निम्ति जहिले पनि प्रयत्नरत भएर जागृत भई, आलस्य रहित भई, दृढ संकल्प, धैर्य र बलले युक्त भएर गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ *"आरद्ध"* भनेको पहिले शुरु गर्ने र विरिय भनेको कोशिस युक्त, बललाई भनेको हो। शीलादि समाधिलाई प्रयत्नपूर्वक शुरु गर्नेलाई ***आरद्धविरियो***– आरब्ध वीर्य भनिन्छ अर्थात् आफूले शुद्ध धर्म आरम्भ गर्नुलाई नै आरब्ध वीर्य भनेको हो। यो वीर्य आरम्भ गर्ने पनि यहाँ परमार्थको निम्ति गर्नेलाई लिइराखेको हुनाले "***परमत्थपत्तिया***" भनेको हो। परमार्थ भनी अभिधर्म अनुसार चार प्रकारले चित्त, चेतसिक, रूप र निर्वाणलाई भनिएकोमा यहाँ अन्तिमको



Downloaded from http://dhamma.digital

परमार्थ निर्वाणलाई लक्ष्य गरिएको हो। निर्वाण भनेको कहिल्यै बदलिएर नजाने, अपरिवर्तन स्वभावको हुनाले यही निर्वाण प्राप्तिको निम्ति गर्ने वीर्यलाई यहाँ लिइएको हो। *"अलीनचित्तो"* भनी कुनैमा आड लिई नरहने, कुनैको आधार नलिइकन रहने चित्त भनेको हो। अरूमा आड लिएर, अर्काको भरोसामा रहँदा आलस्यले दबाइराख्ने, उत्साह हीन भइरहने हुनाले आरब्धवीर्य तुल्याउन कुनैमा आड नलिने स्वावलम्बी हुनुपर्छ। आलस्यले दबाइरह्यो भने वीर्य उत्पन्न हुँदैन, वीर्य उत्पन्न भएन भने शारीरिक शक्ति पनि उत्साहहीन भइरहन्छ, मानसिक उत्साह उमङ्ग पनि लुप्त भएर जान्छ। तसर्थ आलस्य उत्पन्न नगराउन आरब्धवीर्यले युक्त भएर अलीन चित्त (कुनैमा पनि आड नलिएको चित्त) भएको हुनुपर्छ। यस्तो निद्रा, तन्द्रा, टोलाइरहने, आलस्य, उद्योगहीन भएको चित्त भनेको सधैंभरि जहाँसुकै पनि सबैले निन्दा, हेला गर्ने, हेला गर्नुपर्ने हुनाले त्यसलाई *"कुसितो"* कुत्सित भएको भनिन्छ। घृणित भएको भनिन्छ। यस्ता घृणित कुत्सित चित्त नहुनुलाई नै यहाँ *अकुसितचित्त* भएको भनेको हो।

यसरी अकुसित चित्त, अलीनचित्त भएर उनीहरू उठिरहे पनि, गइरहे पनि, बसिरहे पनि, पल्टिइरहे पनि, उनीहरूको चित्त आलस्य आदिबाट दबेर रहँदैन, जागृतचित्त भइरहन्छ। त्यसरी आलस्य हुँदा वीर्य उत्पन्न हुँदैन, त्यतिबेला शारीरिक भाव पनि उत्साहहीन भइरहन्छ, मानसिक उत्साह उमङ्ग पनि हुँदैन। तसर्थ सबभन्दा पहिले उत्पन्न हुने वीर्यलाई *आरब्धवीर्य* भनेको हो। यो आरब्धवीर्य हुने बेलामा हामी *"दल्ह निक्कमो"* दृढचित्त भइरहन्छ। आलस्यबाट अलग हुने दक्षता भइरहन्छ। यही दृढ नैष्क्रम्य भावले भावनालाई



Downloaded from http://dhamma.digital

परिपूर्णतामा पुऱ्याउन सकिन्छ। यसरी परिपूर्णतामा पुग्नसक्नुलाई नै दृढ हुन सक्ने भनेको हो। "*थामबलूपपन्नो*" थाम भनी शारीरिक बल र मानसिक बल भनी दुइवटा मध्ये यहाँ मानसिक बललाई लिइएको हो। यसलाई प्रयोग गर्दा मार्गसमाधि उत्पन्न भएका बेलामा शारीरिक शक्तिबाट पनि पूर्ण भएर मार्गसमाधिको नजिक जाँदा ज्ञानबल पनि पूर्ण हुन्छ। "**थाम**" भनी स्थिर भएको ज्ञानबलले सम्पन्न हुनेलाई नै भनिने हुनाले *थामबलूपपन्नो* भनेको हो। आरब्धवीर्यबाट शुरु गरी कार्य सिद्ध नभएसम्म लगातार नरोकिइकन उद्योग गरिरहँदा लक्ष्यमा पुग्न जस्तोसुकै विघ्न बाधा आए पनि वीर्य प्रयोग गरी उद्योगाभ्यास गरी जानेलाई *पराक्रम* भनिन्छ। यसरी आरम्भधातुबाट शुरु गरी निष्क्रमधातुले पराक्रम पूर्वक शारीरिक र मानसिक दुवै वीर्य प्रयोग गरेर मात्र निर्वाणरूपी प्रतिफल प्राप्त गरेर लिन सकिने हुन्छ। यस्तो भए मात्र तिनीहरू सहीरूपले लक्षितमार्गमा अघि बढेको हुने हुनाले अट्ठकथाचार्यले भनेको छ "विपस्सना ज्ञानले सम्प्रयुक्त भएको ज्ञानलाई नै सही रूपमा *लक्षितमार्ग* भनेको हो। सही ढंगले, उचित भावले वीर्यलाई अघि सारेर अघि बढिरहेको भनेको हो। वीर्यलाई आरब्धवीर्य, नैष्क्रम्यवीर्य र पराक्रमवीर्य भनी तीन प्रकारको वीर्य प्रयोग गरी आरम्भदेखि नटुटाइकन उत्कृष्ट तरिकाले अथवा पूर्वभागवीर्य, मध्यमवीर्य र माथिल्लो उत्कृष्टवीर्य अनुसार प्रयोग गर्ने भनिएको हो।

यसरी नै त्यो सानो राजा आफ्नो वीर्यलाई तीन प्रकारले प्रयोग गरी सम्पूर्ण जम्बुद्वीपको राजा भएको हो। त्यस्तै लौकिक विषयमा मात्र होइन लोकोत्तरमा पनि त्यस्तै वीर्य प्रयोग गरी प्रत्येकबुद्धत्व लाभ गरेको हो। हामीले पनि यदि मार्गज्ञान प्राप्त गर्ने हो भने यस्तै



Downloaded from http://dhamma.digital

नै अलीनचित्त, अकुसितचित्त भई आरब्धवीर्यलाई परमार्थको निम्ति प्रयोग गरेर पराक्रमपूर्वक दल्हपरक्कम, दल्हनिक्कम भएर स्थिर भएको बल प्रयोग गर्न गैंडाको एउटा मात्र सिङ जस्तै एक्लै विचरण गर्नुपर्छ भन्ने यस गाथाको अभिप्राय हो । अरु सबै पहिलेको जस्तै नै बुझ्नु पर्छ ।

आरद्धविरिय गाथा समाप्त भयो ।

(३४)

"पटिसल्लानं झानमरिञ्चमानो,
धम्मेसु निच्चं अनुधम्मचारी ।
आदीनवं सम्मसिता भवेसु,
एको चरे खग्गविसाणकप्पो" ॥३५॥

अर्थ– आफ्नो ध्येयमा तल्लीन भएर, ध्यानमा रत भई दिनहुँ धर्मानुकूल आचरण गरी त्यस्तै भवको खराब परिणामको मनन गरी गैंडा जस्तै एक्लै विचरण गर ॥

यस गाथाको उत्पत्ति कथा *"पहायपञ्चति"* गाथामा जस्तै हो । कुनै अन्तर छैन । यहाँ *"पटिसल्लान"* भनेको *"एकच्चसेविका"* भनी एक्लै शान्त दान्तपूर्वक बस्नेलाई भनेको हो । प्रपञ्चबाट फर्केर एक्लो जीवन बिताउनेलाई यहाँ पटिसल्लान भनिएको हो । शारीरिक अवस्था हलुका हुने गरी बस्नेलाई *कायविवेक* अनि यसैलाई पटिसल्लान पनि भनिन्छ । *"झानमरिञ्चमानो"* भनी झान भनेकोमा *"झा"* धातु अनुसार *पञ्चनिकझापन* अनुसार आरम्मण लक्षणलाई अर्थात् पञ्चनीवरणको क्लेश जलाउनेलाई झान (ध्यान) भनिन्छ । ध्यान भनेको केवल आँखा चिम्लिने मात्र नभई क्लेशधर्महरूलाई



Downloaded from http://dhamma.digital

उत्पन्न नगर्ने, जलाउनेलाई भनेको हो। ध्यान गर्दा *उपनिज्झान* भनेको त्यस विषयको समीपमा रहेर निरीक्षण गर्ने, त्यसलाई बलियो गरी हेरी निरीक्षण गर्ने, निमग्न गरिलिनेलाई *आरम्मण–उपनिज्झान* भनिन्छ।

यहाँ *"झा"* धातुको अर्थ जलाउनु, झापन गर्नु हो भने **"झे"** धातु अनुसार चिन्तना गर्ने उपनिज्झान हो। यहाँसम्म समथ ध्यान अनुसार मात्र हो। विपस्सना ध्यानमा पुग्ने बेलामा त्रिलक्षण भनी अनित्य, दुःख र अनात्म संगै बसेर निरीक्षण गर्ने हुन्छ। यति गर्न सकेमात्र चित्त शान्त भएर जान्छ, अन्य विषयमा पनि जाँदैन। यसलाई नै चित्तविवेक भनिन्छ। यसरी कायविवेक र चित्तविवेकद्वारा ध्यानमा बसेर *"धम्मेसु"* भनी यहाँ पञ्चस्कन्ध आदिलाई विपस्सनाको पछि पछि जान सकिने हुनाले यसलाई धर्म भनिएको हो।, यसलाई जहिले पनि, सधैं, दिनहुँ, बीचमा खाली नहुने गरी अभ्यास गरी लैजानेलाई *"अनुधम्मचारी"* भनेको हो। यसरी पछि लागेर जान धर्मलाई शुरुगरी पछि लागेर आचरण गरी अनुधर्म अनुसार विपस्सना धर्मलाई आचरण गरी पछि लागेर जानु पर्छ।

अर्को तरिकाले *"धम्मा"* भनी नवलोकुत्तर धर्म प्राप्त गर्न उपयुक्त भएको धर्मलाई नै अनुधर्म भनिन्छ। विपस्सनालाई नै अनुकूल धर्म भनेको हो भनी जान्नुपर्छ। यसरी अनुधर्म हुनलाई *"धम्मेसु"* भनी कामभव, रूपभव, अरूपभव तीन भव आदिमा *"आदीनव सम्मसिता"* भनी दोष दुष्परिणाम देख्न सक्नुपर्छ। यसरी आफ्नो जीवनप्रति दोष नदेखेसम्म विपस्सना बृद्धि गर्न सकिंदैन। यसरी तीनै भवमा आदीनव दोष, दुष्परिणाम देख्न सके मात्र वैराग्यधर्म देख्न सकिन्छ। होइन भने अनुधम्मचारी हुन सकिंदैन।



Downloaded from http://dhamma.digital

त्यसैले भव प्रति दोष देखी त्यसलाई परामर्शन गर्न सक्नुपर्‍यो। यसरी अनुधम्मचारी भएर विपस्सना बृद्धि गरेर त्रिभवमा अनित्य आदि दोष देखी कायविवेक र चित्तविवेक युक्त भई विपस्सनाको प्रतिपत्तिमा अघि बढिरहनेलाई नै एउटा मात्र सिङ भएको गैंडा जस्तै एक्लै विचरण गर्नु भनेको हो।

पटिसल्लान गाथा वर्णन समाप्त भयो।

(३५)

*"तण्हक्खयं पत्थयमप्पमत्तो"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा एउटा राजा निकै रूपसम्पत्ति र निकै महानुभाव सम्पन्न थियो। त्यो राजा एकपटक नगर परिक्रमा गर्न जाँदा उसको शरीरको शोभा हेर्न मानिसहरू निकै नै भेला भइरहन्थे। पहिले अगाडि गइसकेका पनि उनी राजाको शोभा हेर्न फर्की फर्की हेरिरहन्थे, पछि गइरहेकाले पनि उनलाई मात्र रमाउँदै हेरिरहन्थे, जतिसक्यो उत्ति नजिक नजिक बसेर हेर्न लालायित रहन्थे। मानिसहरूको स्वभाव प्राकृतिक रूपले, स्वाभाविक रूपले पनि बुद्धदर्शन गर्ने, पूर्णचन्द्रदर्शन गर्ने, समुद्र हेरेर कहिल्यै तृप्त हुन्नथे। भगवान् दर्शन गर्नुमा अहिले मात्र होइन परलोक भइसकेपछि देवलोकमा गएर पनि बुद्धदर्शन गर्नुमा अतृप्त नै रहन्थे। कतिले भन्ने गर्छन्– "टाढैदेखि मैले तपाईलाई सबभन्दा पहिले देखेको बेलामा मन्त्रमुग्ध भई दर्शन प्राप्त हुनेबित्तिकै अत्यन्त स्नेह उत्पन्न भयो" इत्यादि। बुद्धदर्शन भनेको बुद्धलाई मनपराउनेले मात्र होइन बुद्धप्रति शत्रुभाव राख्नेले पनि बुद्धको शरीरको शोभालाई प्रशंसा गरिरहन्थे। नालागिरीं हात्तीले बुद्धलाई पछ्याएर आएको बेलामा



Downloaded from http://dhamma.digital

बुद्धलाई नरुचाउनेहरूले, श्रद्धा नभएकाहरूले, तैर्थिकहरूलेसम्म पनि "त्यत्तिको राम्रा श्रमण गौतमलाई नाश गर्ने भयो" भनेका थिए। उरुवेल काश्यपकहाँ भगवान् बुद्ध र नागराजको घमासान युद्ध भइरहेको बेलामा पनि मानिसहरूले "त्यत्तिको अभिरूप युक्त राम्रा श्रमणलाई नागले विनाश गर्ने भयो, भष्म गर्ने भयो" भनेका थिए। यो त रूप सम्पत्ति हेरेर प्रभावित भएको मात्र हो। भगवान् बुद्धको गुण सम्पत्तिलाई लिएर प्रभावित हुने त अलग्गै भयो। यो राजा पनि सवारी हुँदा नगर परिक्रमा गर्दा नगरवासीहरूलाई त्यस्तै जति हेरे पनि नअघाउने रूप सम्पत्तिले पूर्ण थियो।

एकदिन नगर परिक्रमा गर्न जाँदा एक कुटुम्बिककी एउटी दुलहीले राजाको सवारी हेरिरहँदा राजाले उसलाई देखी उसमा आशक्त भई अमात्यलाई भन्यो "त्यस प्रासादमाथि सिंहपञ्जर झ्यालमा बसेर हेरिरहेकी केटी विवाहित हो कि अविवाहित हेरेर आऊ" भनी पठायो। अमात्य गएर विवाहित (लोग्ने भएकी) भन्ने जानेर फर्की राजालाई बिन्ती गऱ्यो। त्यसपछि राजाले बिचार गऱ्यो "यो मेरो राजदरवारमा २० हजार नर्तकीहरू राम्रा राम्रा स्त्रीहरू जुन देवअप्सरा समानका स्त्रीहरूले अरूलाई खुशीपार्न होइन म एकजनालाई खुशी पार्न रिङ्गै घुमेर नाच देखाइरहेका छन्, आज यत्तिका स्त्रीहरूले परिबृत्त गराइरहेकाले पनि लोग्ने भएकी स्त्रीमा तृष्णा उत्पत्ति गरेर कामाशक्त भएँ। यस तृष्णाले त अपायलाई नै आकर्षित गर्छ, दुर्गतिमा पतन गर्छ। यो अपायमा आकर्षित गर्ने चित्तलाई दमन गर्नै पर्छ, निग्रह नै गर्नुपर्छ दबाउनैपर्छ भनी तृष्णाको आदीनवलाई देखी यसलाई निग्रह नै गर्छु भनी राज्य त्याग गरी प्रव्रजित भई विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी यो उदान गाथा भन्नुभएको हो।



Downloaded from http://dhamma.digital

"तण्हक्खयं पत्थयमप्पमत्तो,
अनेलमूगो सुतवा सतीमा ।
संखातधम्मो नियतो पधानवा,
एको चरे खग्गविसाणकप्पो" ॥३६॥

अर्थ– तृष्णा क्षय गर्नको लागि अप्रमत्त, निपुण, स्मृतिमान् र श्रुतिमान् भई, धर्म मनन गरी, संयमी तथा पराक्रमी भई गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ *"तण्हक्खयपत्थयम्"* भनी तृष्णालाई क्षय गर्न प्रार्थना गर्नेले "अप्पमत्तो" अप्रमादी भएर, होस राखी, जागृत भई, सधैं जागरूक भइरहनुपर्छ । त्यस्तै त्यस अप्रमाद धर्मलाई बडो आदर गौरवपूर्ण भाव राख्नुपर्छ, जस्तो पायो त्यस्तो फाल्तु तरिकाले होइन । त्यो गुणधर्म भएको व्यक्तिले मात्र तृष्णा क्षय भइरहेको निर्वाण गुणधर्म प्राप्त गर्न प्रार्थना गर्नुपर्छ । यहाँ तृष्णा क्षय गर्ने भनेको दिट्ठि आदिलाई निर्मूल गरेर प्रठाउनुलाई भनेको हो । *अप्पमत्तो* भनी जागृत भइरहनुमा गौरवपूर्वक जागृत हुनुलाई भनेको हो । *"अनेल"* भनी र्‍याल चुहाइनरहने, अनि *"अमूग"* भनी लाटो नभएको अर्थात् पण्डित र व्यक्त गर्न सकिनेलाई भनेको हो । यस्ताले मात्र अप्रमाद धर्मलाई सुरक्षित गर्न सकिने हुन्छ । यस्तै हित र सुख पुर्‍याउने वचन सुन्नुले सम्पन्न भएको मानिसहरूलाई *"सुतवा"* भन्छन्, जे पायो त्यो सुनिरहनेलाई होइन । *"आगमसम्पन्न"* भनी सम्पूर्ण बुद्धवचनले श्रुतसम्पन्न हुनेलाई भनिन्छ । फेरि पहिले पहिले धेरै वर्ष पहिले गरेका काम कुरा नबिर्सीकन अनुस्मरण गर्न सक्ने व्यक्तिलाई नै *"सतिमा"* भन्छन् । *"संखातधम्मो"* भनी भगवान् बुद्धले देशना गर्नुभएको धर्मलाई परीक्षण निरीक्षण गरिसकेपछि राम्रैसंग त्यस



Downloaded from http://dhamma.digital

धर्मलाई ज्ञानले जानिराखेको व्यक्तिलाई भनेको हो। अर्थात् यसरी परीक्षण निरीक्षण गरेर प्रज्ञाज्ञानले बुझिसकेको अर्हत्लाई भनेको हो। *"नियतो"* भनी निश्चित अवस्था भनी आर्यमार्गज्ञानमा निश्चितरूपले पुगिसकेकालाई भनेको हो। *"पधानवा"* भनी सम्यक्प्रधानले युक्त भएको वीर्य भएकालाई भनेको हो।

यसरी अप्रमाद गुणले सम्पन्न भएकाले प्रार्थना गरेर यी गुणले युक्त भए मात्र तृष्णा क्षय भएको निर्वाणमा पुग्छ। अर्थात् सम्यक्प्रधान भएको वीर्यद्वारा त्यस प्रयत्नले प्राप्त भएको निश्चित भएको आर्यमार्गद्वारा अर्हत् प्राप्त गरेकालाई *"संखातधम्म"* भनेको हो। यसरी मैले उत्पन्न भएको तृष्णालाई क्षय गर्नुको निम्ति अप्रमादी भएर अनेल, अमूग, श्रुतवान्, स्मृतिवान् भई निश्चित भएको संखातधर्म भएको यस प्रत्येकबुद्धत्व साक्षात्कार गरेको हुँ भन्ने यस गाथाको अभिप्राय हो। अरू सबै पहिलेको गाथा जस्तै नै हो भनी जान्नुपर्छ।

तण्हक्खय गाथा वर्णन समाप्त भयो।

................

(३६)

*"सीहोव सद्देसु असन्तसन्तो"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीका राजाको राजोद्यान दरवारबाट धेरै टाढा थियो। एकदिन राजा सबेरै उठेर उद्यानमा जाँदा बाटाका बीचमा पर्ने एउटा पोखरीमा स्नान गर्न गएको थियो। सोही क्षेत्रमा एउटी सिंहिनीले भरखर बच्चा जन्माई आहार खोज्न गएकी थिई। राजासंगै गएका सैन्य सिपाहीहरूले यताउती हेर्न जाँदा त्यहाँ सिंहका बच्चा देखेर राजालाई बिन्ती गरे। राजाले विचार गरे "सिंह भनेको



Downloaded from http://dhamma.digital

कसैसंग डराउँदैन भनेको हो कि होइन हेर्नुपऱ्यो" भनी बाजाहरू बजाउन लगायो। बाजा बजेको सुनेर एउटा बच्चाले बिस्तारै एकपटक हेरी फेरि पहिले जस्तै चुप लागेर बसिरह्यो।

अनि आमाचाहिं त्यहाँ पुग्न नपाउँदै राजा त्यहाँबाट हटेर गए। त्यहाँबाट हट्दै राजाले विचार गरे "आज मात्र जन्मेको बच्चा भएर पनि उनमा रत्तिभर डरको भाव छैन, त्यस्तै म पनि कहिले तृष्णा र दिट्ठिलाई छिनालेर शान्तपूर्वक सुत्न सक्ने, नडराउने हुन पाउँला।" राजाले यो आरम्मण लिएर गइरहेको बेलामा फेरि एक ठाउँमा माझीहरूले माछा पक्री रूखको हाँगामा बाँधेर जाल फैलाइराखेको ठाउँमा हावा आइरहेको बेलामा त्यो हावा जाललाई छिचोलेर गइराखेको देखेर सोचे "यो हावालाई जालले कत्ति पनि छेक्न सक्दैन, कहिले मैले यो तृष्णा, दृष्टिजाल र मोहजाललाई छिनालेर हावालाई जालले छेक्न नसके जस्तै संसारमा अल्झाइराख्ने चित्तलाई मोहजालमा नअल्झाइकन जान सकूँला" भनी ज्ञान लिए।

अनि उद्यानमा गएर पोखरी छेउको शिला फाँटमा बसेर हावाले हानिराखेको पोखरीको कमललाई हावा आउँदा नुहेर पानीमा डुबे पनि हावा रोकिएपछि फेरि पानीले नभिज्ने गरीं आफ्नै ठाउँमा ठडिएको देखेर त्यो निमित्त पनि ग्रहण गरी विचार गऱ्यो "जसरी यो कमल पानीबाट उत्पन्न भएर पनि पानीले नछुने गरी रहन सकेको छ त्यस्तै म पनि लोकमा उत्पन्न भएर पनि यस लोकमा नटाँसिई, कुनैमा न अल्झिई रहन सक्ने कहिले हुँला।" उसले फेरि फेरि पनि यसरी सिंह, हावा र कमलको निमित्त सम्झेर यसरी नै नडराउने, नछेकिने, नटाँसिने गरी बस्न विचार गर्दै राज्यमा बसेर यो सम्भव



Downloaded from http://dhamma.digital

छैन भनी राज्य त्याग गरी, प्रव्रजित भई, विपस्सना बृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी यो उदान गाथा पढ्नुभयो ।

"सीहोव सद्देसु असन्तसन्तो,
वातोव जालम्हि असज्जमानो ।
पदुमंव तोयेन अलिप्पमानो,
एको चरे खग्गविसाणकप्पो" ॥३७॥

अर्थ– शब्दद्वारा कम्प नहुने सिंह, जालमा नअल्भिने हावा तथा पानीले नभिज्ने कमल जस्तै भएर गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ "सीहो" भनी चारप्रकारका सिंहहरू छन्, तृणसिंह, पण्डुसिंह, कालसिंह र केशरीसिंह । यिनी मध्ये नडराउने सिंह भनी केशरी सिंहलाई भनेको हो । *"वातो"* भनी पूर्व, दक्षिण, पश्चिम, उत्तर, आग्नेय, नैऋत्य, बायव्य, ईशान अनि माथि तल यी दश दिशाबाट अनेक प्रकारले आउने हावालाई भनेको हो । *"पदुमं"* भनेको कमलको फूल पनि रातो, सेतो, नीलोलाई भनेको हो । यहाँ *"सन्त्रास"* भनी हामीमा आफ्नोप्रति धेरै स्नेह भएपछि भय वा त्रास उत्पन्न हुने अनि यसरी आफूमा धेरै तृष्णाको लेपले लेपन गरिराख्ने हुनाले त्यसबाट उत्पन्न हुने भय त्रासलाई सन्त्रास भनेको हो । यो दृष्टिसम्प्रयुक्त भएपनि दृष्टिविप्रयुक्त भएको लोभले पनि हुन्छ यसलाई तृष्णा भनिन्छ । अल्भिने भनेको निरीक्षण र परीक्षण स्वभावले अलग हुने अथवा मोहले हुन्छ वा अविद्या भनेको नजान्ने स्वभावले हुन्छ । समथ भावनाले तृष्णालाई प्रहाण गर्छ । विपस्सना भावनाले अविद्यालाई प्रहाण गर्छ । अविद्यालाई समथले प्रहाण गर्न सक्दैन । तसर्थ समथ भावनाले आफूमा हुने स्नेहलाई हटाई सिंह भनेका



Downloaded from http://dhamma.digital

शब्दबाट नडराए जस्तै अनित्य आदि विपस्सनाद्वारा हावा जालमा नअल्भिकई गए जस्तै स्कन्ध आयतन आदिमा नअल्भिकई जान सकिने हुन्छ। समथ भावनाले नै लोभ, लोभ सम्प्रयुक्त भएको दृष्टि पनि हट्छ। कमलको फूल पानीले नभिजे जस्तै भएभरको भवभोगमा टाँसिनेलाई छाडिसकेको भन्ने अर्थ लिनु पर्छ।

तसर्थ यहाँ समथको पदस्थान शील हो। समाधिको पदस्थान समथ हो। विपस्सनाको पदस्थान समाधि हो। अनि प्रज्ञाको पदस्थान विपस्सना हो भनी जान्नुपर्छ। किनभने शील परिशुद्ध नभइकन समथ भावना सिद्ध हुँदैन, समथ भावना बलियो नभई समाधि लाभ हुँदैन। समाधि लाभ नभई विपस्सनामा उँभो लाग्न सकिँदैन, विपस्सनामा नचढीकन प्रज्ञा लाभ हुँदैन। यसरी समथबाट समाधि र विपस्सनाबाट प्रज्ञा दुई प्रकारले सिद्ध भएपछि शील स्कन्ध, समाधि स्कन्ध, प्रज्ञा स्कन्ध भनी तीनैवटा स्कन्धले पूर्ण भएको हुन्छ।

यहाँ शीलस्कन्धमा रमाउन जान्ने व्यक्ति सिंह शब्दबाट नडराए जस्तै आघातहरूलाई सजिलो हलुका तवरले हटाउन जान्ने भए उसमा डर रोमाञ्च भन्ने हुँदैन। डर रोमाञ्च भनेको द्वेष वा दोषले गर्दा उत्पन्न हुने हो। प्रज्ञास्कन्धले वीतमोह भएपछि हावालाई जालले छेक्न नसके जस्तै स्कन्ध आदिलाई छेक्न सकिँदैन। समाधिस्कन्धले वीतराग भएपछि कमलको फूल पानीले नभिजे जस्तै रागले छुन सक्दैन। यसरी समथ विपस्सनाले शील, समाधि, प्रज्ञास्कन्धले अविद्या र तृष्णालाई र तीनैवटा अकुशलमूललाई काट्ने हुनाले ***"असन्ततो"*** नडराउने, ***"असज्जमानो"*** नअल्भिकने, ***"अलिप्पमानो"*** नटाँसिने, भनी जान्नुपर्छ। अरू सबै पहिले जस्तै जान्नुपर्छ।

असन्तसन्त गाथा वर्णन समाप्त भयो।

................



Downloaded from http://dhamma.digital

*"सीहो यथा दाठाबली पसहच"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसी देशमा एउटा राजा थिए। उनी प्रत्यन्त देशमा विद्रोह शान्त गर्नको निम्ति क्रमशः ग्राम निगमबाट जाँदाखेरि पनि बाटो लामो होला भनी सोझो जंगलको बाटोबाट सबै सैन्यहरू जम्मा गरी गएको थियो। त्यसबेला एक पर्वतमा एउटा सिंह भरखर उदाएको घाम तापिरहेको थियो। सैन्यहरूले त्यस सिंहलाई देखेर राजालाई बिन्ती गरे। राजाले सिंह कुनै शब्दले पनि डराउँदैन भन्छन् भनी सैन्यहरूलाई शंख, भेरी, ढोलक, नगडा आदि बजाउन लगायो, तैपनि सिंहले वास्ता गरेन, उठेर गएन, सुती रह्यो। दोस्रो पटक फेरि बजाउन लगायो, तै पनि उठेर गएन। तेस्रो पटक बजाउन लगायो। त्यतिबेला "हामीप्रति शत्रुभाव राख्ने होला" भनी उठेर चार पाउ टेकी सिंहनाद गऱ्यो। यो शब्द सुनेर हात्तीमा चढेका राजा हात्तीबाट ओर्ली घाँसमुनि लुक्न गए, हात्ती र घोडाहरू यताउती भागे। राजाले चढेको हात्ती पनि राजालाई आफ्ना पीठमा राखेर जंगल भित्र भाग्यो। राजा हात्तीको पीठमा बसिरहन नसकी रूखको हाँगा समातेर ओर्ली एउटा गोरेटोबाट जाँदा जाँदा प्रत्येकबुद्धहरू बसेका ठाउँमा पुगे। त्यहाँ प्रत्येकबुद्धहरूसंग राजाले सोधे "भन्ते, तपाईहरूले कुनै शब्द सुन्नुभएन, तपाईहरू डराउनु भएन ?" प्रत्येकबुद्धहरूले "हामीहरू कसैको शब्द सुनेर डराउँदैनौं, चाहे त्यो सिंहको होस्, चाहे जुनसुकैको होस्" भन्नुभयो। त्यतिबेला राजाले त्यसो भए हामीलाई पनि तपाईहरू जस्तै नडराउने बनाउन सक्नुहुन्छ ? भनी सोधेपछि प्रत्येकबुद्धहरूले "प्रव्रजित हुने भए सक्छौं" भनेपछि राजाले "प्रव्रजित हुनपर्ने भए प्रव्रजित हुन्छु" भनेपछि



Downloaded from http://dhamma.digital

प्रत्येकबुद्धहरूले राजालाई पहिले श्रमणहरूको आचरण र विनय सम्बन्धी आचरण सिकाइदिए। त्यसपछि अभिसमाचार शिक्षा ग्रहण गरी विपस्सना बृद्धि गरी प्रत्येकबुद्धत्व साक्षात्कार गरेर यो गाथा प्रत्येकबुद्धहरूको समागममा प्रकाश गर्नुभएको हो।

**"सीहो यथा दाठाबली पसह्य,**
**राजा मिगानं अभिभुय्यचारी।**
**सेवेथ पन्तानि सेनासनानि,**
**एको चरे खग्गविसाणकप्पो" ॥३८॥**

अर्थ– जस्तो दान्हा भएको बलवान् मृगराज सिंहले अरू जनावरहरूलाई दमन गर्छ, त्यस्तै एकान्त ठाउँमा बस्दै गैंडा जस्तै एक्लै विचरण गर।

सिंहले जंगलमा बसेका बेलामा कसैलाई आफू बराबर देख्दैन, दान्हा नै आफ्नो शक्ति तुल्याई जंगल भरिका प्राणीहरूलाई दबाई राजा भइरहन्छ। यस्ता सिंहलाई नै केशरी सिंह भनिन्छ। उसले जंगलमा रहेकालाई आफ्नो प्रभावले बशमा राख्ने गर्छ। सिंहसंग निकै बेग हुन्छ, दगुर्न सक्छ, शक्तिशाली हुन्छ, अरूलाई कष्ट दिनेमा पनि उत्तिकै तेजिलो हुन्छ। यसरी शारीरिक बल र आफूसंग भएको तेजबलको प्रभावले गर्दा जंगलमा रहेका प्राणीहरूलाई बशमा राखी छोड्छ।

यस्तै आफूसंग भएको क्लेश धर्मलाई दबाई दमन गरी, निग्रह गरी बशमा लिई, टाढाको हुलमुल नभएको ठाउँ बनाई आफूसंग भएको क्लेशधर्मलाई आफ्नो विशुद्ध चित्तको प्रभावले दबाई राख्न सकिन्छ। त्यतिबेला एउटा मात्र सिङ भएको गैंडा जस्तै एक्लै विचरण गर्नुपर्छ। अनि मात्र सिंहले जंगली जनावरहरूलाई शारीरिक



Downloaded from http://dhamma.digital

र प्रभावको बलले बशमा राखे जस्तै आफूसंग भएका क्लेशहरूलाई पनि बशमा राख्न सकिन्छ । मैले पनि त्यस्तै गरेर एक्लै विचरण गरी प्रत्येकबुद्धत्व लाभ गरेको हुँ भन्ने यो गाथाको अभिप्राय हो ।

दाठाबली गाथा वर्णन समाप्त भयो ।

................

(३८)

*"मेत्तं उपेक्खं करूणं विमुत्तिं"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– एउटा राजा मैत्री आदि ध्यानलाभी भएर उसले आफूसंग भएको चतुरब्रह्म विहार भावना छुटेर जाला भनी चिन्तना गरी राज्यसुख भनेको ध्यानसुखको निम्ति विघ्न बाधा हो राज्यमा बसेर यसलाई रक्षा गर्न सकिंदैन भनी राज्य त्याग गरी प्रव्रजित भई, विपस्सना भावना बृद्धि गरी प्रत्येकबुद्धत्व लाभ गरी यो गाथा व्यक्त गर्नुभएको हो ।

**"मेत्तं उपेक्खं करूणं विमुत्तिं,**
**आसेवमानो मुदितं च काले ।**
**सब्बेन लोकेन अविरूज्झमानो,**
**एको चरे खग्गविसाणकप्पो" ॥३९॥**

अर्थ– मैत्री, उपेक्षा, करुणा, विमुक्ति र मुदितालाई बखत बखतमा आसेवन गर्दै सारा संसारमा कहीं पनि विरोध भाव नराखी गैंडा जस्तै एक्लै विचरण गर ।

यहाँ *"सब्बे सत्ता सुखिता होन्तु"* भनिएकोमा अरुलाई हित होओस, सुखी होओस् भनी कामना गर्नेलाई मैत्री भन्छन् । अरुलाई दु:ख भएको देखेर "अहो यिनीहरू यी दु:खबाट मुक्त होऊन् भनी



Downloaded from http://dhamma.digital

कामना गर्नुलाई करुणा भन्छन्। अरुलाई हित सुख भएको देखेर यिनीहरू यी सुखबाट वञ्चित नहोऊन्, सधैं यिनीहरूलाई हित सुख भइरहोस् भनी प्रसन्नचित्त भइरहनेलाई मुदिता भन्छन्। उपेक्षा भनेको कसैलाई वास्ता नगरी बस्नेलाई भनेको होइन, यो उपेक्षा भनेको ठूलो मानसिक शक्तिलाई भनेको हो। यो शक्ति बलियो हुनेलाई कसैले डेग चलाउन सक्दैन। किनभने उसले सुख र दुःख दुवैलाई नजिकै गएर निकै दरिलो गरी हेर्ने हुनाले, ती सुख र दुःखलाई राम्रैसंग जानिराखेको हुन्छ। तसर्थ त्यो व्यक्ति सुख भएको बेलामा मात्तिने, उफ्रने र दुःख हुँदा आत्तिने, दुःख भयो भनी मनमा दुःख मान्ने, र मन खिन्न गर्ने हुँदैन, धैर्यवान् भएर सबै आ–आफ्ना संस्कारका प्रभावले नै सत्त्व प्राणीहरू विभिन्न रूपरेखामा गई प्रकट हुन्छन् भनी आफ्नो मनलाई सन्तुलनमा राख्छ। यसैलाई उपेक्षा भनेको हो। यी चार प्रकारका मैत्री, करुणा, मुदिता र उपेक्षा ब्रह्मविहाररूपी शुद्ध स्वभावधर्म हुन्। त्यस्तै यसका प्रतिपक्षीय धर्म पनि छन्। ती प्रत्यनीक धर्मबाट विमुक्त भई रहन यो ब्रह्मविहार भावना बलियो गर्नुपर्ने हुन्छ। यसले गर्दा ती विरोधी धर्मलाई बगाइदिने हुनाले त्यसलाई विमुक्ति भनेको हो।

यहाँ विरोधी धर्म भनेको के हो भने मैत्रीको विरोधी द्वेष हो, करुणाको विरोधी शोक हो, मुदिताको विरोधी ईर्ष्या र उपेक्षाको विरोधी उद्धच्च कुकुच्च हो। यसलाई नै प्रत्यनीक धर्म भन्ने हो।

*"आसेवमानो"* भनी यी मैत्री आदि भावनाले कहाँसम्म पुग्छ भने मैत्री, करुणा मुदिताले तृतीयध्यानसम्म लाभ हुन्छ, पञ्चकनय अनुसार भए चतुर्थध्यानसम्म लाभ हुन्छ। उपेक्षा भावनाले मात्र पञ्चकनय अनुसार पञ्चमध्यान र चतुक्कनय अनुसार



Downloaded from http://dhamma.digital

चतुर्थध्यानसम्म लाभ हुन्छ । यसलाई बारम्बार सेवन गरेर, भाविता गरेर, अभ्यास गर्दा मैत्री राख्दै करुणा राख्दै, त्यसपछि मुदिता भावना गरेर, त्यहाँबाट पनि माथि गएर उपेक्षा भावना गर्दै लैजाँदा सबै लोकमा, दश दिशामा पनि सबै प्राणीहरूसंग विरोधी नभइकन मैत्री आदि भावनाद्वारा सबैको अनुकूल भई, मित्रतापूर्ण भई, सजिलैसंग मिलजुल गरी बाँच्न सकिन्छ । विस्तारपूर्वक मैत्री कथा हेर्ने इच्छा भए (अट्ठसालिनी धम्मसङ्गह अट्ठकथा २६१) हेर्नुपर्छ । अरु सबै माथि बताइआएको जस्तै हो भनी जान्नुपर्छ ।

अप्पमञ्ञागाथा वर्णन समाप्त भयो ।

................

(३९)

*"रागं च दोसं च पहाय मोहं"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– राजगृह नगरमा मातङ्ग नामक एउटा प्रत्येकबुद्ध यस भद्रकल्पमा उत्पन्न हुने पहिलो सम्यक्सम्बुद्ध उत्पन्न हुनुभन्दा अगाडि, पहिलेका प्रत्येकबुद्धहरू भन्दा सबभन्दा पछिल्लो प्रत्येकबोधिसत्त्व भई उत्पन्न हुनुभएको थियो । त्यसबेला गौतमबुद्ध हुने बोधिसत्त्व उत्पन्न हुँदा देवताहरूले बोधिसत्त्वलाई पूजागर्न जाँदा देवताहरूले "मारिस, लोकमा बुद्ध उत्पन्न हुनुभयो, लोकमा बुद्ध उत्पन्न हुनुभयो" भनी बोधिसत्त्वलाई देखी घोषणा गरे । त्यसबेला प्रत्येकबुद्ध निरोध समापत्तिबाट उठ्नुभएको थियो । उहाँले यो घोषणा सुनेर आफ्नो आयु क्षय भएको देखी हिमालयमा महाप्रपात भन्ने पर्वतमा प्रत्येकबुद्धहरू परिनिर्वाण हुने ठाउँमा आकाशमार्गबाट गई उनीभन्दा पहिले परिनिर्वाण हुनुहुने प्रत्येकबुद्धको अस्तिधातुलाई



Downloaded from http://dhamma.digital

त्यस ठाउँमा प्रतिस्थापित गरी शिलामा बसेर यो गाथा उदान प्रकट गर्नु भएको हो। यहाँ सम्झनु पर्ने एउटा कुरा के भने सम्यक्सम्बुद्ध उत्पन्न हुने बेलामा प्रत्येकबुद्धहरू रहँदैनन्।

**"रागञ्च दोसञ्च पहाय मोहं,**
**सन्दालयित्वान संयोजनानि।**
**असन्तसं जीवितसंखयम्हि,**
**एको चरे खग्गविसाणकप्पो" ॥४०॥**

अर्थ– राग, द्वेष तथा मोहलाई प्रहाण गरी बन्धनलाई फुटालेर, मृत्युदेखि पनि नडराई गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ ***"राग दोस मोह"*** भनी लोभ द्वेष मोहलाई भनेको हो। ***"संयोजन"*** भनी दशवटा संयोजनलाई भनेको हो। यसलाई ती ती मार्गले छिनालेर जीवन अलग हुने बेलाको च्युतिचित्त देखेर त्रास मान्नु नपर्ने ***"जीवित संखय"*** अनुसार संयोजनहरू छिनालेर सउपादिशेष निर्वाणधातुलाई हेरी, प्राप्त गरी यो गाथा उदान प्रकट गरी गाथाको अवसानमा प्रत्येकबुद्ध अनुपादिशेष निर्वाणधातुमा प्राप्त भई परिनिर्वाण हुनुभएको थियो।

यहाँ हामीलाई छोड्न नसकिने गरी बाँधिराख्ने डोरी जस्तो हाम्रो जीवनलाई बाँधिराख्ने बन्धनलाई नै संयोजन भनेको हो। ती संयोजनलाई श्रोतापत्ति मार्गज्ञानले सत्कायदृष्टि, शंका र शीलव्रत परामर्शलाई छिनाली दिन्छ। सकृदागामी मार्गज्ञानले कामराग, व्यापादलाई शिथिल गर्ने र अनागामी मार्गज्ञानले यसलाई जरै समेत उखेलि दिन्छ। अर्हत् मार्गज्ञानले रूपराग, अरूपराग, मान, उद्धच्च र अविद्यालाई समूल नाश गरेर उद्धंभागीय भनेको रूप ब्रह्मलोक र अरूप ब्रह्मलोकमा सम्बन्ध राख्न सक्नेलाई छिनाल्छ।



Downloaded from http://dhamma.digital

जबसम्म अविद्या र तृष्णालाई हटाउन सकिँदैन तबसम्म संसारको माथिल्लो टुप्पोको जोर्नी निर्मूल गरी छिनाल्न सकिन्न। त्यस्तै जबसम्म दश प्रकारका संयोजन छिनाल्न सकिँदैन तबसम्म मृत्युदेखि डराउनु पर्ने त्रास भइरहन्छ। जब यसलाई छिनालिन्छ तबमात्र त्यो त्रास रहँदैन।

उक्त प्रत्येकबुद्ध यसरी नै राग द्वेष मोहलाई र दश प्रकारका संयोजनलाई छिनालेर मृत्युदेखि त्रास मान्नु नपर्ने गरी गैंडा जस्तै एउटा मात्र सिङ भए जस्तै एक्लै भएर प्रत्येकबुद्ध हुनुभएको हो। यो गाथाको अवसानमा उहाँ अनुपादिशेष निर्वाण हुनुभयो।

जीवित संखय गाथा वर्णन समाप्त भयो।

.................

(४०)

*"भवन्ति सेवन्ति च कारणत्था"* भन्ने यस गाथाको उत्पत्तिको कारण के हो भने– वाराणसीमा एउटा राजा निकै समृद्ध राज्य संचालन गरिरहेको थिए। यसरी समृद्धशाली भई धर्मानुसार राज्य गरिरहेका राजालाई एकदिन सारै कडा रोग लागी निकै दुःख पाए। राजदरवारमा भएका बीसहजार स्त्रीहरूले राजाका हात गोडा जिउ मिच्दै सेवा गरे। त्यस्तो बखतमा अमात्यहरूले विचार गरे "अब यी राजा अवश्य मर्ने भए, यिनबाट हाम्रो कुनै उपकार हुने भएन। त्यसकारण आफ्ना अनुकूल अर्को राजाको सेवा गर्न जानुपर्‍यो" भनी अर्को राजाकहाँ गएर प्रार्थना गरी सेवागर्नगए। परन्तु त्यहाँ पनि ती अमात्यहरूलाई विशेष लाभ भएन। यता राजा रोगबाट मुक्त भएपछि ती अमात्यहरूलाई नदेखी त्यहाँ भएकाहरूसंग सोध्दा तिनीहरूको सबै हाल सुनेर केही नभनी टाउको मात्र हल्लाए। ती अमात्यहरू पनि राजा स्वस्थ भएको खबर सुनी त्यहाँ कुनै विशेष



Downloaded from http://dhamma.digital

लाभ नभएकोले फेरि फर्केर उनै राजालाई वन्दना गरी उभिए। राजाले तिनीहरूलाई तिमीहरू कहाँ गएका थियौ भनी सोधे। तिनीहरूले महाराज, तपाईं दुर्बल हुनुभएकोले हामीलाई कुनै लाभ हुदैन भनी डराई फलानो जनपदमा गएका हौं भनी बताए। राजाले पनि केही नबोलिकन टाउको मात्र हल्लाई विचार गरे "यिनीहरूलाई अहिले मैले केही गर्दिन, फेरि परीक्षा गरी हेर्छु भनी राजा फेरि रोगी भएजस्तै गरी निकै कष्ट भएको जस्तो भान पारी अस्वस्थ भएजस्तै देखाए। स्त्रीहरूले पनि पहिले जस्तै हेर विचार गरेर देखाए। ती अमात्यहरूले पहिले जस्तै विचार गरी धेरै मानिसहरू लिएर निस्के। यस्तै प्रकारले राजाले तीन पटकसम्म पहिले जस्तै रोगी भएको भान पारी अस्वस्थता देखाए। उनीहरू पनि त्यस्तै गरी जाँदै स्वस्थ भएपछि फर्कंदै आउँदै गरे। चौथो पटक पनि तिनीहरू फर्केको देखेर "अहो, यिनीहरू त म अस्वस्थ भएको बेलामा मलाई वास्ता नगरी आफ्नै अर्थलाई मात्र हेरी स्वार्थी भए, त्यसकारण यिनीहरूको तर्फबाट आफूलाई भय उत्पत्ति हुन्छ" भन्ने देखी राज्यलाई त्याग गरी, वैराग्य उत्पन्न गरी, प्रव्रजित भई, विपस्सना वृद्धि गरी प्रत्येकबोधित्व साक्षात्कार गरी यो उदान गाथा पढ्नुभएको हो।

**"भजन्ति सेवन्ति च कारणत्था,**
**निक्कारणा दुल्लभा अज्ज मित्ता।**
**अत्तट्ठपञ्ञा असुची मनुस्सा,**
**एको चरे खग्गविसाणकप्पो" ॥४१॥**

अर्थ– साथीहरूले स्वार्थको कारणले साथ दिने हुन्, आज भोलि निःस्वार्थी मित्रहरू दुर्लभ छन्, धेरैजसो मानिसहरू स्वार्थी, दुर्बुद्धि र अशुद्ध छन्। तसर्थ गैंडा जस्तै एक्लै विचरण गर।

यहाँ ***"भजन्ति"*** भनी संसारमा मानिसहरूले नजिक नजिक आएर शरीरद्वारा सेवा गर्नेलाई भनेको हो। ***"सेवन्ति"*** भनी हात जोडी आफ्नो अर्थसिद्ध गर्नको निम्ति गर्ने सेवा चाकरीलाई भनेको



Downloaded from http://dhamma.digital

हो। यहाँ आफूलाई हित सुख तुल्याउनुको निम्ति मात्र, त्यसको कारणले मात्र भज्ने, सेवागर्ने, अर्को कारण नभएकोलाई अर्थहितको निम्ति भनेको हो। त्यसरी अर्थहित आदि कुनै कामना नराखी सेवा गर्ने, भज्ने मित्रहरू निकै दुर्लभ हुने हुनाले *"निक्कारणा दुल्लभा अज्ज मित्ता"* भनेको हो। त्यसैले भनिएको छ–

**"उपकारो च यो मित्तो,**
**सुखे दुक्खे च यो सखा।**
**अत्थक्खायी च यो मित्तो,**
**यो च मित्तानुकम्पको"॥४२॥**

अर्थ– जो उपकार गर्छ त्यसलाई मित्र भन्छ, जुन सुख र दुःखमा सरिक हुने हुन्छ यस्तोलाई साथी भनिन्छ। जो अर्थ कल्याण गर्छ त्यसलाई मित्र र जो अनुकम्पा राख्छ त्यो मित्र हुन्छ।

यसरी आर्य मित्रभावले सम्पन्न भएका मित्रहरू यहाँ दुर्लभ छन्, यस्ताले आफूलाई मात्र कल्याण हुने, हित हुने, सुख हुने बाटो हेरिरहन्छ, तसर्थ यस्ता सबैलाई त्याग गरी जानुपर्छ।

साँच्चैका मित्र कस्ता हुन्छन् भने "उपकार गर्ने, दुःख भएपनि सुख भएपनि सधै आफूसंग हुने, अर्थहित हुने सुझाव, ज्ञान र बुद्धि दिने तथा अनुकम्पा राख्ने यस्ता चार प्रकारका मित्रहरू भए मात्र सेवन र भजन गर्न योग्य हुन्छ। नत्र भने त्यस्ता आचरण शुद्ध नभएका, कायिक र वाचिक शुद्ध नभएकालाई, अशुचि भनी जानी तिनीहरूलाई त्याग गर्नुपर्छ। त्यस्ता स्वार्थीहरूको समूहमा बस्नु भन्दा गैंडाको एउटा मात्र सिङ जस्तै एक्लै विचरण गरी, विपस्सना बृद्धि गरी, उहाँहरूले जस्तै निर्वाण साक्षात्कार गर्नुपर्छ भन्ने यस गाथाद्वारा हामीलाई प्रेरणा दिइएको छ।

कारणत्थगाथा वर्णन समाप्त भयो।

सुत्तनिपात अट्ठकथाको खग्गविसाणसूत्र वर्णन समाप्त भयो।



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# धर्मरत्न शाक्य "त्रिशुली" को अन्य प्रकाशित पुस्तकहरू:-

## नेपाल भाषा

१. बुद्धोपदेशित सार संग्रह,
२. चैत्य वन्दना,
३. खुद्दक पाठ (अर्थ सहित),
४. चरिया पिटक,
५. अंगुलिमाल व वया पूर्वकथा,
६. उदान,
७. विपश्यना ध्यान निर्देश (पद्य),
८. धात्थेंगु बुद्ध वन्दना,
९. भीगु बाजा भीगु संस्कृति (ग्वारा संग्रह),
१०. नमस्कार गाथा,
११. श्रामणेर विजय,
१२. माँ बौया सेवा,
१३. देवधम्म जातक (निको),
१४. सुत्तनिपातपारायण वर्ग,
१५. विश्वन्तर नाटक,
१६. प्रचलित दान गाथा (निको),
१७. हिरण्यवर्ण महाविहार संक्षिप्त परिचय,
१८. स्वस्ति वाक्य व मङ्गलाष्टक,
१९. असारपुन्हि छगू लुमन्ति,
२०. सतिपट्ठान अन्तरमुखी ध्यान,
२१. भीगु भाषा शास्त्रीय संगीत,
२२. बौद्ध दर्शनया विकास,
२३. कर्म व उकिया विपाक,
२४. Golden Temple (क्वा:बाहा:),
२५. मध्यममार्ग व सतिपट्ठान देशना,
२६. उपासक परिहानी तथा सद्धर्म चिरस्थायी मज्वीगु कारण,
२७. स्वाक्खात गुण धर्म देशना,
२८. चतुरारक्ख भावना,
२९. शील समाधि प्रज्ञाया सारांश,
३०. भीगु बाजा भीगु संस्कृति निगूगु भाग- (राग, धा:, खिं, नायखिं, दम: खिंया न्हेगु ताल),
३१. धम्मुद्देस देशना,
३२. जिमिगु म्यानमार (वर्मा) यात्राया संक्षिप्त संस्मरण,
३३. भीगु बाजा भीगु संस्कृति स्वंगूगु भाग- (डबडब बाजाया परिचय व उकिया न्हेगू तालया बोल),
३४. विमानवत्थु,
३५. अङ्गुत्तर निकाय प्रथम भाग,
३६. सुत्तनिपात अट्ठकथाया खग्गविसाण सूत्र वर्णन,
३७. भीगु बाजा भीगु संस्कृति प्यंगूगु भाग- (मृदङ्गया विभिन्न ताल),
३८. भीगु बाजा भीगु संस्कृति न्यागूगु भाग- (न्यकूबाजा, नगडा व द:बाजाया न्हेगु तालया बोल),
३९. भीगु बाजा भीगु संस्कृति खुगूगु भाग- (न्यकूबाजाया शब्द व बोल)

## नेपाली भाषा

१. परित्राण (अर्थ सहित),
२. छछक्क सूत्र,
३. तीन सूत्र,
४. बुद्धशासनको इतिहास,
५. त्रिशुली बजारको संक्षिप्त परिचय,
६. गार्हश्थ धर्म,
७. विश्वन्तर जातक,
८. परित्राण पाँचौं संस्करण,
९. ज्ञानमाला भजन संग्रह,
१०. विपश्यना ध्यान निर्देश (पद्य),
११. अंगुलिमाल पूर्णाङ्की नाटक,
१२. उदान,
१३. मङ्गल र पराभव,
१४. स्तुति तथा भजन संग्रह,
१५. आमा बाबुको सेवा,
१६. बौद्ध संस्कार पद्धति,
१७. त्रिरत्न वन्दना,
१८. शाक्यराजधानी कपिलवस्तु,
१९. धर्मचक्र सूत्र (अर्थ सहित),
२०. जातक माला,
२१. परित्राण सातौं संस्करण-(शब्दार्थ सहित),
२२. विश्वमा बुद्धधर्म,
२३. पच्चय उद्देस निद्देस पट्ठान (पालि अर्थसहित),
२४. चतुरार्यसत्य स्मृतिप्रस्थान र सप्तत्रिंस बोधिपक्षिक धर्मको संक्षिप्त परिचय,
२५. धम्मपदट्ठकथा (दोश्रो),
२६. श्रामणेर विनय,
२७. परित्राण (एघारौं संस्करण),
२८. धम्मपदट्ठकथा तेश्रो भाग,
२९. अभिधम्मत्थसङ्गहो,
३०. त्रिशुलीमा बुद्धधर्मको विस्तार
३१. सुत्तनिपात अट्ठकथाको खग्गविसाण सुत्र (तपाईंको हातमा)

Downloaded from http://dhamma.digital